वेदान्ततत्त्वसारः

लेखक

श्री श्रीनिवास आचार्य

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

वेदान्ततत्त्वसारः

लेखक

श्री श्रीनिवास आचार्य

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

प्रकाशक—
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
कमलादी, काठमाडौं ।

प्रथम संस्करण २०३३

मूल्य- ३।०५

मुद्रक-
प्रज्ञा-मुद्रण
ने. रा. प्र. प्र., कमलादी, काठमाडौं ।



श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव
संरक्षक
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान



२०१४ साल आषाढ ९ गतेका दिन स्थापना भएको नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान सो समयदेखि नै साहित्य, संस्कृति, कला आदिको क्षेत्रमा कार्य गर्दै आएको छ । यसका जन्मदाता स्वनामधन्य स्वर्गीय श्री ५ महेन्द्रबाट हुकुम भएअनुसार यसको मूल उद्देश्य– 'देशको मौलिक परम्परालाई युगानुकूल बाटोमा अग्रसर गराउनु'– नै हो ।

राष्ट्रनायक श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेवका कृपापूर्ण संरक्षकत्वमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले २०३१ साल वैशाख १ गतेदेखि नवीन व्यवस्थाअनुसार कार्य गर्न प्रारम्भ गरेको छ । यसअनुसार प्रज्ञा-प्रतिष्ठानको उद्देश्य तथा कार्यक्रम अधिक व्यापक तथा गंभीर तुल्याइएको छ ।

विविध विषयका आधिकारिक सृजनात्मक ग्रन्थको प्रकाशन, अनुसन्धानात्मक कार्य, नेपाली संस्कृतिका आधारभूत कुराहरूको खोजी तथा साहित्य, संगीत औ कलाका क्षेत्रमा राष्ट्रियताको विकास हुने कार्यको संचालनद्वारा यसले प्रगतिशील नेपाली राष्ट्रसुहाउँदो कार्य द्रुतता औ गंभीरताका साथ गर्ने चेष्टा गर्नेछ ।

देश-देशान्तरमा नेपाली राष्ट्रको गौरव तथा प्रगतिशीलताको सौरभ फिंजाउन प्रज्ञा-प्रतिष्ठानले सबैको सहयोग पाउने आशा गरेको छ ।

वैशाख २०३१:

सूर्यविक्रम ज्ञवाली
कुलपति
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

मन्तव्य

आचार्य श्री रामानुज सम्प्रदायको "वेदान्ततत्त्वसारः" नामक पुस्तकको अनुवाद नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित भएको छ । यसका अनुवादक श्री श्रीनिवास आचार्य हुनुहुन्छ । यस पुस्तकमा विशिष्टाद्वैतको मत प्रतिपादन भएको पाइन्छ तथा केवल ब्रह्ममात्र सत्य हो, जगत् मिथ्या हो भन्ने वेदान्तीहरूको भनाइलाई मात्र सत्य नमानी आफ्ना आफ्ना स्थानमा दुवै सत्य छन् भन्ने विशिष्टाद्वैत-दर्शनको मत भएको हुनाले यस पुस्तकको अध्ययनद्वारा वैष्णव धर्मावलम्वी र अन्य दर्शनसम्बन्धी अन्वेषण गर्नेहरूका लागि लाभान्वित सिद्ध होला भन्ने आशा छ ।

पुस्तकका अनुवादकले धेरै परिश्रम गरी प्रशंसनीय काम गर्नुभएकोमा उहाँलाई हाम्रो हार्दिक धन्यवाद छ ।

७–३–२०३३
प्रज्ञा-भवन
कमलादी, काठमाडौं ।

लैनसिंह बाङ्देल
उप-कुलपति
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

भूमिका

यो संसार भगवान्‌को लीलाभूमि हुनाले यहाँ पण्डितहरूमा जो बुद्धिवैचित्र्य देखिन्छ यसको कारण भगवान्‌को लीला हो भन्नुपर्‍यो । यस बुद्धि-वैचित्र्यअनुसार विभिन्न मतवादको सृष्टि भएको छ । नेपाल अधिराज्यका अधिकांश विद्वान्‌हरू वेदान्त भन्दा शङ्कराचार्यद्वारा प्रवर्तित निर्विशेष अद्‌वैतवादलाई सम्झन्छन् । वेदान्तको यस मतभन्दा धेरै प्रबल मतहरू छन् यो विरलै विद्वान्‌हरूलाई थाहा छ । वेदका दुई विभाग छन्— एउटा ज्ञानभाग र अर्को कर्मभाग । यी भागहरू वेदोक्त विषयहरूका आलोचनात्मक ग्रन्थ हुनाले दुइटैको नाम मीमांसा हो। कर्मभागलाई पूर्वमीमांसा र ज्ञानभागलाई उत्तरीमीमांसा भन्दछन् । व्यासजीले आफ्नो शिष्य जैमिनि ऋषिद्वारा पूर्वमीमांसा लेखाएर स्वयं उत्तरमीमांसा लेख्नुभयो । उहाँले सूत्ररूपले उत्तरमीमांसा लेख्नुभएको हुनाले उत्तरमीमांसालाई ब्रह्मसूत्र पनि

भन्दछन् । हामीहरू जसलाई साधारणतः ऋक्, साम, यजुः र अथर्व वेद भन्दछौं ती वेदहरू वेदको कर्मभाग हुन् । उपनिषद्-हरू वेदको ज्ञानभाग हुन् । वेदोक्त यज्ञादि कर्महरू सकाम भागले गर्दा पुण्यको हेतु हुन्छन् किन्तु भगवान्को प्रसन्नताद्वारा मोक्षको उपाय सम्झेर अरू सबै फलाशा छोडेर गर्दा ती कर्महरू मोक्षप्राप्तिका उपाय हुन्छन् । यसको प्रमाण गीतामा छ यथा "अहं हि सर्वयज्ञानां भोक्ता च प्रभुरेव च"—सबै यज्ञहरूका भोक्ता (स्वीकार गर्ने) र प्रभु (फलदाता) मै हुँ । "यज्ञार्थात् कर्मणोऽन्यत्र लोकोऽयं कर्मबन्धनः । तदर्थं कर्म कौन्तेय मुक्तसंगः समाचार" —यज्ञको अंग सम्झेर (द्रव्यार्जनादि) कर्म बाहेक अरू कर्मद्वारा बन्धन हुन्छ । त्यस कारण हे अर्जुन तिमी यज्ञको अंगरूप कर्म निष्काम भावले गर, कर्म गर्न नछोड । त्यस कारण निष्काम भाव होस् अथवा सकाम भाव होस् सबै यज्ञहरू जीवात्माको आराध्य परब्रह्मको आराधना हुन् । यस विचारले यज्ञादि कर्म-प्रतिपादक वेदहरू वेदको कर्मभाग हो । उपनिषद्मा आराध्य परब्रह्मको स्वरूप, रूप, गुण इत्यादि विषय र उपासनाको वर्णन हुनाले उपनिषद्हरू वेदको ज्ञानभाग हुन् । वेदान्तका सबै आचार्य-हरूको जन्म दक्षिण भारतमा भएको थियो । शङ्कराचार्यको जन्म केरल देशमा र श्री रामानुजाचार्यको जन्म मद्रास शहरको नजीक श्रीभूतपुरीनामक पौराणिक तीर्थस्थानमा भएको थियो । शङ्कराचार्य शिवको अवतार र श्री रामानुजाचार्य शेष-नागको अवतार हुनुहुन्थ्यो । कर्णाटक देशको जैन राजालाई विष्णुदीक्षा दिएर श्री रामानुजाचार्यले उनै राजालाई वैष्णव

बनाएर उहाँको विष्णुवर्धन भन्ने नाम राख्दा दश हजार जैन विद्वान्हरूले श्री रामानुजाचार्यसँग तर्क गर्न उहाँलाई घेरे । श्री रामानुजाचार्यले भन्नुभयो कि म पर्दाभित्र बसेर सबैसँग तर्क गरुँला । तब विष्णुवर्धन राजाले त्यस्तै बन्दोबस्त गर्नुभयो । श्री रामानुजाचार्यले पर्दाभित्रबाट दश हजार जैनहरूसँग शास्त्रार्थ आरम्भ गर्नुभयो । श्री रामानुजाचार्यले हजार फणा भएको विशाल शेषनागको रूप धारण गरेर सबैसँग शास्त्रार्थ गर्न लाग्नुभयो । जैनहरू शेषरूपधारी श्री रामानुजाचार्यसँग शास्त्रार्थमा सबका सबले हारे । एक जनाले दश हजार व्यक्तिहरूसँग कसरी शास्त्रार्थ गर्नुहुन्छ, यो त असम्भव घटना हो भन्ने सम्झी राजाले पर्दालाई अलिकति उठाएर हेर्दा उहाँले विशाल शेषनागको दर्शन गरेर डराएर तत्क्षणात् शास्त्रार्थ बन्द गर्नुभयो । तब धेरै जैनहरू श्री रामानुजाचार्यका शिष्य भए, धेरै भागेर अर्कै राज्यमा गएर बसे । कति जना अज्ञ हठ गरेर शास्त्रार्थ गर्न तयार भए, तब राजालाई सहन भएन । यो एक ऐतिहासिक घटना हो ।

श्री रामानुजाचार्यको जन्मकालमा शंकराचार्यको निर्विशेष अद्वैतवाद सारा भारतमा फैलिएर बद्धमूल भइसकेको थियो । यद्यपि श्री रामानुजाचार्यभन्दा धेरै अगाडि योगिराज श्रीनाथमुनि, र महामुनि श्रीयामुना प्रभृति वैष्णव आचार्यहरूले निर्विशेष अद्वैतवादलाई प्रौढ ग्रन्थ लेखेर खण्डन गर्नुभयो तथापि तिनीहरूका खण्डनको विशेष प्रचार भएन । ती ग्रन्थहरू साह्रै प्रौढ भए तापनि अत्यन्त संक्षिप्त थिए । निर्विशेष अद्वैतवादमा

ज्ञानकै प्राधान्य छ । अद्वैतमतानुसार भक्ति पनि अज्ञान हो, भक्तिद्वारा मोक्ष पाइँदैन, तत्त्वमसि, अहं ब्रह्मास्मि इत्यादि शास्त्रद्वारा जीव र ब्रह्मका अभेदप्रतिपादित अभेद-ज्ञानद्वारा मोक्ष पाइन्छ । शास्त्रअनुसार परब्रह्म पुरुषोत्तम नारायणको दिव्य, अप्राकृत, योगिध्येय, भक्तहरूको उपास्य, शुभाश्रय नामले प्रसिद्ध, दिव्य सौन्दर्य, लावण्य, यौवन आदि गुणयुक्त रूप छ, उहाँका श्रीदेवी, भूदेवी, नीला देवी प्रभृति महिषीवर्ग, दासको रूपले अनन्त, गरुड, विष्वक्सेन, नन्द सुनन्द प्रभृति असंख्य परिजन र परिचारिकाहरू आनन्द गर्नलाई सृष्टि-संहाररहित, वैकुण्ठ, परमपद, त्रिपादविभूति इत्यादि नामले प्रसिद्ध नित्यधाम, शासन गर्नलाई अनन्त कोटि ब्रह्माण्डहरू र सौशील्य, वात्सल्य, क्षमा, दया, माधुर्य इत्यादि अनन्त कल्याणगुणहरू पनि छन् । तापनि निराकार निर्गुण ब्रह्म बाहेक बाँकी सबै मिथ्या हुन् भन्ने शङ्कराचार्यको मत हुनाले कुनै सर्वगुणसम्पन्न, रूपवान्, बलिष्ठ राजालाई उहाँको महिषी र कुमारहरूदेखि बिछोड गराएर उहाँको मुकुट, राजगद्दी, पोशाक इत्यादि खोसेर, उहाँलाई नांगो पारेर राज्यबाट निकालिदिंदा उहाँको जुन हालत हुन्छ शङ्कराचार्यले परब्रह्मको त्यै हालत गर्नुभयो । त्यस कारण परब्रह्मलाई आफ्नो यथार्थ रूपमा प्रतिष्ठित गर्न परब्रह्म नारायणले आफ्नो प्रधान नित्यपार्षद शेषनागलाई श्री रामानुजाचार्यको रूपले संसारमा पठाइबक्स्यो । प्रधान मल्ल-न्यायअनुसार निर्विशेष अद्वैतवाद खण्डित भयो भने अरू मतहरू त्यसै परास्त भइहाल्दछन् भन्ने विचारले श्री रामानुजाचार्य विशिष्टाद्वैत भन्ने

मतको प्रवर्तन गरेर निर्विशेष अद्वैतमतको खण्डनमा सचेष्ट हुनुभयो । विशिष्टाद्वैतवादको ज्ञान राम्ररी आर्जन गरिसकेपछि निर्विशेष अद्वैतवादको दुर्बलता विशद् रूपले जानिन्छ । यी दुई मतहरू दिवारात्रि जस्तै परस्पर सम्पूर्ण विपरीत हुन् । मतहरूका भिन्नत्व अनादि कालदेखि छ र अनादि कालसम्म रहनेछ । यी विभिन्न मतहरूलाई लोप गराएर एकमतवादको प्रवर्तन गराउने शक्ति केवल परमात्माको छ । वेदान्त-तत्त्वसार भन्ने तमिळ अक्षरमा लिखित यो ग्रन्थ दक्षिण भारतमा थियो । अब वहाँ पनि अप्राप्य भइसक्यो । यस ग्रन्थलाई मैले दक्षिण भारत गएर ल्याएँ । नेपाली-भाषामा अनुवाद गरेर प्रकाशित गर्दा नेपाली विद्वान्हरूलाई पनि श्री रामानुजाचार्यद्वारा प्रवर्तित विशिष्टाद्वैतवादको ज्ञान हुनेछ भन्ने विचारले मैले अनुवाद गरेर प्रकाशित गरें । अद्वैत वा अद्वितीय शब्द ब्रह्मको अन्यतम नाम हो । उहाँ अद्वितीय पण्डित हुनुहुन्छ भन्दा उहाँको स्त्री, पुत्र, आत्मीयवर्ग, शरीर, गुण अथवा धन-सम्पत्ति केही छैन भन्ने बुझिंदैन किन्तु विद्याले उहाँको समान पण्डित अर्को कोही छैन भन्ने बुझिन्छ। त्यस्तै स्व-रूप, रूप, गुण, विभूति आदिले ब्रह्मको समान कोही नहुनाले ब्रह्म अद्वितीय हुनुहुन्छ । ब्रह्म बाहेक जड चेतन पदार्थहरू सबै ब्रह्मका शरीर तथा ब्रह्म सबैका अन्तर्यामी आत्मा हुनुहुन्छ, यसको विस्तृत वर्णन कति वटा उपनिषद्हरूमा छन् । त्यस कारण ब्रह्म सदा सर्वदा जड-चेतनरूपी शरीरविशिष्ट हुनुहुन्छ । यस विचारले श्री रामानुजाचार्यले आफ्नो मतको नाम विशिष्टाद्वैत राख्नु-

भयो । भारतको सुप्रसिद्ध वेदान्तिशिरोमणि सर्वतन्त्रस्वतन्त्र श्री वेदान्तदेशिक स्वामीले यतिराजसप्ततिको एक श्लोकमा यस्तो लेख्नुभयो– "गाथा ताथागतानां गलति गमनिका कापिली क्वापि लीना क्षीणा काणादवाणी द्रुहिणहरगिरःसौरभं नारभन्ते । क्षामा कौमारिलोक्तिर्जगतिगुरुमतं गौरवाद् दूरवान्तं का शंका शङ्करादेर्भजति यतिपतौ भद्रवेदीं त्रिवेदीम्"– भगवान् यतिराज श्रीरामानुजाचार्य तीन वेदरूपी भद्रवेदीमा राज भएर प्रवचन गर्दा बौद्धहरूको गाथा समाप्त भयो, कपिलको शैली कहीं लुक्यो, कणादको वाणी क्षीण भयो, ब्रह्माद्वारा प्रवर्तित योगशास्त्र र शिवजीको पाशुपत मतबाट सुगन्ध आएन, कुमारिलको उक्ति दुर्बल भयो, तथा प्रभाकरको मत आफ्नो गौरवरक्षाका लागि टाढाबाट अदृश्य भयो । तब अर्वाचीन शंकर प्रभृतिका शंका नै के रह्यो र।

यद्यपि दार्शनिक मतहरूका संख्या र यिनीहरूका पारस्परिक भेद धेरै छन् तापनि यस्ता गम्भीर मतहरूको सृष्टि हुनु म पुण्यभूमि आर्यावर्तको महान् गौरव सम्झन्छु । एउटा उखान छ– Where western philosophy ends there begins Indian philosophy। अरू आचार्यहरूभन्दा श्री रामानुजाचार्यको तर्क-प्रणाली अधिक जटिल छ । उहाँको श्रीभाष्य भन्ने वेदान्तभाष्यको आलोचना गर्दा नेपाली विद्वान्-हरूको ज्ञानतृष्णा अनेक परिमाणले शान्त हुनेछ भन्ने आशा गर्दछु । सबै मतहरूको पूर्वपक्ष र उत्तरपक्ष भन्ने दुइटा पक्ष हुन्छन्, आफ्नू मतलाई उत्तरपक्ष भन्दछन्, जुन मतलाई खण्डन

गर्नुपर्दछ त्यो विरोधीपक्षलाई पूर्वपक्ष भन्दछन् । दुवै पक्षहरूको ज्ञान भयो भने तब पूर्ण ज्ञान हुन्छ । त्यस कारण मैले यस ग्रन्थमा विभिन्न विषयहरूका पूर्व र उत्तर दुवै पक्ष लेखिदिएँ ।

—श्रीनिवास आचार्य

२०३१
श्रावण पूर्णिमा,
घट्टेकुलो, मैतीदेवी,
डिल्लीबजार, काठमाडौं ।

श्रियै नमः।

श्रीमते रामानुजाय नमः।

श्रीमद्वरवरमुनये नमः।

श्रीवानाद्रियोगिने नमः।

श्रीलोकसारङ्गमहामुनये नमः

वेदान्त-तत्त्वसार

श्रीतोदाद्रिमठस्य २५ तमपीठाधिपतिश्रीमत्परमहंस-
परिव्राजकाचार्योभयवेदान्तप्रतिष्ठापनाचार्य-
त्याद्यसंख्येयविरुदावलीसमलङ्कृतश्रीमत्
कलिजिद्रामानुजयतीन्द्रचरणाश्रितेन
श्रीनिवासाचार्येण अनूदितः।

'सदेव सौम्येदमग्र आसीदेकमेवाद्वितीयम्' (छान्दोग्य उप.) —हे सौम्य, प्रलयकालमा यो जगत् सत्-रूपमा थियो, उनै सद्रूप ब्रह्म एक र अद्वितीय हुनुहुन्छ। यहाँ शंकराचार्यको अनुयायी निर्विशेष–अद्वैतवादीहरू–ब्रह्म सजातीय, विजातीय र स्वगत* भन्ने तीन प्रकारका भेदशून्य ब्रह्म हुनुहुन्छ भन्ने अद्वितीय पदको अर्थ गर्नुहुन्छ। यो अर्थ स्वीकार गर्दा त्यस्तो ब्रह्मद्वारा जगत्को सृष्टि, स्थिति, र संहाररूपी कार्य कसरी सम्भव हुन्छ ?

---

*ब्रह्म जस्तै जीवात्मा पनि चेतन हुनाले जीव ब्रह्मको सजातीय हो, जड वस्तु अचेतन हुनाले जड वस्तु ब्रह्मको

पूर्वपक्ष– ब्रह्मले मायालाई अङ्गीकार गरेर ब्रह्म आफ्नो कार्य गर्नुहुन्छ।

उत्तरपक्ष–अद्‌वैत-मतमा ब्रह्म निर्विशेष ज्ञान मात्र हुनुहुन्छ।

त्यसो भए त्यसमा ब्रह्मलाई मायाको अस्तित्व थाहा छ कि छैन; थाहा छ भने ज्ञान मात्र ब्रह्म कसरी ज्ञाता हुनुभयो; थाहा छैन भने ब्रह्मलाई अज्ञ भन्नुपर्‍यो। त्यस्तो हुनाले अज्ञ ब्रह्मले कसरी मायालाई अङ्गीकार गर्नुभयो।

पूर्वपक्ष– ब्रह्मले यत्किञ्चित् शक्तिद्वारा जगत्-रचना गर्नुभयो।

उत्तरपक्ष– जगत्-रचना गर्ने चाहिने शक्ति ब्रह्ममा थियो भन्ने स्वीकार गर्नुपर्दछ र त्यसो स्वीकार गर्दा ब्रह्मको निर्विशेषत्वको हानि भएर उहाँलाई सविशेष (सगुण) भन्नुपर्‍यो।

प्रश्न–ब्रह्मले मायालाई अङ्गीकार गर्नुभयो भन्नुहुन्छ भने त्यस बखत ब्रह्म मायादेखि भिन्न भएर अलग रहनुहुन्थ्यो

विजातीय हो। अद्‌वैत-मतमा जीव, जड वस्तु र ब्रह्मको स्वगत अर्थात् ब्रह्ममा रहने उहाँका कल्याणगुणहरू मिथ्या हुनाले ब्रह्मसँग जीव, जड वस्तु र उहाँका गुणहरूको भेद छैन। त्यस कारण ब्रह्म सजातीय, विजातीय र स्वगत भेद-रहित हुनुहुन्छ। "वृक्षस्य स्वगतो भेदः पत्रपुष्पफलादिभिः। वृक्षान्तरात् सजातीयो विजातीयः शिलादितः॥"— वृक्षसँग

कि अभिन्न भएर मायात्मक रूपले रहनुहुन्थ्यो ।

ब्रह्म मायादेखि भिन्न भएर अलग रहनुहुन्थ्यो भने ब्रह्मलाई सर्वव्यापक भन्नु हुँदैन ब्रह्मको सर्वव्यापकत्व (अनन्तत्व) को हानि हुनेछ। अथवा त्यस बखत मायाको स्वरूपमा ब्रह्म रहनुहुन्थ्यो अर्थात् ब्रह्म मायात्मक हुनुहुन्थ्यो भने ब्रह्मले जगद्रचना गर्न मायालाई अङ्गीकार गर्नुभयो भन्नु निरर्थक भइहाल्दछ र "सत्यं ज्ञानमनन्तं ब्रह्म" ब्रह्मको वेदोक्त यो लक्षणका वचन पनि अर्थहीन हुन्छ। सजातीय र विजातीयदेखि लक्ष्य वस्तुलाई पृथक् रूपले सम्झाउनाका लागि लक्षणको आवश्यकता हुन्छ। किन्तु यहाँ लक्षणको अवकाश नै छैन किनकि अद्वैत-मतानुसार ब्रह्म बाहेक अर्को वस्तु छँदै छैन, अतः ब्रह्ममा अवस्थित धर्म ब्रह्मेतर वस्तुमा कसरी लक्षित हुन सक्तछ ? त्यस कारण अन्य वस्तुदेखि ब्रह्मको भेद सम्झाउन ब्रह्मको लक्षणको अवकाश नै छैन।

त्यसको पत्र, पुष्प, फल आदिको भेद स्वगत भेद हो, अर्को वृक्षसँग त्यसैको भेद सजातीय तथा ढुंगा इत्यादि वस्तुहरूसँग त्यसको भेद विजातीय भेद हो। (पञ्चदशी)।

तैत्तिरीय उपनिषद्का "यतो वा इमानि भूतानि जायन्ते" इत्यादि वचनहरूमा जगत्को सृष्टिस्थितिसंहार-कर्तृत्व ब्रह्मको असाधारण लक्षण हो भनेर उक्त भएको छ। ब्रह्म बाहेक जड चेतनमय जगत् मिथ्या हो भने माथिल्लो ब्रह्मलक्षण निष्प्रयोजन र मिथ्या भइहाल्दछ।

पूर्वपक्ष— अध्यारोप र अपवाद भन्ने दुई न्याय-अनुसार शिष्यलाई सजिलोसँग सम्झाउन मायालाई स्वीकार गरेर सृष्टिको प्रणाली कथित भएको छ नत्र निर्विशेष ज्ञानमात्र ब्रह्मले जगत्-सृष्टि गर्नु असम्भव हो। असर्परूप रज्जुमा जस्तो सर्पको कल्पना गरिन्छ त्यस्तै परमार्थ वस्तुमा अवस्तुको कल्पना गर्नु अध्यारोप हो। सत्य, ज्ञान र आनन्दरूप अद्वितीय ब्रह्म नै परमार्थ वस्तु हुनुहुन्छ। अज्ञानादि यावतीय जड पदार्थ अवस्तु हुन्। अज्ञान सत् हो कि असत् हो भन्ने निर्देशको अयोग्य तथा सत्त्वरजस्तमः यी त्रिगुणात्मक, ज्ञानविरोधी र भावस्वरूप पदार्थविशेष हो, मानिसहरूको 'म अज्ञ हुँ' भन्ने अनुभवद्वारा नै अज्ञानको अस्तित्व जानिन्छ।

उत्तरपक्ष— त्यसो हुनाले अद्‌वैत-मतानुसार जगत् असत् हो भन्ने निर्धारित भएको हुनाले शिष्य, आचार्य र आचार्यद्वारा उपदिष्ट ज्ञान—यी सबै जगत्‌को अन्तर्गत हुनाले यी सबै शिष्यलाई उपदेश दिन कल्पित भएका छन्। यसो भन्न सकिँदैन किन कि कल्पित आचार्यद्वारा उपदेश दिइएको कल्पित ज्ञानद्वारा कल्पित शिष्यको कुन प्रयोजन सिद्ध हुनेछ ? रजतको रूपले दृष्ट भएको शुक्तिलाई कुनै व्यक्तिले त्यसलाई रजत सम्झेर लिन जाँदा त्यसको प्रयत्न जस्तो निष्फल हुन्छ अर्थात् रजत पाइँदैन त्यस्तै अद्‌वैत-मतानुसार निर्विशेषज्ञान-मात्र ब्रह्म बाहेक सबै मिथ्या हुनाले मोक्षलाभको निमित्त पनि श्रवण मनन आदि प्रयत्न पनि अविद्याको कार्य हुनाले निष्फल भइहाल्दछ। मुक्तिलाभको निमित्त चेष्टा कल्पित आचार्यको

अधीन ज्ञानको कार्य हुनाले कल्पित शुक, प्रह्लाद, वामदेव प्रभृतिका चेष्टा जस्तै व्यर्थ हुन्छन् किन्तु "शुको मुक्तः वामदेवो मुक्तः" यस श्रुतिवचनमा शुक, वामदेवको मुक्तिको स्पष्ट उल्लेख छ ।

कारागारमा आवद्ध कुनै व्यक्तिलाई सपनामा कोही कल्पित व्यक्तिले तिमी बन्धनमुक्त भयौ र स्वप्न देख्ने मानिसलाई पनि म बन्धनमुक्त भएँ भन्ने ज्ञान भए तापनि जाग्रत् भएपछि त्यसले आफूलाई बद्ध नै देख्दछ त्यस्तै "तत्त्वमसि", "अयमात्मा ब्रह्म" इत्यादि वाक्यहरूद्वारा उत्पन्न ज्ञान पनि अविद्याकल्पित बाक्यबाट उत्पन्न भएको हुनाले, आफू पनि अविद्यात्मक हुनाले, अविद्याले कल्पित ज्ञानको आश्रय हुनाले तथा कल्पित आचार्यको अधीन श्रवणबाट उत्पन्न हुनाले ती वाक्यहरूद्वारा ज्ञानले बन्धन-नाश हुन सक्तैन ।

पूर्वपक्ष– प्रायः यो देखिन्छ कि सिंह, व्याघ्र इत्यादि भयोत्पादक कल्पित वस्तु सपनामा देखेर मानिस डराएर बिउँझिन्छ, यहाँ मिथ्याज्ञानबाट सत्य, भय र जागरणको उत्पत्ति भयो त्यस्तै कल्पित आचार्य र कल्पित ज्ञानबाट पनि बन्धननाशक सत्यज्ञानको उत्पत्ति हुन सक्तछ ।

उत्तरपक्ष– त्यसो हुनाले हामीहरूको वक्तव्य यस्तो छ कि स्वप्नको दृष्टान्तमा स्वप्नको दोष अर्थात् तमोगुण सत्य-पदार्थ हो, त्यो सत्य तमोगुणबाट उत्पन्न स्वप्न नै सिंहरूपी मिथ्या वस्तु-विषयक ज्ञानको कारण हो, ज्ञान भयको कारण हो र भय जागरण-को कारण हो तथा जाग्रत् भएको मानिस पनि सत्य हो । यस

दृष्टान्तमा मिथ्या भन्ने केही छैन । स्वप्नको कारण तमोगुण सत्य हो, भगवान्द्वारा मनभित्र मानसिक सृष्टि हुनाले स्वप्न पनि सत्य हो, सिंह भयको कारण होइन, सिंह एक भयङ्कर मारक जन्तु हो भन्ने सिंहविषयक ज्ञान सत्य हो, स्वप्नमा सिंह देख्नासाथ स्वप्न देख्ने मानिसको मनमा त्यो ज्ञान उत्पन्न हुन्छ र त्यै सत्यज्ञान भयको कारण हो, भय पनि सत्य नै हो किन कि स्वप्नबाट उठेर पनि त्रास भयको अनुवृत्ति हुने देखिन्छ । जागरण भन्ने कार्य र जाग्रत् भएको मानिस सत्य हुन् । किन्तु "तत्त्वमसि" प्रभृति उपदेशस्थलमा सबै कल्पित अर्थात् मिथ्या हुनाले यहाँ स्वप्नको दृष्टान्त सङ्गत भएन । अद्वैतवादीहरूका पनि नारायण, ब्रह्मा इत्यादि क्रमले गुरु-परम्परा छन् । सब अद्वैत-मतानुसार वेद-शास्त्रको आदिप्रवर्तक, समस्त ज्ञानको आधार, स्वाभाविक सर्वज्ञ र सर्ववित् परब्रह्म आदिगुरु नारायण उहाँको शिष्य ब्रह्माद्वारा कल्पित हुनुभएको छ तथा सर्वशास्त्रमयी गीताको ज्ञानदाता परब्रह्म श्रीकृष्ण पनि शिष्य अर्जुनद्वारा कल्पित हुनुभएको छ— इत्यादि दुष्ट सिद्धान्त उपस्थित हुनेछन् । अद्वैतवादी पण्डितहरूले यी दोषहरू विचार गर्नुपर्दैन कि ? "नारायणः परं ब्रह्म आत्मा नारायणः परः"—नारायण नै परब्रह्म, नारायण नै परमात्मा हुनुहुन्छ—उपनिषद्को यस्तो वर्णन छ । यी सिद्धान्तवादीहरूका मतानुसार यिनीहरूका आफ-आफ्ना गुरुवर्ग सबै कल्पित हुन जान्छन् । त्यसो हुनाले 'गुरुरेव परं ब्रह्म गुरुरेव परा गतिः", "स हि विद्यातस्तं जनयति तच्छ्रेष्ठं जन्म तस्मै न द्रुह्येत कदाचन" (आपस्तम्बः) "आचार्यं मां विजानीयात्"

(भाग.)—गुरु नै परब्रह्म र परा गति हुनुहुन्छ। उहाँले ज्ञान दिएर शिष्यलाई नयाँ जन्म दिनुहुन्छ, अरू सबै जन्मभन्दा यही जन्म श्रेष्ठ जन्म हो, गुरुसँग कहिल्यै द्रोह नगर्नू, गुरुलाई मेरै स्वरूप जान्नू—इत्यादि श्रुति-स्मृतिसँग हुने विरोधहरू उहाँहरूका विचारयोग्य होइनन् कि ?

पूर्वपक्ष— तत्त्वज्ञान हुनुभन्दा अगाडि उपदेश दिनु इत्यादि विषयहरू यथार्थ रूपले रहन्छन्। किन्तु तत्त्वज्ञान भइसकेपछि "यत्र त्वस्य सर्वमात्मैवाभून् केन कं पश्येत्"—जुन समयमा ज्ञानीले सबैलाई आत्माको रूपले देख्नुहुन्छ त्यस बखत कसले कुन उपायद्वारा कसलाई देख्ला ? (बृ. २।४।१४) इत्यादि श्रुतिअनुसार ज्ञानावस्थामा द्वैतदर्शन रहँदैन त्यस कारण त्यस समयमा उपदेश इत्यादि सबै मिथ्या भइहाल्दछन्।

उत्तरपक्ष— शिष्यले गुरुलाई तत्त्वज्ञानी सम्झेर नै ब्रह्मजिज्ञासाको निमित्त गुरुको शरण परेर उहाँसित उपदेश लिन प्रवृत्त हुन्छ। अद्वैतब्रह्मको साक्षात्कारद्वारा गुरुको मूल अज्ञान र अज्ञानको कार्य द्वैतदर्शन नष्ट भएको छ। यस अवस्थामा गुरुले द्वैतदर्शनपूर्वक शिष्यलाई उपदेश दिनु इत्यादि व्यवहारमा कसरी प्रवृत्त हुन सक्नुहुन्छ। ऐनामा आफ्नो रूप देखेर त्यसलाई आफूसँग अभिन्न सम्झेर कसैले त्यसलाई उपदेश दिँदैन। गुरुले आफूलाई ज्ञानी गुरु र शिष्यलाई अज्ञानी शिष्य सम्झेर यस प्रकारको भेदबुद्धि हुनाले गुरुले शिष्यलाई उपदेश दिनुहुन्छ।

पूर्वपक्ष— द्वैतज्ञान अहिले बाधित (नष्ट) भए तापनि अघि नै अनुभूत भएको द्वैतज्ञानको संस्कार नष्ट नभएर

विद्यमान रहन्छ ।

उत्तरपक्ष– संस्कारको कारण पनि अज्ञान नै हो। प्रकाश र अन्धकार जस्तै ज्ञान अज्ञानको विरोधी हो। अद्वैत-वादीहरूको पनि यही मत हो । तत्त्वज्ञान भएर अज्ञान-नाश भयो भने अज्ञानको कार्य द्वैतदर्शनको संस्कार पनि नाश भइहाल्दछ। किन्तु अज्ञानको कार्य द्वैतदर्शनको संस्कार रहिरहन्छ भन्नु रूखको जरा काटिदिए तापनि हांगा, फूलपात जस्तात्यस्तै रहन्छन् भन्नु जस्तै हो । गीतामा भगवान्‌ले नै भनिबक्स्यो कि "ज्ञानेन तु तदज्ञानं येषां नाशितमात्मनः । तेषामादित्यवज्ज्ञानं प्रकाशयति तत्परम्"–ज्ञानद्वारा जसको अज्ञान-नाश भएको छ सूर्य-ले जगत्‌लाई प्रकाशित गर्नु जस्तै तिनीहरूका ज्ञानले परमात्मा-लाई प्रकाशित गर्दछ। तत्त्वज्ञान भए तापनि सद्वैतदर्शनको संस्कार रहिरहन्छ भन्दा गीतावाक्य र माथि लेखिएको अद्वैत-वादीहरूका स्ववाक्यसँग विरोध उपस्थित हुन्छ । किन कि रज्जुको बारेमा यो रज्जु नै हो सर्प होइन भन्ने प्रत्यक्ष ज्ञान भए-पछि रज्जुमा सर्पभ्रम रहँदैन । अर्थात् त्यस बखत द्वैतदर्शन अर्थात् सर्पभ्रमको अनुवृत्ति पनि रहँदैन, त्यस कारण रज्जुलाई रज्जु नै देखेर देख्ने मानिसले यो सर्प हो भनेर कसैलाई भन्दैन । जब त्यस्तै अद्वितीय ब्रह्म साक्षात्कार भएको तत्त्वज्ञानी गुरुलाई पनि द्वैतदर्शनपूर्वक अर्थात् आफूलाई ज्ञानी गुरु र शिष्यलाई अज्ञानी शिष्य सम्झेर उपदेश दिनु इत्यादि कसरी सम्भव हुन सक्त-छन् । "विद्रावितो मोहमहान्धकारो य आश्रितो मे तबसन्निधा-नात् । विभावसोः किन्नु समीपगस्य शीतं तमो भीः किं प्रभवन्त्य-

जाय" (भाग. ११.२९-३१) –'हे आदिदेव भगवान् ! हजुरको सन्निधि प्राप्त गरेर मेरो हृदयमा रहेको मोहरूपी महा अन्धकार नाश भएको छ, अग्निको नजीक गए शीत, अन्धकार र भय रहने-छन् कि ?' उद्धवको यस वचनद्वारा जानियो कि तत्त्वज्ञानद्वारा उहाँको अज्ञान-नाश भएको हुनाले (बाधितानुवृत्ति) द्वैतदर्शनको नाश भएको संस्काररूपी अज्ञानको अनुवृत्ति (फेरि फर्केर आउनु) असम्भव हुनाले उद्धवले श्रीकृष्णसँग निम्न प्रकारले भेददर्शन-मूलक प्रार्थना कसरी गर्नुभयो, यथा "नमोऽस्तु ते महायोगिन् प्रपन्नमनुशाधि मां । यथा त्वच्चरणाम्भोजे रतिः स्यादन-पायिनी ।।" (भाग. ११. २९. ४०) –'जसरी हजुरको चरणमा मेरो चिरस्थायी प्रेम होस् मलाई त्यस्तो शिक्षा दिबक्स्योस् हे महायोगिन् हजुरलाई मेरो नमस्कार छ ।' रज्जुलाई रज्जुको रूपले साक्षात्कार भएको वेलामा बाधितानुवृत्ति (नष्ट भएको सर्पभ्रम फेरि हुनु) जस्तो असम्भव हो त्यस्तै ज्ञानी गुरुको उपदेश-द्वारा तत्त्वज्ञान भइसकेपछि (बाधितानुवृत्ति) नष्ट भएको द्वैतदर्शनको पुनर्वार (अनुवृत्ति र त्यस कारण) उपदेश दिनु असम्भव भइहाल्दछन् र उद्धवले पनि श्रीकृष्णसँग कसरी भेदमूलक प्रार्थना गर्नुभयो । श्रीकृष्णको मुखबाट गीताको उपदेश सुनेर तत्त्वज्ञान-लाभ भएपछि 'हजुरको कृपाले मेरो अज्ञान-नाश भएको छ र मैले स्मृति प्राप्त गरेको छु त्यस कारण हजुरको आदेश म अवश्य पालन गरुँला ।' यस प्रकार अर्जुनको वाक्यद्वारा नै जानियो कि अर्जुन को बाधितानुवृत्ति थिएन । त्यसो हुनाले दुर्योधनहरूसँग युद्ध गर्ने सङ्कल्पविषयक द्वैतदर्शनजनित अर्जुनको

प्रार्थना कसरी सम्भव भयो ?

रज्जुसर्पको दृष्टान्तद्वारा बाधितानुवृत्ति प्रमाणित गर्न सकिँदैन। भ्रमले रज्जुलाई सर्प देख्दछ यसको कारण चक्षुको दोष हो, यो दोष सत्य हो र अरू जति कारणहरू छन् ती सबै सत्य हुन्। किन्तु बाधितानुवृत्तिको मूल कारण जति छन् तिनीहरूमध्ये एउटा पनि सत्य होइन। तँ ान यदि बाधितानुवृत्तिलाई स्वीकार गर्नुपर्‍यो भने यो जीवको बारेमा स्वीकार गर्नुपर्दछ अर्थात् जीवात्मालाई मात्र बाधितानुवृत्ति हुन्छ भन्नुपर्दछ किन कि जीव नै अज्ञानावस्थामा रहन्छ पछि गुरुकृपाले तत्त्वज्ञान-लाभ भएर जीव ज्ञानावस्थामा पुग्दछ। किन्तु ईश्वरको बारेमा यो असम्भव हो किन कि ईश्वरको कुनै कालमा अज्ञानको सम्बन्ध हुँदैन यथा "परास्य शक्तिर्विविधैव श्रूयते स्वाभाविकी ज्ञानबल क्रिया च"—उनै परब्रह्मको पराशक्ति नाना प्रकारका छन् भन्ने श्रुतिद्वारा जानिन्छ यथा ज्ञान, बल, क्रिया इत्यादि यी शक्तिहरू सबै स्वाभाविक हुन् (श्वेताश्वतर ६।८)। "यः सर्वज्ञः सर्ववित्"—सामान्य र विशेष रूपले जसले सबै जान्दछन् (मुण्डक उप.)। "यो वेत्ति युगपत्सर्वं प्रत्यक्षेण सदा स्वतः" —जसले सर्वदा सबै विषयहरू एकसाथ स्वतः जान्नुहुन्छ (नाथमुनिकारिका)। ईश्वरको कुनै कालमा अज्ञान-सम्बन्ध हुन्छ भन्दा यी श्रुति-स्मृतिवाक्यहरूसँग विरोध उपस्थित हुन्छ। त्यसो हुनाले श्रुतिसिद्ध स्वतः सर्वज्ञत्वादि शक्तिसम्पन्न पूर्ण ब्रह्म श्रीकृष्णलाई द्वैतदर्शन र तन्मूलक गीताको उपदेश दिनु इत्यादि व्यवहार कसरी सम्भव भयो।

पूर्वपक्ष– मिथ्या प्रपञ्चलाई मिथ्या हो भनी जान्नु यथार्थ ज्ञानको विरोधी होइन । अर्थात् ब्रह्म मात्र सत्य हुनुहुन्छ, उहाँदेखि अतिरिक्त रूपले प्रतीयमान विश्वप्रपञ्च मिथ्या हो–यही हो यथार्थ ज्ञान, मिथ्या प्रपञ्च सत्य हो भनी जान्दा यो ज्ञानको पूर्वोक्त ज्ञानसँग विरोध उपस्थित हुनेछ, किन्तु मिथ्या प्रपञ्चलाई मिथ्या जानियो भने यो ज्ञान पूर्वोक्त यथार्थ ज्ञानको विरोधी हुँदैन ।

उत्तरपक्ष– ईश्वरले जगत्लाई आफूदेखि अतिरिक्त हो भने जान्नुहुन्छ भने जागतिक जीवहरूका बारे उहाँको निग्रहानुग्रहको निमित्त प्रवृत्ति नै हुन सक्तैन । किन कि उन्मत्त बाहेक अरू कसैको मिथ्याविषयक प्रवृत्ति हुँदैन । अद्वैत-मतानुसार ब्रह्म निर्विशेष हुने हुनाले उहाँ समस्त विशेषको विरोधी हुनुहुन्छ । तादृश ब्रह्मरूपी आत्मस्वरूपको प्रकाश हुने वेलामा उहाँको विवर्तरूपी जगत्को मिथ्या रूपले पनि दर्शन उहाँलाई हुन सक्तैन । किन कि शुक्तिको शुक्तिरूपले दर्शन हुञ्जेल कसैलाई त्यसमा रजतरूपको स्फुरण हुँदैन अर्थात् त्यस शुक्तिलाई रजत सम्झँदैन । किन्तु ब्रह्मस्वरूप आत्माको स्फुरण भइरहने समयमा पनि ब्रह्मलाई द्वैतदर्शन हुँदै गर्दछ । यो अस्वीकार गर्दा "स विश्वकृद्विश्वविदात्मयोनिर्ज्ञः कालकालो गुणी सर्वविद्यः" (श्वेताश्व ६।१६) —उहाँ नै विश्वको कर्ता, विश्वको ज्ञाता, आफै आफ्नो कारण, कालको पनि नियन्ता, गुणवान्, 'तिनीहरूलाई कृपा गर्नाका निमित्त' इत्यादि इत्यादि द्वैतदर्शनसूचक श्रुति र स्मृति-वाक्यहरूसँग विरोध हुनेछ ।

चन्द्रमा एउटै छ भन्ने दृढ ज्ञान सबैलाई छ तापनि आँखाले केही दोष भए मानिसले दुइटा चन्द्रमा देख्दछ। किन्तु परमात्माको बारेमा यस किसिमले पनि द्वैतदर्शन असम्भव हो। किन भने ब्रह्मले मिथ्या जगत्‌लाई देख्नु उहाँको अज्ञान हो र यस अज्ञानको पनि कारण केही दोष हो भन्नुपर्‍यो। त्यसो हुनाले "शुद्धे महाविभूत्याख्ये परे ब्रह्मणि वर्तते। मैत्रेय भगवच्छब्दः सर्वकारणकारणे।।"– हे मैत्रेय! जसको महाविभूति भन्ने नाम छ, जो सर्व कारणको पनि कारण हुनुहुन्छ तथा जो शुद्ध अर्थात् सर्वदोषरहित हुनुहुन्छ उनै परब्रह्म विष्णुमा भगवान् भन्ने शब्दको यथार्थ प्रयोग हुन्छ। (विष्णु पु.)। "समस्तहेयरहितं विष्णवाख्यं परमं पदम्"– विष्णु भन्ने परब्रह्मको श्रेष्ठ स्वरूप समस्त हेयरहित हो (विष्णु पु.)। 'परः पराणां सकला न यत्र क्लेशादयः सन्ति परावरेशे"–जो सबै श्रेष्ठभन्दा श्रेष्ठ हुनुहुन्छ उनै परावर ईश्वरमा क्लेश, कर्म इत्यादि समस्त हेय गुण छैनन् (विष्णु पु.) इत्यादि शास्त्र-वचनहरूसँग विरोध हुनेछ। अतएव नेत्रमा तिमिर प्रभृति दोषशून्य व्यक्तिलाई दुइटा चन्द्रको मिथ्या रूपले दर्शन पनि असम्भव छ त्यस्तै समस्त दोषरहित ईश्वरलाई मिथ्या रूपले द्वैतदर्शन असम्भव हो।

शुक्तिको नीलवर्ण, त्यसको पृष्ठभाग इत्यादि लक्षण देखेर जहाँ शुक्ति नै हो भन्ने स्पष्ट ज्ञान भइरहेछ त्यहाँ कोही यो रजत हो भनी मिथ्या रूपले पनि सम्झनेछैन। अथवा त्यस वस्तुलाई रजतको मोलले बजारमा बेच्न जाँदैन। स्पष्ट रूपले शुक्तिज्ञान भएको वेलामा पनि कुनै प्रकृतिस्थ व्यक्ति त्यसलाई

रजत सम्झेर लिन गयो भने ईश्वरलाई पनि अद्वितीय ब्रह्म-साक्षात्कार हुने वेलामा उपदेश दिनु इत्यादि द्वैतदर्शन-मूलक व्यवहार इत्यादि सम्भव हुन सक्ला ।

रज्जुमा सर्पभ्रम जस्तै अर्थात् कुनै व्यक्तिले शुक्तिलाई रजत देख्दछ, रजतभ्रमको द्रष्टा त्यै व्यक्ति हो । त्यस्तै निर्विशेष-ज्ञान मात्र ब्रह्ममा देखिएको यो जगत्-प्रपञ्चको द्रष्टा को हो ?

पूर्वपक्ष— "नान्योऽतोऽस्ति द्रष्टा"—(वृहदा. उप.)—ब्रह्म बाहेक अर्को द्रष्टा छैन । यस श्रुतिअनुसार ब्रह्म नै जगत्-प्रपञ्चको द्रष्टा हुनुहुन्छ ।

उत्तरपक्ष— त्यसो हुनाले हाम्रो आपत्ति छ कि ब्रह्म ज्ञान मात्र हुनाले उहाँ द्रष्टा कसरी हुन सक्नुहुन्छ । भ्रमरूपी प्रपञ्चको बारेमा ब्रह्मको केही ज्ञान छ भने उहाँलाई द्रष्टा भन्न सकिन्छ किन कि हरेक दर्शकलाई दृष्ट वस्तुको बारेमा केही ज्ञान उत्पन्न हुन्छ । किन्तु ब्रह्म आफै ज्ञानरूप पदार्थ हुनुहुन्छ, यो अद्वैत मत हो त्यसो हुनाले प्रपञ्चको बारेमा उहाँलाई ज्ञानान्तर हुनु असम्भव हुनाले उहाँ द्रष्टा हुन सक्नुहुन्न ।

पूर्वपक्ष— मायासँग ब्रह्मको योग हुनाले ब्रह्म द्रष्टा हुन सक्नुहुन्छ ।

उत्तरपक्ष— त्यसो हुनाले ब्रह्मसँग मायाको योग आगन्तुक हो कि स्वाभाविक हो ? आगन्तुक हो भने ब्रह्म सर्वव्यापक (असीम) हुनुहुन्न किन्तु उहाँलाई ससीम (सीमा भएको) भन्नुपर्दछ : किन भने ससीम भए मात्र सीमाबाहिर-बाट केही वस्तु आएर उहाँसँग मिल्न सक्तछ । सर्वव्यापक

वस्तुसँग सबै वस्तुको सर्वदा योग रहन्छ । त्यस कारण सर्वव्यापक वस्तुसँग कुनै वस्तुको योगलाई आगन्तुक-योग भन्नु हुँदैन । ब्रह्मसँग मायाको योग स्वाभाविक हो भन्दा ब्रह्मलाई सर्वदा मायायुक्त भन्नुपर्दछ । त्यसो हुनाले ब्रह्म निर्विशेष नभएर अद्वैत मतको विरुद्ध सविशेष भइहाल्नुहुन्छ तथा ब्रह्मदेखि भिन्न माया भन्ने अर्को एउटा वस्तुको निरसत्ता स्वीकृत भएर ब्रह्म विजातीय भेदशून्य हुनुहुन्छ भन्ने अद्वैतवादीहरूको पूर्वोक्त कथन मिथ्या भइहाल्दछ ।

जब ब्रह्मको प्रपञ्चदर्शन भयो त्योभन्दा अघिदेखि ब्रह्मसँग मायाको योग थियो । त्यसो हुनाले त्यस बखत उहाँलाई प्रपञ्चदर्शन किन भएन ।

पूर्वपक्ष— त्यस बखत ब्रह्मलाई प्रपञ्चदर्शनको (ईक्षण) संकल्प नहुनाले प्रपञ्चदर्शन भएन ।

उत्तरपक्ष— इच्छा नहुने कारण के हो ?

पूर्वपक्ष— यसको पनि सङ्कल्प नहुनु नै कारण हो, भन्नुपरयो ।

उत्तरपक्ष— तब त ब्रह्म सर्वदा संकल्पवान् र सविशेष (संकल्पविशिष्ट) अर्थात् इच्छा भन्ने गुण भएको हुनुहुन्छ । ब्रह्म र मायालाई स्वीकार गर्नुभन्दा अगाडि माया कसको आश्रयमा थियो ? माया ब्रह्मकै आश्रयमा थियो भन्दा ब्रह्मको निर्विशेषत्व रहँदैन र उहाँ सविशेष हुनुहुन्छ । तब अद्वैतवादीहरूको सिद्धान्त पनि खण्डित हुन जान्छ ।

पूर्वपक्ष— माया अपरमार्थ वस्तु हुनाले हाम्रो मत-

अनुसार ब्रह्मको निर्विशेषत्व वा अद्वैतत्वको हानि हुनेछैन।

उत्तरपक्ष— तब परमार्थ र अपरमार्थ शब्दको अर्थ के? रज्जुमा कल्पित भएको सर्प जस्तै मिथ्या वस्तु अपरमार्थ हो कि अथवा जुन वस्तु विकारयुक्त हुनाले ब्रह्म जस्तै स्थिर स्वभावविशिष्ट होइन, त्यै हो अपरमार्थ?

पूर्वपक्ष— रज्जुमा कल्पित भएको सर्प जस्तै मिथ्या वस्तु नै अपरमार्थ शब्दको अर्थ हो।

उत्तरपक्ष— त्यसो भन्दा सत्त्वरजस्तमोरूपले त्रिगुणात्मक तथा ज्ञानविरोधी भाव नै अज्ञान अर्थात् माया हो। यस प्रकारले अद्वैतवादीहरूले वर्णन गरेको अज्ञानको लक्षणवाक्यसँग विरोध उपस्थित हुन्छ। अद्वैतवादीहरूका मतानुसार माया त्यस्तो मिथ्या हो भने "मयाध्यक्षेण प्रकृतिः सूयते सचराचरम्"– अध्यक्षरूपी मेरो ईक्षण (सङ्कल्प) द्वारा प्रकृतिबाट चराचर जगत्को सृष्टि हुन्छ (गीता)। यस प्रकारले भगवान्द्वारा कथित मायाबाट जगत्रूपी कार्यको उत्पत्ति सम्भव हुन सक्तैन किन कि मिथ्या पदार्थमा कुनै वस्तु उत्पन्न गर्ने शक्ति छैन।

पूर्वपक्ष– कसैले स्वप्नमा देख्यो कि चोर आएर त्यसको शिरच्छेदन गर्दछ। यहाँ शिरच्छेदनरूप मिथ्या कार्य स्वप्नमा कल्पित चोररूप मिथ्या कारणबाट भयो। त्यस्तै जगत्-रूप-कार्य मिथ्या भए तापनि यसको कारण पनि मिथ्या विषय हुन सक्तछ।

उत्तरपक्ष– यसो हुन सक्तैन। किनकि 'वैधर्म्याच्च न स्वप्नादिवत्' (ब्र. सू. २।२।२८)– स्वप्न र जागरणमा वैषम्य हुनाले स्वप्नदशाका अनुभव र जाग्रद्दशाका अनुभवमा

पनि वैषम्य छ भनी व्यासजीले वेदान्तमा प्रतिपादन गर्नुभयो। तथा "सत्त्वाच्चापरस्य" (ब्र. सू. २ । १७ ।) अपर अर्थात् पछि उत्पन्न हुने घट शरावादि कार्यहरूको उत्पत्तिको अगाडि मृत्तिकारूप-कारण विद्यमान रहन्छ। त्यस कारण कार्य र कारण अभिन्न हुन् भनी सम्झनुपर्दछ। यस सूत्रमा पनि ब्रह्मरूप कारण तीन कालमा सत्ताविशिष्ट हुनुहुन्छ। त्यस्तै जगत्-रूपकार्य पनि त्रैकालिक सत्ताविशिष्ट हो भनेर व्यासजीले जगत्को पनि सत्यत्व प्रतिपादन गर्नुभएको छ। अन्यथा जगत्लाई मिथ्या भन्दा "असत्यमप्रतिष्ठं ते जगदाहुरनीश्वरम्" (६।८)–आसुरिक स्वभाव भएका मानिसहरू जगत्लाई मिथ्या, आधारशून्य र ईश्वरहीन भन्दछन् (गीता १६।८)। यस यस प्रकारले आसुरिक सिद्धान्त उपस्थित हुन्छ। अझ "गौरनाद्यनन्तवती सा जनयित्री भूतभाविनी", 'विकारजननीमज्ञामष्टरूपामजां ध्रुवाम्' यो पृथिवी अनादिकालदेखि अनन्त कालसम्म विद्यमान रहने हो, यही सबै भूतसमूहकी जननी र पालनकर्त्री तथा सर्व विकारहरू उत्पन्न गर्ने, पृथिवी आदि अष्टरूपले विद्यमाना, नित्या र ध्रुवा अर्थात् निश्चला हो। ब्रह्मको यही शक्तिकै नाम माया हो। मायी ब्रह्म यही मायाबाट विश्वको सृष्टि गरिबक्सिन्छ। प्रकृति एका र नित्य हो। मायालाई प्रकृति र मायीलाई महेश्वर (परब्रह्म नारायण) जान (श्वेताश्वतर उप.)। "यस्यावयवभूतैस्तु व्याप्तं सर्वमिदं जगत्" जसको अंश जीवात्माहरूद्वारा यो सम्पूर्ण जगत् व्याप्त छ (श्वेताश्वतर उप.)। "अक्षरात् परतः परः" क्षरनामक बद्धजीवभन्दा श्रेष्ठ अक्षर

नामक मुक्त जीवभन्दा पनि ब्रह्म श्रेष्ठ होइवक्सिन्छ। "मम योनिर्महद् ब्रह्म"—सम्पूर्ण जगत्को उत्पत्तिस्थान हुनाले योनि-स्वरूप महद्ब्रह्म (विशाल प्रकृति) मेरो हो (गीता १४ । ३) "मम माया दुरत्यया"—लीला गर्न प्रवृत्त मेरो निर्मित विचित्र र आश्चर्य-कार्यकारिणी मेरो मायानामक प्रकृति दुरतिक्रमा हो (गीता ७. १४)। "प्रकृति पुरुषं चापि विध्द्यनादी उभावपि" (गीता १३। १९) इत्यादि श्रुति-स्मृतिसँग विरोध हुनेछ । अद्वैतमतानुसार प्रकृति मिथ्या हो। श्रुति-स्मृतिहरूले प्रकृतिलाई अक्षर, ध्रुव इत्यादि विशेषण दिएका छन्। मिथ्या वस्तु कहिल्यै ध्रुव, अक्षर, नित्य इत्यादि हुन सक्तैन।

पूर्वपक्ष—अथवा जुन वस्तु सविकार हुनाले ब्रह्म जस्तै स्थिर सत्ताविशिष्ट होइन त्यै हो अपरमार्थ शब्दको अर्थ ।

उत्तरपक्ष—त्यसो पनि हुन सक्तैन। किन कि "विकार-जननीमज्ञाम्"—माया समस्त जागतिक विकार-समूहकी जननी र अचेतना, "नित्यं सततविक्रियम् माया नित्या" र "सर्वदा विकारवि-शिष्टा" इत्यादि शास्त्र-वाक्यहरूद्वारा आफ्नो विकार र सर्वदा परिणाम (परिवर्तनले गर्दा) मायाको ब्रह्मको जस्तै स्थिर सत्ता छैन, यति मात्र प्रतिपादन भएको छ। पूर्वोक्त सतत विक्रिया (विकार) आदि कारणले गौण रूपले अनृत (मिथ्या) इत्यादि शब्दद्वारा मायाको उल्लेख गरिएको छ। पृथिवी इत्यादि मायाको कार्यहरू पनि आविर्भाव र तिरोभाव भन्ने धर्मविशिष्ट हुनाले स्वप्नप्रपञ्च (स्वप्नमा देखिएका वस्तुहरू) जस्तै अथवा मरीचि-कामा जलबुद्धि जस्तै असत्, मिथ्या इत्यादि शब्दहरूद्वारा

गौण रूपले कथित भएका छन् । संसारका सबै वस्तुहरूदेखि वैराग्य पैदा गराउनलाई शास्त्रले संसार र अरू सबै जागतिक पदार्थहरूलाई असत् या मिथ्या भनेको छ ।

पूर्वपक्ष—जागतिक कार्यसमूहको कुनै कालमा उपलब्धि हुन्छ, पछि नाश पनि हुन्छ त्यस कारण संसार सत् रूपले अथवा असत् रूपले निर्धारणयोग्य नहुनाले मिथ्या हो ।

उत्तरपक्ष— यो सङ्गत होइन । किन कि उपलब्धि र विनाशद्वारा वस्तु अनित्य हो यही बुझिन्छ, किन्तु त्यो वस्तु मिथ्या हो भन्ने बुझिंदैन । जो वस्तु देश र कालको सम्बन्धद्वारा एक स्थानमा र एक समयमा उपलब्ध भएर अर्को स्थान अथवा अर्को समयमा उपलब्ध हुँदैन त्यसलाई अनित्य भन्दछन्, यो प्रबल शास्त्रवाक्यद्वारा प्रतिपादित भएको छ । यथा, "अनाशी परमार्थश्च प्राज्ञैरभ्युपगम्यते । तत्तु नाशि न सन्देहो नाशिद्रव्योपपादितम् ।।","य त्तु कालान्तरेणापि नान्यसंज्ञामुपैति वै । परिणामादिसम्भूतां तद् वस्तु नृप तच्च किम् ।।"—स्वर्गादि पुण्यलोकहरूको सुखरूप फल नाशवान् हो किन कि यो घृत, कुश, समिधादि नाशवान् उपकरणद्वारा अनुष्ठित भएका यज्ञ इत्यादिबाट उत्पन्न हुन्छ। पण्डितहरू अविनाशी विषयलाई परमार्थ भन्नुहुन्छ । हे राजन्! जो कालान्तरमा पनि परिणाम आदि क्रियाद्वारा अर्को नाम प्राप्त गर्दैन यस्तो वस्तु के छ भन्नुहोस् (विष्णु पु. २ । १४ । २४ । २५)।"अन्तवन्त इमे देहा"—सामने देखिएका यी देहहरू सब नाशवान् हुन् (गीता २।१८) । "अविनाशि तु तद्विद्धि"—त्यसलाई (जीवात्मालाई) अविनाशी जान(गीता २।१७)। "आद्यन्तवन्तः

कौन्तेय न तेषु रमते बुधः"—इन्द्रियद्वारा ग्रहणयोग्य विषयहरू सबैका आदि र अन्त छन्, ती विषयहरू अनुभव गरेर ज्ञानी व्यक्ति आनन्दित हुनुहुँदैन (गीता ५ । २२)। "आगमापायिनोऽनित्याः"— विषयहरू आगमापायी हुनाले अनित्य हुन् (गीता २। १४)। "अनित्यमसुखं लोकम्"—यो संसार अनित्य र दुःखमय हो। भागवतको एकादश-स्कन्धमा पनि यस्तै उल्लेख छ, यथा "प्रत्यक्षेणानुमानेन निगमेनात्मसंविदा । आद्यन्तवदसज्ज्ञात्वा निःसङ्गो विचरेदिह ।।"—प्रत्यक्ष, अनुमान र वेदप्रमाण तथा आत्मज्ञानद्वारा संसारलाई आदि र अन्तवान् तथा असत् सम्झेर संगरहित भएर विचरण गर्नुपर्दछ । "यो जगत् परिणामशील र अनित्य हो", यहाँ उक्त भएका प्रमाणहरूमा नित्य र अनित्य यी दुई शब्द-हरूको प्रयोगको हेतु गीताको २।१६ श्लोकमा वर्णित भएको छ । यथा "नासतो विद्यते भावो नाभावो विद्यते सतः" (गीता २।१६)—असत् वस्तुको भाव अर्थात् नित्यत्व छैन र सत् वस्तुको अभाव अर्थात् अनित्यत्व छैन । अर्थात् नित्य हुनाले वस्तुलाई सत् र अनित्य हुनाले असत् सम्झनुपर्दछ । अतः सत् र असत् शब्दको नित्य र अनित्य अर्थ सम्झनुपर्दछ । यस कारण वेदान्तमा (ब्र.सू. २।२।२१) व्यासजीले भन्नुभयो कि "नाभाव उपलब्धेः"—अर्थात् जगत्को उपलब्धि भइरहेको हुनाले जगत्को अभाव (असत्त्व) भन्न सकिँदैन ।

पूर्वपक्ष— "एकमेवाद्वितीयं ब्रह्म"—ब्रह्म एक र अद्वितीय हुनुहुन्छ (छान्दोग्य ६।२।१) । यस श्रुतिवाक्यद्वारा स्पष्ट रूपले ब्रह्मको अद्वितीयत्व उक्त भएको छ । अर्को कुनै वस्तुको सत्ता

स्वीकार गर्दा ब्रह्मको अद्वितीयत्व कसरी सिद्ध हुन्छ ।

उत्तरपक्ष—स्थूल-सूक्ष्म, चित् र अचिद्विशिष्ट ब्रह्मको अद्वितीयत्व प्रतिपादन गर्नु नै माथिल्लो श्रुतिवाक्यको अभिप्राय हो । "सदेव सौम्येदमग्र आसीत्" (छा. अ. २।१)—यो जगत् अघि अद्वितीय सद्रूपले अवस्थित थियो । यस श्रुतिवाक्यको इदम् (यो) पदद्वारा नाम र रूपले विभक्त, नाना अवस्थाविशिष्ट परिदृश्यमान (देखिएको) जगत्, अग्र पदद्वारा सृष्टिको अगाडि, एकम् पदद्वारा नाम र रूपको विभागशून्य हुनाले एक अवस्थाविशिष्ट अद्वितीयम् पदद्वारा अधिष्ठानशून्य ब्रह्म बुझिन्छ । अतएव माथिल्लो सम्पूर्ण श्रुतिको यस्तो अर्थ हो कि नामरूपले विभागविशिष्ट नाना अवस्थापन्न परिदृश्यमान यो जगत् सृष्टिको अगाडि नामरूपले विभागशून्य एक अवस्थाप्राप्त अर्को अधिष्ठानरहित सद्रूपले अवस्थित थियो किन कि यस्तो अर्थ गर्दा तब मात्र "मूलमनाधारम्"—जगत्को जो मूल हुनुहुन्छ उहाँ आधाररहित हुनुहुन्छ इत्यादि सुवालोपनिषद्को अर्थसँग मेल हुनेछ । "सदेव सौम्येदमग्र आसीत्"—यहाँ सत् शब्द परमात्माको वाचक भए तापनि यस मन्त्रले जगत्कारणलाई जनाएको हुनाले जगत्कारण हुनलाई चाहिने दया, क्षमा, वात्सल्य, ज्ञान, शक्ति इत्यादि गुणविशिष्ट तथा प्रकृति र कालका शरीरी (अन्तर्यामी) परमात्मालाई नै जनाउँछ ।

पूर्वपक्ष—नैयायिकहरू सृष्टिको अगाडि जगत्को सत्ता थिएन भन्दछन् ।

उत्तरपक्ष—किन्तु 'सदेव' सत् रूपमै थियो । यस श्रुतिको

एव (एव–नै) यस शब्दद्वारा नैयायिकहरूका मतको निरसन नै भयो। "बहु स्याम्" (छा. ६।२।३)—म बहु हुनेछु–यस्तो इच्छा हुनाले ब्रह्म सृष्टिकालमा बहु अवस्थावान् हुनुभयो। सृष्टिको अगाडि एउटै ब्रह्म छिन्नभिन्न भएर स्वरूपतः बहु हुनुभयो—यो अर्थ हुन सक्तैन। त्यस कारण सौभरिनामक एक जना जीवात्माले पचास शरीरधारण गर्नुभयो। यहाँ सौभरिको आत्मा एउटै शरीरमा थियो, बाँकी शरीरहरूमा त्यै आत्मा आफ्नो धर्मभूत ज्ञानद्वारा व्याप्त हुनुभयो। यसको प्रमाण यस्तो छ, "बालाग्रशतभागस्य शतधा कल्पितस्य च। भागो जीवः स विज्ञेयः स चानन्त्याय कल्पते ॥"–केशको अग्रभागलाई सय टुक्रा पारेर त्यो एक टुक्रालाई फेरि सय टुक्रा गर्दा त्यो जति सानो हुन्छ जीवात्मा त्यति सानो हो। त्यै जीवात्मा अनन्त हुन सक्तछ। "एषोऽणुरात्मा" –जीवात्मा अणु हो, अर्थात् अणु भन्दा जति सानो बुझिन्छ जीवात्मा त्यति सानो हो। त्यै अणु-परिमाण जीवात्मा मुक्तावस्थामा अनन्त हुन्छ, अर्थात् परब्रह्मको अनन्त प्रकारको सेवा गर्न अनन्त शरीर-धारण गरेर ती सबै शरीरहरूमा आफ्नो संकोच-विकासयोग्य धर्मभूत ज्ञानद्वारा व्याप्त रहनुहुन्छ। मुक्त जीवात्माहरूको आत्मा मुक्तावस्थामा पनि अणु नै रहन्छन्। ब्रह्मको निराकार स्वरूप सर्वकाल र सर्वावस्थामा सर्वव्यापक हुनाले उहाँ विभु हुनुहुन्छ। ब्रह्म र जीवात्माको व्याप्तिमा यो भेद छ। यस्तै म बहु हुनेछु भन्नुको अर्थ भयो–म बहु अवस्थाहरूद्वारा बहु हुन्छु। "एक-मेव"–सृष्टिको अगाडि ब्रह्म एक अवस्थावान् नै हुनुहुन्थ्यो। यहाँ

एव (नै) शब्दद्वारा सृष्टिकालभन्दा अगाडि ब्रह्मको बहु अवस्थाको निषेध गरेर त्यसको विपरीत एक अवस्थालाई जनाउँछ। जति श्रुतिवाक्यहरूमा जगत्-कारणको वर्णन छन् ती सबै वाक्यहरूको एक प्रकार अर्थ हुनु उचित हो। ती श्रुति-वाक्यहरूमा "विष्णुस्तदासीद्धरिरेव निष्कल:"—त्यस बखत (प्रलयकालमा) अंशहीन सर्वव्यापक विष्णु हरि मात्र हुनुहुन्थ्यो। "एको ह वै नारायण आसीन्न ब्रह्मा नेशानो नेमे द्यावापृथिवी न नक्षत्राणि नापो नाग्निर्न सोमो न सूर्य:", "स एकाकी न रमते" (महोपनिषद् १।४।३)—प्रलयकालमा एक मात्र नारायण हुनुहुन्थ्यो, ब्रह्मा, शिव, स्वर्ग, मर्त्य, नक्षत्र, जल, अग्नि, चन्द्रमा, सूर्य केही थिएन, त्यस्तो एकाकी स्थितिबाट उहाँलाई आनन्द भएन। तब उहाँ ध्यानस्थ हुनाले एक कन्या अर्थात् मन र दश इन्द्रियहरू उत्पन्न भए। सुवालोपनिषद्मा यस प्रकारले भन्न आरम्भ गरेर त्यस बखत (प्रलयकालमा) के थियो? सृष्टिको अगाडि यहाँ केही पनि थिएन, जो जगत्को मूल हुनुहुन्छ उहाँ आधाररहित पनि हुनुहुन्छ, उहाँबाट प्रजाहरू जन्मन्छन्, उहाँ दिव्य देव अर्थात् वैकुण्ठवासी द्योतनादिगुण-विशिष्ट एक मात्र नारायण हुनुहुन्छ-यस प्रकारले वर्णन गरिएको छ। "तद्धेदं तर्ह्यव्याकृतमासीत्तन्नामरूपाभ्यां व्यक्रियत"—त्यस बखत (प्रलयकालमा) यो जगत् अविभक्त अवस्थामा थियो, पछि ब्रह्मले जगत्लाई नाम र रूपद्वारा विभक्त गर्नुभयो (छा. ६।३।२)। यस श्रुतिद्वारा पनि अघि अस्तित्वविशिष्ट जगत्को नै पछि नाम र रूपद्वारा विभाग मात्र भयो भन्ने जानिन्छ। अतएव 'यो जगत् अघि एक र अद्वितीय

थियो'– यस श्रुतिको जुन अर्थ प्रतिपादित भएको छ त्यै हो यथार्थ । नत्र श्रुतिहरुका परस्परका अर्थ-व्याघात-दोष उपस्थित हुन्छ । यस श्रुतिको तात्पर्य भागवतको एकादश-स्कन्ध (११।९।१६-१८)मा वर्णित भएको छ,यथा"एको नारायणो देवः पूर्वसृष्टं स्वमायया । संहृत्य कालकलया कल्पान्त इदमीश्वरः।।एक-मेवाद्वितीयोऽभूदात्माधारोऽखिलाश्रयः । कालेनात्मानुभावेन साम्यं नीतासु शक्तिषु । सत्त्वादिष्वादिपुरुषः प्रधानपुरुषेश्वरः । परावराणां परम आस्ते कैवल्यसंज्ञितः ।।"–प्रलयकालमा ईश्वरले आफ्नो मायाद्वारा पूर्वविरचित जगत्लाई आफ्नो कालनामक शक्तिद्वारा संहार गरेर एक, अद्वितीय, आत्माधार तथा अखिल जगत्को आश्रय नारायणरूपले अवस्थान गर्नुहुन्थ्यो । उहाँको सत्त्वादि शक्तिहरू त्यस बखत नारायणकै कालशक्तिको वश भई साम्य भावमा रहन्थे । त्यस समय (प्रधान र पुरुषका) प्रकृति र जीवात्माका अधिपति, सबै उत्तमाधमभन्दा श्रेष्ठ आदिपुरुष (नारा यण) केवल भन्ने नामले अभिहित भएर अवस्थान गर्नुहुन्थ्यो । यस प्रमाणमा सबैका आश्रय नारायणलाई नै अद्वितीय पदले निर्देश गरिएको हुनाले विशिष्ट ब्रह्म अर्थात् स्थूल र सूक्ष्म चित् र अचिद्विशिष्ट ब्रह्मकै अद्वितीयत्व प्रतिपादित भएको छ । वराह-पुराणको "मय्येव सकलं जातं मयि सर्वं प्रतिष्ठितम् ।। मयि सर्वं लयं याति तद् ब्रह्माद्वयमस्म्यहम् ।"– सबै मबाट जन्मन्छन्, मेरो आधारमा रहन्छन् र ममा लीन हुन्छन् उनै अद्वितीय ब्रह्म मै हुँ । श्वेताश्वतर उपनिषद्मा पनि तथा मन्त्राभिमानी देवताहरूका वचनद्वारा पनि स्थूल-सूक्ष्मचिदचिद्विशिष्ट ब्रह्म नै जगत्को मूल-

कारण हुनुहुन्छ भन्ने निर्णीत भएको छ। "ओम् ब्रह्मवादिनो वदन्ति– किं कारणं ब्रह्म कुतः स्म जाता जीवाम केन क्व च संप्रतिष्ठाः । अधिष्ठिताः केन सुखेतरेषु वर्तामहे ब्रह्मविदो व्यवस्थाम् ।। कालःस्वभावो नियतिर्यदृच्छा भूतानि योनिःपुरुषेति चिन्त्यम् । संयोग एषां न त्वात्मात्मभावादात्माप्यनीशः सुखदुःखहेतोः ।। ते ध्यानयोगानुगता अपश्यन् देवात्मशक्तिं स्वगुणैर्निगूढाम् । यः कारणानि निखिलानि तानि कालात्मयुक्तान्यधितिष्ठत्येकः" (श्वेताश्व. १।१।१।३) । ब्रह्मवादीहरू निम्न प्रकारले विचार गर्नुहुन्छ– यस जगत्को कारण को हो ? ब्रह्म अथवा काल इत्यादि ? कुन कारणबाट हामीहरूको उत्पत्ति भएको छ ? कसको अनुग्रहले जीवनधारण गर्दछौं ? प्रलयकालमा हाम्रो स्थिति कहाँ हुनेछ ? नियन्त्रण गर्ने कुन पुरुषद्वारा नियमित भई उहाँको इच्छानुसार हामीहरू सुखदुःखको अनुवर्तन गर्दछौं ? काल, स्वभाव, नियति (पुण्य-पाप भन्ने कर्मरूप अदृष्ट), यदृच्छा (अकस्मात् प्राप्त), आकाश आदि भूतहरू अथवा आत्मा नै कारण हो, यो राम्ररी विचार गर्नुपर्दछ । यिनीहरूका (काल इत्यादिका) संयोग कारण होइन किनभने काल आदि अचेतन पदार्थहरू आत्मा आदि चेतन पदार्थहरूका कारण हुन सक्तैनन् । जीवात्मा पनि कारण हुन सक्तैन किन कि जीव सुखदुःखको हेतुकर्मको अधीन हो । यसपछि उनी ब्रह्मवादीहरूले भगवान्को आफ्नो प्रभावद्वारा आवृत्ता (ढाकिएकी) आत्मशक्तिलाई नै कारणरूपले दर्शन गर्नुभयो अर्थात् अद्वितीय स्वरूप भगवान् स्वयं काल, आत्मा इत्यादिसँग युक्त सबै कारणहरूका अधिष्ठाता भएर विद्यमान हुनुहुन्छ ।

वेदान्त-सूत्रकार श्री व्यासजीले पनि आफ्नो योगबलले यही निर्णय गर्नुभएको छ। यो भागवतको उक्तिले जानिन्छ यथा "भक्तियोगेन मनसि सम्यक् प्रणिहितेऽमले। अपश्यत् पुरुषं पूर्णं मायाञ्च तदपाश्रयाम् ॥ यया सम्मोहितो जीव आत्मानं त्रिगुणात्मकम्। परोऽपि मनुतेऽनर्थं तत्कृतञ्चाभिपद्यते। अनर्थोपशमं साक्षाद्भक्तियोगमधोक्षजे। लोकस्याजानतो व्यासश्चक्रे सात्वतसंहिताम्।" भक्तियोगले मन निश्चल र निर्मल भइसकेपछि उनै व्यासजीले पूर्ण पुरुष (नारायण) र उहाँको मायाको दर्शन पाउनुभयो। त्यस मायाद्वारा मोहित भएर जीव प्रकृतिदेखि भिन्न चेतन भएर पनि त्रिगुणात्मिका प्रकृतिको बन्धनरूप अनर्थ प्राप्त गर्दछ। तब उहाँले भगवान्को भक्तियोगलाई समस्त अनर्थ शान्तिको उपाय सम्झेर अज्ञ व्यक्तिहरूको ज्ञानलाभका लागि श्रीभागवत-रचना गर्नुभयो। "सदेव सौम्येदमग्र आसीत्"—हे सौम्य! यो जगत् अग्रे अर्थात् प्रलयकालमा सद्रूपमा थियो। यहाँ 'अग्रे' यस शब्दको प्रलयकालमा यो अर्थ गर्दा "अक्षरं तमसि लीयते तमःपरे देव एकीभवति"—अक्षर तमः भन्ने (प्रकृतिमा) लीन हुन्छ र तमः परदेवता (परब्रह्म) सँग एक हुन्छ (उपनिषद्), "प्रकृतिर्या मया ख्याता व्यक्ताव्यक्तस्वरूपिणी। पुरुषश्चाप्युभावेतौ लीयेते परमात्मनि ॥ परमात्मा च सर्वेषामाधारः पुरुषोत्तमः। स विष्णुनामा वेदेषु वेदान्तेषु च गीयते ॥ भारते च "ब्रह्मादिषु प्रलीनेषु नष्टे लोके चराचरे। आभूतसम्प्लवे प्राप्ते प्रलीने प्रकृतौ महान्। एकस्तिष्ठति विश्वात्मा स तु नारायणः प्रभुः॥"—व्यक्त र अव्यक्त स्वरूप भएकी जुन प्रकृतिको विषय मले तिमीलाई सुनाएँ त्यो प्रकृति र पुरुष (जीवात्मा) यी दुवै

तत्त्वहरू (प्रलयमा) परमात्मामा लीन हुन्छन् । उनै परमात्मा सबैका आधार र पुरुषोत्तम हुनुहुन्छ । वेद र वेदान्तमा उहाँकै नाम विष्णु हो । महाभारतमा पनि छ, यथा जब ब्रह्मा इत्यादि सबै देवताहरूको प्रलय हुन्छ, चराचर सबै लोकहरू नष्ट हुन्छन्, महाप्रलय भएपछि आकाश आदि महाभूतहरू मूलप्रकृतिमा लीन हुन्छन्, त्यस बखत सबैका अन्तर्यामी मात्र रहनुहुन्छ, उहाँ नै प्रभु नारायण हुनुहुन्छ । यी सबै र अरू अनेक प्रमाण-वाक्यहरूद्वारा जानिन्छ कि प्रलयकालमा स्थूल-सूक्ष्मचिदचिद्विशिष्ट ब्रह्म रहनुहुन्छ । अतएव शास्त्रद्वारा चिदचिद्विशिष्ट ब्रह्म नै अद्वितीय हुनुहुन्छ भन्ने सिद्ध भयो । जुन सृष्टिभन्दा अगाडि सृष्टि भएकै थिएन अग्र शब्दले त्यै समयलाई जनाउँछ भनी अग्र शब्दको अर्थ गरियो भने "सूर्याचन्द्रमसौ धाता यथापूर्वमकल्पयत्"–विधाताले पूर्वसृष्टिको अनुरूप सूर्य र चन्द्रमालाई सृष्टि गर्नुभयो । ऋग्वेदको यस वाक्यको केही सदर्थ गर्न सकिंदैन किन कि अग्र पदले पूर्व-सृष्टिरहित कुनै एक समयको कल्पना गर्दा "यथापूर्वम्"–पूर्व-सृष्टिको अनुरूप भनेर भन्न सकिंदैन । त्यस्तो पूर्वसृष्टिरहित समयमा जीव अथवा जीवको शुभाशुभ कर्मको अभाव भएको भए पछि सृष्टिकाल आउँदा देव, मनुष्य, र तिर्यक् प्राणीहरूको भेदअनुसार विषम सृष्टिको कारण के थियो त्यो कल्पना गर्न सकिंदैन ।

पूर्वपक्ष– ईश्वरको इच्छा नै कारण हो ।

उत्तरपक्ष– त्यसो भन्दा "साधुकारी साधुर्भवति" (बृहदा.६।४।५)–उत्तम कर्म गर्ने व्यक्तिले पछि उत्तम जन्म प्राप्त

गर्दछ। यस श्रुतिवाक्यसँग विरोध र ईश्वरमा भेददृष्टि र निर्दयता रूप-दोषहरू उपस्थित हुन्छन्।

पूर्वपक्ष—प्रपञ्च नै मिथ्या हुनाले भेददृष्टि र तन्मूलक विषम सृष्टि पनि मिथ्या हो त्यस कारण ब्रह्मको वैषम्य नैर्घृण्य इत्यादि दोषहरू मिथ्या हुन्, अतः ब्रह्ममा ती दोषहरू छन् भन्नु हुँदैन।

उत्तरपक्ष— प्रपञ्च मिथ्या हो भने "यथोर्णनाभिः सृजते गृह्णतेच" (मुण्डक १।१।७)–माकुरोले जसरी आफ्नो सूत्रद्वारा घर बनाएर पछि त्यस घरलाई खान्छ इत्यादि श्रुतिसँग अर्थ-विरोध उपस्थित हुनेछ तथा ईश्वरले विषम सृष्टि गर्नाले उहाँ-लाई दिइएको दोषको निवारणका लागि "वैषम्यनैर्घृण्ये न सापेक्षत्वात्" (ब्र.सू. २।१।३४) ईश्वरको वैषम्यनैर्घृण्य भन्ने दोष छैन किन भने उहाँले जीवको कर्मानुसार विषम सृष्टि गर्नुहुन्छ। अद्वैतवादीहरूको विवर्त-वादअनुसार व्यासजीले यो सूत्र बनाउनु नै व्यर्थ भइहाल्दछ।

प्रश्न–सत्स्वरूप ब्रह्ममा कल्पित भएको यस प्रपञ्चको (जगत्को) द्रष्टा को हो ?

पूर्वपक्ष–– अनादि अविद्याद्वारा ब्रह्मको स्वरूप आच्छादित भएको हुनाले उहाँ नै (ब्रह्म नै) आफूमा नाना भाव (देवत्व इत्यादि विभिन्न भावहरू) देख्नुहुन्छ।

उत्तरपक्ष––– यो भन्नु असङ्गत हो। किन कि जो नित्य मुक्त, पूर्ण, स्वयंप्रकाश (अन्यद्वारा प्रकाशित हुने योग्य हुनु-हुन्न), ज्ञान मात्र स्वरूप र निष्कल (अंशहीन) हुनुहुन्छ उहाँ

आच्छादित हुन योग्य हुनुहुन्न (उहाँको आच्छादन असम्भव हो)

प्रश्न–आच्छादन शब्दको अर्थ के ? उत्तर––वस्तुको स्वरूप विद्यमान छँदा त्यसको प्रकाशको निवृत्तिको नाम आच्छादन हो । ज्ञानलाई नै प्रकाश भन्दछन् । अद्वैतमतमा ब्रह्मको स्वरूप ज्ञानमात्र हो । त्यसो हुनाले अविद्याद्वारा त्यस्तो ब्रह्मको स्वरूपको आच्छादन असम्भव हो । अविद्याद्वारा उहाँको स्वरूपको आच्छादन अवश्य हुन्छ भन्दा उहाँको स्वरूपको विनाश नै भइहाल्दछ ।

पूर्वपक्ष–– ब्रह्मको प्रकाशरूप स्वरूप सर्वदा विद्यमान रहन्छ । यही प्रकाशको विशदभाव (स्वच्छता) मात्र अविद्याद्वारा आच्छादित हुन्छ । अतः स्वरूपनाश हुने शंका छैन ।

उत्तरपक्ष— प्रश्न–त्यो विशदभाव (स्वच्छता) ब्रह्मको स्वरूपभूत प्रकाशदेखि अतिरिक्त हो कि होइन ?

पूर्वपक्ष— ब्रह्मको स्वरूपभूत प्रकाश र विशदभाव (स्वच्छता) दुवै एउटै हो ।

उत्तरपक्ष– त्यसो हुनाले विशदभावको आच्छादनद्वारा ब्रह्मको स्वरूपनाश नै भइहाल्दछ । विशदभावलाई ब्रह्मको स्वरूपदेखि अतिरिक्त भन्दा ब्रह्म सदा विशदभावविशिष्ट हुनुहुन्छ भन्नुपर्‍यो । त्यसो हुनाले अद्वैतवादीहरूका निर्विशेषवादको हानि र ब्रह्मको सविशेषवादकै सिद्धि भइहाल्दछ । जो द्रव्य निर्विशेष प्रकाश मात्र हो त्यसलाई अज्ञानविषयक कुनै अनुभव र जगद्रूप-भ्रमको दर्शन हुन सक्तैन । किन कि त्यस्तो अनुभव र भ्रम इत्यादि कुनै ज्ञाता अर्थात् ज्ञान भएको कुनै

व्यक्तिविशेषलाई मात्र हुन सक्तछ, किन्तु केवल ज्ञानलाई हुन सक्तैन । यो विषय जागतिक सबै विषयमा सर्वदा देखिन्छ ।

प्रश्न–ब्रह्म नै अनादि अविद्याले गर्दा आफूमा नाना भाव दर्शन गर्नुहुन्छ भने प्रलयकालमा अविद्या छ तापनि त्यै अविद्याद्वारा त्यस बखत उहाँलाई प्रपञ्चको दर्शन किन हुँदैन ? ब्रह्मको पनि अज्ञान छ भन्ने कुरा मान्दा उहाँको अज्ञान-निवृत्ति भयो भने ब्रह्मकै मुक्ति सम्भव हुन सक्तछ । त्यसो हुनाले अविद्याद्वारा कल्पित भएको जीवात्माको मुक्तिलाभका लागि श्रवण आदि विषयमा यत्न निष्फल हो । किन कि स्वप्नमा कल्पित मुक्तिकामी व्यक्तिको चेष्टा र रजताभिलाषी व्यक्तिको शुक्तिमा कल्पित भएको रजत-संग्रहको निमित्त चेष्टा अज्ञानको कार्य हुनाले ती दुवै चेष्टाहरू जस्तो निष्फल हुन्छन् त्यस्तै यहाँ पनि जीव र त्यसको मोक्षको निमित्त श्रवण आदि कार्यहरू पनि अविद्याको कार्य हुनाले निष्फल भइहाल्दछन् । शुक, प्रह्लाद, वामदेव इत्यादिका र आधुनिक जीवहरूका प्रयत्न पनि निष्फल हुन्छन् । किन कि मोक्ष जुन आचार्यबाट प्राप्त हुने ज्ञानको कार्य हो अद्‌वैत-मतानुसार उनै आचार्य पनि ब्रह्मद्वारा कल्पित भएको एउटा पदार्थ मात्र हो । एक ब्रह्म नै सबै प्राणीहरूका शरीरमा जीवभाव प्राप्त हुनुभयो भने एउटै व्यक्तिको जस्तो मस्तकमा सुखको अनुभव भए तापनि त्यसको पाउमा दुःखको अनुभव हुन्छ र त्यसले मुखले पनि त्यस्तै भन्दछ । एउटै शरीरमा स्थान-भेदले सुखदुःखको पृथक् रूपले अनुभव हुन्छ त्यस्तै सर्वान्तिर्यामी सर्वव्यापक ब्रह्मको पनि प्राणि-

शरीरको भेदले एउटा शरीरमा सुखको र अर्को शरीरमा दुःखको अनुभव हुन सक्तछ । यति मात्र होइन यो जीवात्मा हो, उहाँ ईश्वर हुनुहुन्छ, यो बद्ध हो, उहाँ मुक्त हुनुहुन्छ, उहाँ आचार्य र यो उहाँको शिष्य हो, यो पण्डित र यो मूर्ख हो यस प्रकारको भेदज्ञापक नियम हुन सक्तैन । सौभरि प्रभृति शास्त्रप्रसिद्ध व्यक्तिहरूले पनि योगबलद्वारा अनेक शरीर-धारण गर्दा सौभरि नामक एउटै आत्मालाई विभिन्न शरीरगत सुख र दुःखको अनुभव भएको थियो भन्ने शास्त्रद्वारा जानिन्छ ।

पूर्वपक्ष– आत्मा एउटै भए तापनि अरू शरीरहरूमा अहं पदार्थको भेद छ अर्थात् एउटा शरीरको अहं पदार्थ अर्को शरीरमा हुँदैन । त्यस कारण एउटा शरीरको सुखदुःख अर्को शरीरमा रहने अहं पदार्थलाई अनुभूत हुँदैन । सुखदुःखको अनुभव-कर्ता अहं पदार्थ नै हो ।

उत्तरपक्ष– यो ठीक होइन किन कि अहं पदार्थ नै आत्मा हो । अहं पदार्थ र आत्मा एउटै तत्त्व हो र यो आत्मा नै ज्ञाता (ज्ञानगुणवान् अर्थात् ज्ञान भन्ने गुणको आश्रय) हो । किन्तु अहं पदार्थ र अहंकारतत्त्व एउटै तत्त्व होइनन् । अहंकार-तत्त्व चार प्रकारका अन्तःकरणहरूमध्ये एउटा अन्तःकरण, जड वस्तु र ज्ञानको करण हो । अतः शरीर र इन्द्रियहरू जस्तो ज्ञानको कर्ता होइनन् त्यस्तै अहंकारतत्त्व पनि ज्ञानको कर्ता होइन–यो विषय श्रुतिवाक्यहरू र महाभारतको प्रमाणद्वारा जानिन्छ, यथा "विकारजननीमज्ञाम्"–प्रकृति स्वयं अचेतन र विकारहरूको जननी हो । "एतद् यो वेत्ति" शरीरलाई जसले

जान्दछ (शरीर आत्माको ज्ञेय र आत्मा शरीरको ज्ञाता हो), "न हि विज्ञातुविज्ञातेर्विपरिलोपोविद्यते"— विज्ञाता पुरुषको (आत्माको) विज्ञानशक्तिको लोप हुँदैन, "नान्योऽतोऽस्ति द्रष्टा' (आत्मा बाहेक अन्य द्रष्टा छैन) "जानात्येवायं पुरुषः" यो आत्मा नै ज्ञाता हो (जान्दछ) "विज्ञातारमरे केन विजानीयात्"—विज्ञाता आत्मा कुन उपायले जानिन्छ यो महाभारतको मोक्षधर्ममा छ । "अवुध्यामानां प्रकृतिं बुध्यते पञ्चविंशकः । न तु बुध्येत गन्धर्व प्रकृतिः पञ्चविंशकम् ।।"—हे गन्धर्व ! पुरुष(आत्मा)ले पच्चीस तत्त्व प्रकृतिलाई जान्दछ किन्तु अचेतन प्रकृतिले आत्मालाई जान्दैन ।

जुन वस्तुको कुनै एक स्थानमा सत्ता छ सादृश्य इत्यादि कारणले त्यसैको अन्य वस्तुमा कल्पना गर्न सकिन्छ । किन्तु अद्वैत-मतानुसार प्रपञ्च स्वरूपहीन हुनाले कुनै वस्तुमा प्रपञ्चको कल्पना गर्न सकिँदैन । सर्पादि पदार्थहरू सत्य हुनाले रज्जु आदि पदार्थहरूमा तिनको कल्पना गरिन्छ । आकाशमा जो नीलो रङ देखिन्छ त्यो सत्य पदार्थ हो र अन्य स्थानमा पनि त्यसको अनुभव हुन्छ । स्वप्नमा, यस जन्ममा अथवा जन्मान्तरमा दृष्ट अथवा श्रुत पदार्थकै अनुभव हुन्छ । भागवतको एकादशस्कन्धमा स्वयं भगवान्ले भन्नुभयो कि "अदृष्टादश्रुताद् भावान्न भाव उपजायते" (भाग. ११।२६।२३)अदृष्ट अथवा अश्रुत विषयबाट विषयान्तरको उत्पत्ति हुँदैन ।

पूर्वपक्ष— केवल सत्य पदार्थकै अन्य वस्तुमा आरोप हुन सक्तछ भन्ने नियम छैन अथवा जुन वस्तुको कुनै समयमा

प्रतीति भएको छ त्यस्तो वस्तुकै आरोप हुन सक्तछ भन्ने नियम पनि छैन किन कि जुन वस्तु शशशृङ्ग जस्तै अत्यन्त असत् हो त्यसको प्रतीति नै सम्भव हुँदैन ।

रज्जुमा सर्पको कल्पना गर्दा चक्षुको दोष इत्यादि कारण हुन्छन् त्यस्तै ब्रह्ममा प्रपञ्चको प्रतीति हुन अविद्यारूप-दोष नै कारण हो, विषयको सत्यताको अर्थात् प्रपञ्च सत्य हुनुपर्छ भन्ने आवश्यकता छैन ।

उत्तरपक्ष— यो सङ्गत होइन । किन कि कारणको सत्ता छ भने त्यसबाट कार्यको उत्पत्ति हुन सक्तछ । किन्तु अद्वैत-मतानुसार प्रपञ्च-प्रतीति-रूपकार्यको कारण अविद्या हो। यो अविद्या मिथ्या हुनाले त्यसबाट प्रपञ्चको प्रतीतिरूप-कार्यको उत्पत्ति सम्भव हुँदैन ।

पूर्वपक्ष— रज्जुमा आरोपित (कल्पित भएको) सर्प मिथ्या भएर पनि भयोत्पादनरूप सत्य कार्यको कारण हुन्छ अतः कार्यको निमित्त सर्वत्र कारणको सत्यता चाहिन्छ भन्ने नियम छैन ।

उत्तरपक्ष— यो उक्ति पनि सङ्गत होइन । किन कि जसमा अर्को वस्तु सृष्टि गर्ने अनुकूल शक्ति विद्यमान हुन्छ त्यसैलाई कारण भन्दछन् । मिथ्या पदार्थमा अर्को वस्तु सृष्टि गर्ने अनुकूल शक्ति रहनु असम्भव हुनाले जड पदार्थ कारण हुन सक्तैन । रज्जु-सर्पको दृष्टान्तस्थानमा पनि कल्पित (मिथ्या) सर्प भयरूप सत्य कार्यको कारण होइन किन्तु तादृश सर्पविषयक ज्ञान नै भयको कारण हो । सर्पविषयक ज्ञान सत्य पदार्थ हो;

त्यस कारण त्यस ज्ञानबाट भयरूप सत्य कार्योत्पत्ति हुन केही बाधा छैन ।

पूर्वपक्ष– रज्जुमा कल्पित सर्प मिथ्या भए तापनि जस्तो त्यो मिथ्या सर्पविषयक ज्ञानको कारण हुन्छ त्यस्तै त्यो मिथ्या सर्प भयको पनि कारण किन हुँदैन ? हुन सक्तछ ।

उत्तरपक्ष– यसको उत्तर यस्तो छ कि उक्त स्थलमा कल्पित सर्प (सर्पज्ञानको) कारण होइन किन्तु चक्षुको रोग, दूरत्व इत्यादि दोष नै मिथ्या वस्तुविषयक ज्ञानको कारण हो । भ्रमस्थानमा अर्थात् जहाँ जहाँ भ्रम हुन्छ त्यहाँ 'विषय' ज्ञानको कारण हुँदैन यही हो नियम ।

पूर्वपक्ष– हामीहरू पनि घट-पट इत्यादि वस्तुहरूलाई अत्यन्त मिथ्या भन्दैनौं, किन्तु ब्रह्मज्ञानोत्पत्तिको पूर्वक्षणसम्म तौ वस्तुहरूका व्यावहारिक सत्ता मान्दछौं ।

उत्तरपक्ष– यो उक्ति पनि असंगत हो किनकि शुक्तिमा कल्पित रजत जस्तै जसको स्वरूप नै मिथ्या हो त्यो कदापि व्यवहारयोग्य हुन सक्तैन ।

पूर्वपक्ष– स्वप्नमा दृष्ट पदार्थ मिथ्या भएर पनि स्वप्न देखिन्जेल (स्वप्नकालमा) त्यो पदार्थ व्यवहारयोग्य रूपले दृष्ट हुन्छ ।

उत्तरपक्ष– त्यसो हुनाले प्रातिभासिक (शुक्ति इत्यादि पदार्थमा कल्पित रजतादि पदार्थ) र व्यावहारिक घट-पट प्रभृति पदार्थको भेद-निर्णय गर्नु असम्भव हुन्छ । अर्थात् कुन पदार्थ त्यस प्रकारले कल्पित हो र कुन पदार्थ त्यस्तो व्यवहारको

उपयोगी सत्ताविशिष्ट हो त्यो निर्धारण गरेर भन्न सक्दैनौं । जस्तो रज्जुमा कल्पित सर्प, चिरिएको भुईं अथवा जलधारा इत्यादि सबै मिथ्या हुन् अर्थात् रज्जुलाई सर्प, चिरिएको भुईं अथवा पानीको धार जुनसुकै रूपले कल्पना गरियोस् ती सबै समान रूपले मिथ्या हुन् तिनका मिथ्यात्वमा भेद छैन त्यस्तै एउटै ब्रह्ममा कल्पित मिथ्या पदार्थहरूमध्ये यो प्रातिभासिक सत्ताविशिष्ट हो र यो व्यावहारिक सत्ताविशिष्ट हो भने यस प्रकारले भेद हुन सक्तैन ।

पूर्वपक्ष– अवच्छेदवादमा अर्थात् ब्रह्म अज्ञानद्वारा अवच्छिन्न (सीमाबद्ध) हुनुभएको छ यस प्रकारले निर्दिष्ट ब्रह्मले नै जीव इत्यादि नामहरू प्राप्त गर्नुभएको छ (यस मतमा) जस्तो अनेक वृक्षहरूका समष्टिलाई यो एउटा वन हो भनेर भन्दछन् त्यस्तै अनेक रूपले प्रकाशित जीवमा रहेका अज्ञान-हरूका समष्टि एउटै हो भन्ने व्यावहारिक नाम दिइन्छ । यी अज्ञानहरूका समष्टि उत्कृष्ट हो अर्थात् सृष्टिकालमा मूलप्रकृति बाहेक मन, बुद्धि प्रभृति कुनै क्षुद्र उपाधि (अवच्छेद) थिएन । त्यस कारण त्यस बखत केवल प्रकृतिद्वारा उपहित (आच्छन्न) ईश्वर-चैतन्य उत्कृष्ट हुनुहुन्थ्यो। यो मूलप्रकृति भन्ने उपाधिको सत्त्वगुण प्रधान हो। सत्त्व, रजः र तमः यी तीन गुणहरूका साम्या-वस्थामा सृष्टि हुँदैन । यी तीन गुणहरू असमान भएर जब कुनै एउटा गुण वृद्धिप्राप्त हुन्छ त्यस बखत सृष्टि हुन्छ । सृष्टिको आरम्भमा प्रकृतिको अर्थात् अज्ञानको सर्वप्रकाशक,सबैको बीज-रूपी सुखमय र ज्ञानमय सत्त्व भन्ने अंश वृद्धिप्राप्त हुन्छ तथा त्यस-

बाट महत्तत्त्वको सृष्टि हुन्छ। त्यस कारण समष्टि अज्ञान अथवा महत्तत्त्वको सत्त्वगुण प्रधान र प्रबल रहन्छ। रजोगुण र तमोगुण लुप्तप्राय अथवा सत्त्वगुणद्वारा अभिभूत भइरहन्छन्। त्यस कारण महत्तत्त्वलाई शुद्ध सत्त्वप्रधान भन्दछन् र यसद्वारा उपहित (आच्छन्न) चैतन्य वस्तु नै सर्वज्ञ, सर्वेश्वर, सर्वनियन्ता, सर्वान्तर्यामी जगत्कारण ईश्वर-नामले कथित हुनुहुन्छ। उहाँ समस्त अज्ञानको प्रकाशक हुनाले सर्वज्ञ नामले विशिष्ट हुनुहुन्छ। यस विषयमा "यः सर्वज्ञःसर्ववित्" यो श्रुति नै प्रमाण हो। अज्ञानको यो समष्टि नै समस्त जगत्को कारण हुनाले कारण-शरीर यस नामले, प्रचुर आनन्दयुक्त र कोष (तरवारको दाप) जस्तै ब्रह्मको आच्छादक हुनाले आनन्दमय कोष भन्ने नामले, समस्त जगत्को विश्राम-स्थान हुनाले सुषुप्ति भन्ने नामले तथा स्थूल र सूक्ष्म अर्थात् विराट् र हिरण्यगर्भको यावतीय प्रपञ्चको प्रलयस्थान भन्ने नामले कथित हुन्छन्। जस्तो एउटै वन व्यष्टि रूपले अर्थात् वृक्षरूपले अनेक हुन् भनेर व्यवहारमा भनिन्छ त्यस्तै अज्ञानको समष्टि पनि पृथक् पृथक् रूपले अनेक (अज्ञान) हुन् भनेर व्यवहारमा भनिन्छ। यस विषयमा "इन्द्रो मायाभिः पूरुरूप ईयते" (वृहदा. २।५।१९) —इन्द्र (ईश्वर) मायाभिः (आफ्नो शक्तिहरूद्वारा) बहु रूप प्राप्त गर्नुहुन्छ, यो श्रुति नै प्रमाण हो। व्यष्टि अज्ञान नै हेय उपाधि-विशिष्ट हुनाले मलिन सत्त्व प्रधान हो। महत्तत्त्वनामक मूल अज्ञानपछि त्यसको रजः र तमः अंश प्रवृद्ध भएर अहंकार अन्तःकरणहरूको सृष्टि भएको थियो, रजस्तमोगुण-मिश्रित हुनाले

अन्तःकरण आदिका प्रकाश-शक्ति थोरै हो, त्यस कारण तदुपहित (अन्तःकरणद्वारा अवच्छिन्न) जीवचैतन्य अल्पज्ञ र मलिन सत्त्वप्रधान हो, तथा यसद्वारा उपहित (अवच्छिन्न) चैतन्य वस्तु अल्पज्ञ हुनाले प्राज्ञ (प्रायः अज्ञ) भनेर कथित हुन्छ । यो प्राज्ञ समस्त अज्ञानको प्रकाशक नभएर यत्किञ्चित् अज्ञानको प्रकाश गर्दछ, त्यस कारण उहाँको नाम प्राज्ञ भएको छ । वन र वृक्षमा जस्तो अभेद छ त्यस्तै समष्टि अज्ञान र व्यष्टि अज्ञानमा पनि अभेद छ । तथा यी दुई थरीका अज्ञानद्वारा आच्छादित ईश्वर र प्राज्ञ भन्ने चैतन्य वस्तुका पनि वृक्षद्वारा आच्छादित आकाश र वनद्वारा आच्छादित आकाशको जस्तै अभेद विद्यमान छ । वन, वृक्ष र यी दुवैद्वारा आच्छादित आकाशको आधाररूप जस्तो एउटा निरवच्छिन्न महाकाश छ त्यस्तै समष्टि र व्यष्टि अज्ञान र यी दुवैद्वारा आच्छादित चैतन्यको आधाररूप जो निरवच्छिन्न चैतन्य हुनुहुन्छ उहाँ नै तुरीय (चतुर्थ) अर्थात् विराट्, हिरण्यगर्भ र ईश्वर भन्दा केवल चैतन्य जस्तो चतुर्थ हुनुहुन्छ त्यस्तै जीवको पनि विश्व, तैजस र प्राज्ञ भन्ने अवस्था-हरू भन्दा केवल चैतन्यावस्था तुरीय (चतुर्थ) हुनुहुन्छ । उहाँ निर्गुण हुनाले र उहाँको नामकल्पना नहुनाले उहाँ चतुर्थ शब्दले उल्लिखित हुनुहुन्छ । यस विषयमा "शिवमद्वैतं चतुर्थं मन्यन्ते"– उनै शिव (मङ्गलमय) अद्वितीय चैतन्य नै चतुर्थ नामले निर्धारित हुनुभयो । यो श्रुति-प्रमाण हो । विशुद्ध चैतन्य स्वरूप तुरीय वस्तु जब अज्ञान र त्यसद्वारा अवच्छिन्न चैतन्यद्वयसँग अपृथक् रूपले निर्दिष्ट हुनुहुन्छ त्यस बखत उहाँ "तत्त्वमसि"

यस महावाक्यको वाच्य रूपले तथा जब पृथक् रूपले निर्दिष्ट हुनुहुन्छ त्यस बखत उक्त महावाक्यको लक्ष्यरूपले कथित हुनुहुन्छ। यस किसिमले माथि अद्‌वैतमतको जो वर्णन गरियो त्यो असंगत हो।

उत्तरपक्ष– किन कि निरवछिन्न तुरीय चैतन्य वस्तु ईश्वरको आधार हुनुहुन्छ, अद्‌वैतवादीहरूका यी कथन "मूलमनाधारम्"– जो जगत्‌को मूल हुनुहुन्छ उहाँको कुनै आधार छैन, "दिव्यो देव एको नारायणः"– उहाँ दिव्य (वैकुण्ठवासी) नारायण भन्ने एक अर्थात् अद्वितीय हुनुहुन्छ। "आत्माधारोऽखिलाश्रयः" —समस्त जगत्‌को जो आश्रय हुनुहुन्छ उहाँ आत्माधार हुनुहुन्छ अर्थात् आफै आफ्नो आधार इत्यादि श्रुतिवाक्यसँग विरोध उपस्थित हुनेछ किन कि यी श्रुतिवाक्यहरूद्वारा जानिन्छ कि ईश्वरलाई कुनै आधारको अपेक्षा छैन। वृक्षहरूका समष्टिकै नाम वन हो। त्यस कारण पहिला वृक्षहरूको उत्पत्ति हुनुपर्दछ त्यसपछि ती वृक्षहरूका समष्टि वनको रूपले परिणत हुन सक्तछ। अद्‌वैतवादीहरूको दृष्टान्तमा पनि जीवहरूलाई वृक्षहरू जस्तै र जीवहरूका समष्टि ईश्वरलाई वन जस्तै भनेको हुनाले त्यस कारण यो कथनद्वारा सिद्ध हुन्छ कि जीवको उत्पत्तिपछि ईश्वरको उत्पत्ति भएको छ। किन्तु यसो भन्दा धेरै श्रुतिसँग विरोध हुन्छ। यथा "एकोऽहं बहु स्याम्" (छान्दोग्य)– ब्रह्म एक हुनुहुन्थ्यो पछि उहाँले सङ्कल्प गर्नुभयो कि म बहु रूप-धारण गरी बहु हुन्छु (छान्दो. ६।२।३)। "अनेन जीवेनात्मनानुप्रविश्य नामरूपे व्याकरवाणि"

—म जीवात्माभित्र प्रवेश गरेर जीवद्वारा अरू सबैमा अन्त:प्रविष्ट भई नाम र रूपको विभाग गरुँला । यस किसिमले श्रुतिमा ईश्वरको सङ्कल्पपूर्वक बहु भाव-धारण र जीवभाव-प्राप्तिको बारेमा जो उक्त भएको छ त्यो असम्भव हो । समष्टिकै जन्म पहिला हुन्छ, त्यसपछि त्यै समष्टिकै अंश व्यष्टिनामले कथित हुन्छ त्यस कारण समष्टि रूप ईश्वरको जीवभाव अथवा बहु भाव असम्भव होइन । यसको उत्तर यस्तो छ— व्यष्टिको समूहावस्थाकै नाम समष्टि हो । त्यस कारण व्यष्टिकै जन्म पहिला हुन्छ, यो वन, सेना, राशि प्रभृति स्थलमा देखिन्छ । एउटा एउटा सिपाही जम्मा भएपछि धेरै सिपाहीहरूको नाम सेना हो । एउटा एउटा वृक्ष उम्रेर ठूलो भएपछि ती सबै वृक्ष-हरूको नाम वन हो । एउटा एउटा गरेर धेरै वस्तु एकत्रित भए राशि नाम पर्दछ । त्यस कारण यस्ता स्थानहरूमा सर्वत्र व्यष्टिको जन्म पहिला हुन्छ भन्ने देखिन्छ ।

प्रश्न—जीव जब समष्टि अवस्थामा रहन्छ त्यस बखत जीवको अस्तित्व रहन्छ कि रहँदैन ? रहन्छ भने जीवभाव-धारणको निमित्त ईश्वरले व्यर्थ सङ्कल्प गर्ने आवश्यकता के छ ? जीवको अस्तित्व त्यस बखत रहँदैन भने यो भन्नु असङ्गत हो । किन कि श्रुति नै भन्दछ "न जायते म्रियते वा विपश्चित्" (कठ. १।२।१८) —जीव कहिल्यै जन्मँदैन अथवा मर्दैन, सर्ब कालमा अवस्थित रहन्छन् भन्ने जानिन्छ । जीवको पूर्वकर्म-को फल-भोगको निमित्त जगत्-सृष्टि भएको हुनाले जीवको सत्ता सर्वदा रहन्छ भनी जानिन्छ । अन्यथा जीव-सृष्टि आकस्मिक हो

भने (कुनै एक निर्दिष्ट समयमा भएको छ भने) त्योभन्दा अगाडि जीव र त्यसको शुभाशुभ कर्म थिएनन् भन्नुपर्‍यो। त्यस कारण प्रथम सृष्टिमै देव, मनुष्य, कीट, पतङ्ग इत्यादि विषम भावको सङ्गति नै हुँदैन। ब्रह्मसूत्रमा यस्तै छ, "वैषम्य-नैर्घृण्ये न सापेक्षत्वात् तथा दर्शयति"- ईश्वरको वैषम्य र निर्दयता छैनन् किन भने उहाँ कर्म-सापेक्ष हुनुहुन्छ, यो श्रुतिमा देखिन्छ। अर्थात् देवता इत्यादि विषम सृष्टिको बारेमा भगवान्ले जीव-हरूका पूर्वकृत कर्मको अपेक्षा गर्नुहुन्छ, देवता आदि शरीरहरू जीवहरूका कर्मसापेक्ष हुन्। यो विषयमा श्रुति पनि छ यथा, "साधुकारी साधुर्भवति पापकारी पापो भवति पुण्यः पुण्येन कर्मणा भवति पापः पापेन" (बृहदा. ४।४।५), "न कर्माविभा-गादिति चेन्नानादित्वात् उपपद्यते चाप्युपलभ्यतेच" (ब्र. सू. २।१।३५)– उत्तम कर्म गर्ने मानिस उत्तम (देवादि) शरीर तथा पाप-कर्म गर्ने मानिस नरकको योग्य पापशरीर-लाभ गर्दछ। पुण्यकर्म गरेर पुण्यवान् र पाप-कर्मद्वारा पापी हुन्छ।

पूर्वपक्ष— हे वत्स ! सृष्टिको अगाडि सत् मात्र हुनुहुन्थ्यो, "सदेव सौम्येदमग्र आसीत्" यस श्रुतिद्वारा सृष्टिभन्दा अगाडि ब्रह्मको अविभक्त रूपले अवस्थानले गर्दा जीवको अभाव नै जानिन्छ। अतः जीवको अभाव हुनाले तदीय शुभाशुभ पूर्वकर्मको पनि अभाव थियो। त्यस कारण प्रथम सृष्टिमै देव, मनुष्य, नारकी इत्यादि विभागको वैषम्य कसरी सङ्गत हुन्छ।

उत्तरपक्ष— यस विषयमा व्यासजीले प्रश्नोत्तर-रूपले सूत्र बनाउनुभयो, यथा "त्यस बखत (सृष्टिको अगाडि) कर्म

थिएन कि त्यस बखत ब्रह्मको जीवरूपले विभाग थिएन।"

उत्तर– यस्तो भन्न सकिंदैन। जीव र त्यसको कर्मप्रवाह अनादिकालदेखि विद्यमान भइआएका छन्। यो विषय युक्तिद्वारा उपपन्न र शास्त्रद्वारा उपलब्ध हुन्छ (ब्र. सू. २।१।३५)। जीव अनादि कालदेखि विद्यमान छ भने "हे वत्स, सृष्टिको अगाडि केवल सन्मात्र हुनुहुन्थ्यो। यस प्रकारले अविभक्त रूपले ब्रह्मको अवस्थान कसरी सम्भव हुन्छ।" यस शंकाको समाधानको निमित्त व्यासजीले भन्नुभयो, "जीव र ब्रह्म अनादि हुन् तापनि उहाँहरूका अविभक्त रूपले अवस्थान सम्भव हुन्छ। किन कि प्रलयकालमा जीव ब्रह्मको शरीर भए तापनि जीवको नाम र रूप नहुनाले पृथक् रूपले निर्देशको अयोग्य अति सूक्ष्मावस्थामा विद्यमान थियो। यस स्थलमा एतादृश सूक्ष्मावस्थामा अवस्थान नै अविभाग हो। किन्तु जीवको अत्यन्त अभाव अविभाग होइन। अन्यथा जीवलाई उत्पत्तिशील भन्दा त्यसको विनाश पनि युक्तिसिद्ध भइहाल्दछ। किन कि उत्पत्तिशील सबै पदार्थहरू विनाशी हुन्। अतएव जीवउत्पत्ति विनाशशील हो भने अकृताभ्यागम र कृतविप्रणाश भन्ने दुइटा दोष उपस्थित हुनेछन्। अकृताभ्यागम—अकृत– जो गरिएको छैन, त्यसको अभ्यागम— उपस्थिति वा प्राप्ति। कृतविप्रणाश: कृत— गरिएको कर्मको, विप्रणाश– फलभोगविना विनाश। जीवको उत्पत्तिको अगाडि जीवको सत्ता थिएन भने त्यस बखत देव अथवा नारकी शरीर-प्राप्तिको निमित्त सत् वा असत् कर्म पनि थिएन। अतः प्रथम सृष्टिकालमा तादृश उत्तम, अधम शरीर-प्राप्तिलाई अकृतविषयकै

प्राप्ति तथा कृतविषयको नाश अर्थात् फललाभ नहुनु भन्दछन् । यस स्थलमा पनि जीव विनाशशील हो भने देहत्याग भए त्यसको अस्तित्व रहँदैन, त्यस कारण शुभाशुभकृत कर्मको विनाश नै हुन्छ अर्थात् फलभोग हुँदैन । यी दुई विषयहरू अनुभव र युक्तिविरुद्ध हुनाले दोषमध्ये गण्य हुन्छन् । "न जायते म्रियते वा विपश्चित् ।" (कठ उप.)–जीवात्मा जन्मँदैन अथवा मर्दैन—यस श्रुतिवाक्यद्वारा तथा "सूर्याचन्द्रमसौ धाता यथा पूर्वमकल्पयत्"– विधाताले सूर्य र चन्द्रमालाई पूर्वसृष्टिको अनुरूप सृष्टि गर्नुभयो । यस श्रुतिवाक्यद्वारा पनि सृष्टिप्रवाहको अनादित्व उपलब्ध हुन्छ । "तद्धीदं तर्ह्यव्याकृतमासीत्", "तन्नाम-रूपाभ्यां व्यक्रियत"–इति जीव र प्रपञ्च त्यस बखत अव्याकृत अर्थात् अविभक्त थिए, तिनलाई नाम र रूपद्वारा विभक्त गर्नुभयो, केवल नाम र रूपको विभागमात्र नवीन हो भनी जानिन्छ । "प्रकृतिं पुरुषं चैव विद्ध्यनादी उभावपि" (गीता) —प्रकृति र जीवात्मा दुवैलाई अनादि जान । "सर्वभूतानि कौन्तेय प्रकृतिं यान्ति मामिकाम्" (गीता)—प्रलयकालमा सबै जीवहरू मेरो प्रकृतिलाई प्राप्त गर्दछन् । यी स्मृतिवाक्यहरूद्वारा पनि जीवको अनादित्व सिद्ध हुन्छ । "घटे भिन्ने यथाकाश आकाशः स्यात् यथा पुरा । एवं देहे मृते जीवो ब्रह्म सम्पद्यते तथा ॥"–घट भग्न भएपछि त्यसभित्रको घटाकाश भन्ने अवच्छिन्न आकाश जस्तो अवच्छेद-रहित महाकाशको रूप प्राप्त गर्दछ त्यस्तै जीवको देहत्याग भए-पछि त्यस शरीरद्वारा अवच्छिन्न जीवभाव-प्राप्त ब्रह्म पनि अवच्छेदरहित ब्रह्मभाव पुनः प्राप्त गर्नुहुन्छ । यस प्रकार

घटाकाश र महाकाशको दृष्टान्तद्वारा ब्रह्म नै देहादिद्वारा अवच्छिन्न भएर जीवभाव प्राप्त गर्नुहुन्छ भनेर जानियो । यो सङ्गत होइन । किन कि घट र महाकाशको दृष्टान्तद्वारा देहादिले अवच्छिन्न ब्रह्मको अंश नै जीव हो भने त्यसो हुनाले घटलाई एक स्थानबाट अर्को स्थानमा लिएर गए घटद्वारा आबद्ध पूर्वस्थानको आकाश मुक्त भएर महाकाशमा परिणत हुन्छ तथा जुन स्थानमा घटलाई लग्यो त्यस स्थानको महाकाशको अलिकति अंश घटले आबद्ध गर्दछ । त्यस्तै देहादि पनि एक स्थानबाट अन्य स्थानमा गए त्यो देहादिले ब्रह्मको जति अंश आबद्ध भएर पूर्वस्थानमा जीवभाव प्राप्त गर्नुभयो त्यति अंश मुक्त हुन्छ र जुन स्थानमा देहादि लगियो त्यस स्थान-को अघिदेखि मुक्त अलिकति अंश देहादिले बद्ध भई नयाँ जीव-भात्र प्राप्त गर्नुहुन्छ भन्ने यस्तै सिद्धान्त उपस्थित हुन्छ । किन्तु यो हुन सक्तैन । किन कि कुनै एक स्थानमा देहको अवस्थान कालमा म यस स्थानमा अवस्थान गर्छु भन्ने आत्मालाई ज्ञान उत्पन्न हुन्छ । त्यै देह अन्य स्थानमा गए तापनि देहमा रहने एउटै आत्मालाई म अघि त्यहाँ थिएँ अहिले यहाँ आएको छु भन्ने ज्ञान पैदा हुन्छ अर्थात् पूर्व र परवर्ती क्रियाको कर्ता एउटै आत्मा हो भन्ने ज्ञान हुन्छ । किन्तु अद्‌वैतमतबमोजिम घट र आकाशको दृष्टान्तअनुसार उपाधि नै अर्थात् केवल घट अन्य स्थानमा जान्छ आत्मा जाँदैन । त्यस कारण पूर्वस्थानको र परवर्ती स्थानको आत्मा भिन्न भिन्न हुनाले पूर्वस्थानमा म थिएँ, अहिले म यहाँ आएको छु भन्ने प्रत्यक्ष अनुभवको अपलाप

हुन्थ्यो । यस प्रकारले देहको स्थानभेदले जीवको पनि भेद हुन्छ भने देह एक स्थानमा अवस्थान गर्दा त्यस देहले अवच्छिन्न आत्माले त्यस स्थानमा कुनै सत् वा असत् कर्म गर्‍यो भने स्थानान्तरमा गएर त्यै आत्माले त्यै कर्मको फलरूपले पुरस्कार अथवा दण्ड भोग्दा त्यस स्थानको जीव अर्कै जीव हुनाले एउटा जीवले गरेको कर्मको फल अर्कोले भोग्नुपर्‍यो भन्ने अत्यन्त युक्तिविरुद्ध कार्यको अवतारणा हुन्छ ।

पूर्वपक्ष— देहादि उपाधिको गमनागमनले गर्दा प्रतिक्षणमा जीवको भेद भए तापनि देहद्वारा अवच्छिन्न जीव-धारा एउटै हो र पूर्ववर्ती जीवबाट परवर्ती जीवमा यसबाट यसको पनि परवर्ती जीवमा क्रमशः वासनाको संचार हुन्छ । त्यस कारण स्थानान्तरमा गए तापनि म अघि त्यस स्थानमा थिएँ अहिले यस स्थानमा आएको छु भन्ने पूर्वापर क्रियाको एककर्तृत्वज्ञान अथवा पूर्वोक्त सदसत् कर्मको फलभोगको बारेमा केही असङ्गति हुँदैन ।

उत्तरपक्ष— यो ठीक होइन अद्वैतमत नै ठीक छ भन्दा क्षणिकविज्ञानवादी बौद्ध मत जस्तै अद्वैतमतद्वारा पनि आत्मा-को अनित्यत्व सिद्ध हुनेछ । यो अत्यन्त असङ्गत हो । किन कि त्यसो हुनाले मानिसको कृतकर्मको फलभोग असम्भव हुनेछ । तथा जुन कर्म गरिएको छैन त्यसको फलभोग गर्नुपर्‍यो भन्ने महा अनर्थ उपस्थित हुनेछ । अद्वैतमतमा जीवात्मा गतिहीन र देहादि उपाधि नै गतिशील हुनाले देहले एउटा स्थान छोड्दा त्यस स्थानको देहावच्छिन्न आत्मा मुक्त भइहाल्दछ तैपनि अन्य

देहरूप, अन्य उपाधि त्यहाँ आएर त्यै आत्मालाई फेरि बद्ध गर्न सक्तछ । यस प्रकारले आत्माको मुक्ति नै असम्भव हुन सक्तछ, बरु उपाधिको नाश निर्विवाद हुनाले तथा उपाधिकै गमनागमन हुनाले उपाधिकै मुक्ति सम्भव हुनेछ । "घटे भिन्ने यथाकाश आकाशः स्यात् यथा पुरा" यो दृष्टान्त-श्लोकको अर्थ यस्तो छ— जस्तो शब्दगुणयुक्त अतिशय अवकाशप्रद अनावृत्त आकाश घटद्वारा आबद्ध भएर अल्प अवकाशदायक भएर पनि घटको भङ्गुरत्वादि स्वाभाविक दोषले लिप्त हुँदैन तथा घट भग्न भए फेरि पूर्ववत् अतिशय अवकाशदायक भइहाल्दछ त्यस्तै स्वाभाविक सत्य सङ्कल्पादि गुणयुक्त असंसारी जीव संसारदशामा अल्पज्ञ र भगवान्देखि विच्छिन्न रूपले अवस्थान गरेर पनि जन्म-मरणादि देहधर्मले लिप्त हुँदैन । तथा देह मृत भए अर्थात् स्थूलसूक्ष्म उपाधिनिवृत्त भए फेरि ब्रह्मभावसम्पन्न हुन्छ । अर्थात् अपहत-पाप्मत्त्वादि गुणाष्टकयुक्त भइहाल्दछ । सूत्रकार व्यासजीले लेख्नु-भयो "सम्पद्याविर्भावः स्वेन शब्दात्" (ब्र. सू. ४।४।१)—अर्थात् अर्चिरादि मार्गबाट वैकुण्ठ गएर परज्योति परब्रह्म नारायणको सान्निध्य-लाभ गरेर मुक्त जीवले जुन अवस्था प्राप्त गर्दछ त्यो स्वीय रूपकै आविर्भाव हो किन्तु नयाँ रूपको आविर्भाव होइन । किन कि श्रुतिमा "स्वेन रूपेणाभिनिष्पद्यते" भन्ने निर्देश छ । (छा. १८।१२।३) अर्थात् सर्वतोभावले आफ्नै रूप प्राप्त गर्दछ । उक्त प्रमाणानुसार त्यस बखत जीवको बृहत्वादि गुणकै आविर्भाव हुन्छ । "ब्रह्मणो महिमानमाप्नोति"—ब्रह्मको महिमा प्राप्त गर्दछ, "स चानन्त्याय कल्पते" (श्वेताश्व.५।९)—उनै अणुपरिमाण जीव

मुक्तावस्थामा अनन्त हुन योग्य हुन्छ ।

"अनेन जीवेनात्मनानुप्रविश्य नामरूपे व्याकरवाणि" (छा. ६। ३। २।) —"जीवात्माभित्र प्रविष्ट भएर तद्द्वारा नाम र रूपको विस्तृत प्रकाशन गरुँला" ब्रह्मको यस सङ्कल्प-वाक्यले ब्रह्मकै जीवभावप्राप्ति जानिन्छ । यहाँ यो विचार गर्नु-पर्दछ कि निर्विशेष ब्रह्म अथवा माया-उपाधियुक्त ईश्वर यहाँ दुई जनामध्ये कसले उक्त सङ्कल्पपूर्वक जीवभाव प्राप्त गर्नु भयो ? निर्विशेष ब्रह्मले सङ्कल्प गर्नु असम्भव हुनाले उहाँले जीवभाव प्राप्त गर्नुभएन । ईश्वरले जीवभाव प्राप्त गर्नुभयो भन्नु पनि असङ्गत हो, किन कि अद्वैतमतानुसार विशुद्ध सत्त्व-प्रधान तत्त्व नै इश्वर हुनुहुन्छ र मलिन सत्त्वप्रधान तत्त्व नै जीव हो । त्यसो हुनाले जो विशुद्ध सत्त्वप्रधान हुनुहुन्छ उहाँ किन आफ्नो इच्छाले मलिन सत्त्वप्रधान भन्ने रूप अर्थात् जीवभाव धारण गर्लान् ? जगत्मा उन्मत्त व्यक्ति बाहेक कसैले आफ्नो यस्तो अनिष्ट कल्पना गर्दैन । अथवा ब्रह्मले आफ्नू सङ्कल्पद्वारा जीवभाव प्राप्त गर्नुहुन्न किन्तु ईश्वरले नै यस्तो सङ्कल्पपूर्वक जीवभाव प्राप्त गर्नुभयो भने यहाँ यो जानियो कि ईश्वरले आफ्नो उपाधि त्याग गरेर अन्य अवस्था धारण गर्न स्वयं समर्थ हुनुहुन्छ, तब उहाँले ब्रह्मको निर्विशेष अवस्था नै किन धारण गर्नु-भएन ?

पूर्वपक्ष— उहाँ (ईश्वर) विद्यारूप उपाधि (पूर्वोक्त विशुद्ध सत्त्वप्रधान उपाधि) युक्त भएर नै अविद्यारूप उपाधि (मलिन सत्त्वप्रधान उपाधि) धारण गरेर जीवभाव प्राप्त गर्नु-

हुन्छ । जीवभावप्राप्ति गर्न आफ्नो यथार्थ उपाधि-त्याग गर्नुपर्दैन ।

उत्तरपक्ष— त्यसो हुनाले विद्या र अविद्याको (विशुद्ध सत्त्व र मलिन सत्त्वको) साङ्कर्य (मिश्रण) दोष उपस्थित हुनेछ तथा ईश्वर र ब्रह्मलाई पृथक् रूपले जान्ने उपाय रहँदैन । ईश्वर र जीव भिन्न हुन् भन्दा ईश्वरको उपाधिको नाम विद्या र जीवको उपाधिको नाम अविद्या हो । यस प्रकारले विद्या र अविद्यालाई जान्न कुनै नियम हुन सक्तछ । किन्तु अद्‌वैत-मतानुसार ईश्वर आफ्नो विशुद्ध सत्त्वप्रधान उपाधि (विद्या-नामक उपाधि) विशिष्ट भएरै मलिन सत्त्वप्रधान (अविद्या-नामक) उपाधि धारण गर्नुहुन्छ, त्यसो हुनाले यी दुवै उपाधि-हरू ईश्वरकै हुनाले कुन विद्या र कुन अविद्या हो त्यो निर्धारण गर्नु असम्भव भइहाल्दछ । "अन्तः प्रविष्टः शास्ता जनानां सर्वात्मा"— अन्तर्यामी ईश्वर सर्व जीवको अन्तरमा प्रविष्ट भई सबैको परिचालन गर्नुहुन्छ, यस श्रुतिको तात्पर्यअनुसार जीव र ईश्वरलाई भिन्न सम्झनु नै उचित देखिन्छ, अन्यथा ईश्वर र जीव अभिन्न हुन् भने जीव आफै आफ्नो नियन्ता र आफै आफ्नो अन्तर्यामी हो भन्ने अर्थ हुन जान्छ तथा यो अर्थ स्वीकार गर्दा 'अग्नि आफूले आफूलाई जलाउँछ' यस्तो नितान्त असङ्गत अर्थ हुन्छ। "अन्य रूप त्याग गरी आफ्नो स्वरूपमा रहनु मुक्ति हो" (भाग. २।१०।६) मुक्तिको यस लक्षणअनुसार ईश्वरले जुन अवस्था त्याग गरी जीवभाव प्राप्त गर्नुभयो पुनः त्यै भावप्राप्ति नै मुक्ति हो यस्तै अर्थ हुन जान्छ। त्यसो हुनाले ईश्वरले आफ्नो

जीवभावको त्याग गरेर पुनः ईश्वर हुनु नै मुक्ति हो भन्नु पर्‍यो। त्यसो भन्दा अद्‌वैतमतानुसार निर्गुणमुक्तिवादको खण्डन भइहाल्दछ। व्यासजीले वेदान्तको सूत्र बनाउनुभएको छ यथा "इतरव्यपदेशाद्धिताकरणादिदोषप्रसक्तिः"— जीव ब्रह्म नै हो भने आफूले आफ्नो मङ्गल नगर्नु र अमङ्गल गर्नु भन्ने दोषको प्रसङ्ग उपस्थित हुनेछ। यसको विशेष अर्थ यस्तो छ –जगत् र ब्रह्मको अभेदवादी मायावादीहरू "तिमी नै ब्रह्म हौ" (छा.६।८।१), "यो आत्मा नै ब्रह्म हो" (बृहदा. ६।४।५) इत्यादि श्रुतिवाक्यहरूद्वारा जीव र ब्रह्मको अभेद कथित भएको छ भनेर भन्दछन्। यस विषयमा दोष-प्रदर्शन गरिन्छ— पूर्वोक्त श्रुतिवाक्यहरूद्वारा जीवको ब्रह्मभाव कथित भएको छ भने ब्रह्म सर्वज्ञ तथा सत्यसङ्कल्प भएर पनि जीवरूपले आफ्नो भोगका लागि सुखमय जगत् सृष्टि नगरेर उहाँले यस्तो दुःखमय जगत् किन सृष्टि गर्नुभयो भन्ने दोष उपस्थित हुनेछ। यस्ता अरू धेरै दोषहरू पनि उपस्थित हुनेछन्। स्वतन्त्र र बुद्धिमान् भएर कोही पनि आध्यात्मिक, आधिदैविक, आधिभौतिक अनन्त दुःखपूर्ण अहितकर जगत्‌निर्माणमा प्रवृत्त हुँदैन। अद्‌वैतमतमा जीव र ब्रह्मको अभेद स्वीकार गर्ने उपाय पनि छैन, किन कि जीव र ब्रह्मको अभेद भन्न प्रवृत्त हुनाले अद्‌वैतमतवादीहरूद्वारा भेदप्रतिपादक श्रुतिहरूको पूर्णतया परित्याग नै भएको छ किन भने भेद छँदा छँदै अभेद सिद्ध हुँदैन।

पूर्वपक्ष— जीव र ब्रह्मको अभेद स्वाभाविक हो किन्तु भेद औपाधिक (काल्पनिक) हो, जुन जुन श्रुतिवाक्यहरूमा

अभेद कथित भएको छ ती श्रुतिवाक्यहरूले स्वाभाविक अभेदको प्रतिपादन गरेका छन् किन्तु भेदप्रतिपादक श्रुतिहरूले औपाधिक भेदको प्रतिपादन गरेका छन्।

उत्तरपक्ष– त्यसो हुनाले यहाँ हाम्रो प्रश्न यो छ कि जगत्कारण ब्रह्मले जीव आफूसँग अभिन्न हो भनी जान्नुहुन्छ कि जान्नुहुन्न ? जान्नुहुन्न भने ब्रह्मको सर्वज्ञताको हानि हुन्छ। जान्नुहुन्छ भने आफूसँग अभिन्न जीवको दुःखलाई अफ्नो दुःख सम्झेर पनि ब्रह्मले किन आफ्नो हित नगरेर अहित गर्नुहुन्छ ?– यस्तो दोषप्रसङ्ग अनिवार्य भइहाल्दछ।

पूर्वपक्ष– "मायाभासेन जीवेशौ करोति"– आभासद्वारा मायाले जीव र ईश्वरलाई (पृथक्) गर्दछ। यस श्रुतिले जीव र ईश्वर ब्रह्मका प्रतिविम्ब हुन् भन्ने जानिन्छ। अतः मायामा प्रतिविम्बित हुनुभएको ब्रह्म नै ईश्वर र बुद्धितत्त्वमा प्रतिविम्बित हुनुभएको ब्रह्मनै जीव हुनुहुन्छ भनी निर्णीत भएको छ।

उत्तरपक्ष— यसो होइन। किन कि ब्रह्मको स्वरूप निर्विशेष ज्ञान मात्र हुनाले उहाँको प्रतिविम्ब हुनु असम्भव छ। प्रतिविम्बवादको श्रुतिसँग विरोध पनि छ किन कि श्रुतिमा ईश्वर र जीव दुवै नित्य र जन्मादिरहित हुन् भनी उक्त भएका छन्। यस विषयमा यस्ता प्रमाणहरू छन् यथा "स कारणं करणाधिपाधिपो न चास्य कश्चिज्जनिता न चाधिपः" (श्वेताश्व. ६।९)– ईश्वर सबैको कारण र जीवात्माको अधिपति हुनुहुन्छ, उहाँको अधिपति कोही छैन, उहाँलाई जन्माउने पनि कोही छैन।

"नजायते म्रियतेवा विपश्चित्" (कठ. १।२।१८)– 'जीव जन्म-मरण-शील होइन ।' अन्य श्रुतिवाक्यले पनि जानिन्छ कि ईश्वरले जीवहरूलाई इन्द्रियसहित शरीर-प्रदान गर्नुहुन्छ। यी श्रुतिवाक्य-हरूसँग प्रतिविम्बवादको विरोध हुन्छ । वेद-स्तुतिमा पनि छ, "बुद्धीन्द्रिय मनः प्राणान् जनानामसृजत् प्रभुः । मात्रार्थञ्च भवार्थं चात्मने कल्पनाय च ।।" (भाग. १०।८१।२)– 'ईश्वरले अर्थ (विषय), धर्म (जन्मलाभको हेतु पुण्यकर्म), तथा काम र मोक्ष-लाभको निमित्त जीवात्माहरूका बुद्धि, इन्द्रिय, मन र प्राण सृष्टि गर्नुभयो ।' 'मायाले आभासद्वारा जीव र ईश्वरलाई सृष्टि गर्दछ', यस श्रुतिको यथार्थ अर्थ यस्तो छ— 'मायाले आभासद्वारा अर्थात् अयथार्थ रूपले (जसको जस्तो यथार्थ स्वरूप हो त्यसको विसदृश रूपले) जीव र ईश्वरको प्रतिपादन गर्दछ ।' मायाले गर्दा विद्वान्हरूको मनमा यथार्थ तत्त्वको विपरीत भाव उत्पन्न गर्दछ । अयथार्थ अर्थमा आभास शब्दको प्रयोग देखिन्छ । यथा हेत्वाभास (अयथार्थ हेतु), धर्माभास (अयथार्थ धर्म) इत्यादि । यहाँ मायाकृत विपरीत भाव के हो भन्दछु । 'जीव जन्मरहित र नित्य हो तथा निरन्तर विद्यमान छ, तथा जीव आत्मा भएर पनि ईश्वर होइन (श्वेताश्व. १।२), 'ईश्वरत्वको अभाव हुनाले जीव मोहग्रस्त भई शोक गर्दछ ।' (श्वेताश्व. ४।७) इत्यादि वाक्योक्त प्रकारले मायाले जीवको बारेमा देहात्मबुद्धि स्वतन्त्रात्मबुद्धि भन्ने भ्रम पैदा गर्दछ । यसको फलले जीवले म देह हुँ, म ईश्वर हुँ, म भोगी हुँ यस्ता वाक्यहरूको प्रयोग गर्दछ । 'पतिं विश्वस्यात्मेश्वरम्'– ब्रह्म

जगत्‌को पति र जीवात्माको ईश्वर अथवा स्वतन्त्र हुनुहुन्छ ।' 'शाश्वतं शिवमच्युतम्'– 'ब्रह्म मङ्गलमय, नित्य र अच्युत स्वरूप हुनुहुन्छ ।' "यो मामजमनादिञ्च"– 'जसले मलाई जन्मरहित र अनादि जान्दछ ।' "आत्माधारोऽखिलाश्रयः"– ब्रह्म जगत्‌को आश्रय हुनुहुन्छ, उहाँको अन्य आधार छैन ।' यस्तो ईश्वरको बारेमा मायाले जीवहरूको अयथार्थ बुद्धि पैदा गर्दछ। तिनीहरू देहात्मबुद्धिविशिष्ट जीव हुन् । तिनीहरू ब्रह्मलाई माया उपाधियुक्त, अन्यद्वारा सृष्ट र अर्काको आश्रित सम्झन्छन् । गीतामा भगवान्‌का निम्नोक्त वाक्यहरू छन्– "अव्यक्तं व्यक्तिमापन्नं मन्यन्ते मामबुद्धयः'– 'अज्ञानीहरू यस्तो सम्झन्छन् कि अवतार लिनुभन्दा अगाडि म (कृष्ण) अरू राजाहरू सरह अव्यक्त (अप्रकट) थिएँ, अवतार लिएपछि प्रकट भएको छु,' (गीता)। "अवजानन्ति मां मूढाः"– 'अज्ञानी मूढ व्यक्तिहरू मलाई अवज्ञा गर्दछन्', "परं भावमजानन्तः"– मेरो श्रेष्ठ स्वरूप जान्दैनन् ।

पूर्वपक्ष– प्रतिविम्ब भन्ने अर्थमा पनि आभास शब्दको प्रसिद्धि छ । अतः यहाँ आभास शब्दको प्रतिविम्ब अर्थ नै लिनुपर्दछ ।

उत्तरपक्ष– त्यसो भन्न सकिँदैन । किन कि "असदेवेदमग्र आसीत्"– यो जगत् सृष्टिको अगाडि असत् थियो (तै. २।४।१) "वीरहा विषमः शून्यः" (विष्णुसहस्रनाम)– यहाँका असत् र शून्य यी दुई शब्दहरूको शून्य अर्थमै प्रसिद्धि हुनाले शून्य नै यथार्थ तत्त्व हो भन्ने जानिन्छ । तब अद्वैतवादीहरूले यो किन स्वीकार गर्नु हुन्न ? असत् र शून्य शब्दको शून्य अर्थ स्वीकार

नगर्ने कारण जो हो आभास शब्दको प्रतिविम्ब भन्ने अर्थ स्वीकार नगर्ने कारण पनि त्यै हो।

पूर्वपक्ष– तब "तत्त्वमसि"– 'तिमीनै ब्रह्म हौ' (छा. ६।८।१) इत्यादि श्रुतिवाक्यहरूमा जीव र ब्रह्मको एकता-को कथन कसरी सत्य होला ? यस विषयमा व्यासजीले सूत्र बनाउनुभएको छ यथा "अंशो नाना व्यपदेशादन्यथा चापि दास-कितवत्वादिमधीयत एके"– 'जीव ब्रह्मको अंश हो; कसरी ? भेद र अभेद रूप दुवै निर्देश छन्। जीव ब्रह्मको अंश हो किन कि नाना (भेद) अन्यथा (अभेद–एकत्व) शास्त्रमा यी दुई प्रकारका निर्देश छन्। भेद-निर्देश यस्तो छ– ब्रह्म स्रष्टा (सृष्टि गर्ने), जीव सृष्ट (सृष्टि गरिन), ब्रह्म नियन्ता, जीव नियन्तव्य, ब्रह्म सर्वज्ञ, जीव अज्ञ, ब्रह्म स्वतन्त्र, जीव पराधीन, ब्रह्म शुद्ध, जीव अशुद्ध, ब्रह्म अनन्त कल्याण-गुणहरूको आधार, जीव नाना दोषादियुक्त, ब्रह्म पति, जीव ब्रह्मको दास इत्यादि। 'अन्यथा' अर्थात् अभेद-निर्देश पनि पाइन्छ। यथा "तत्त्वमसि"–तिमी ब्रह्म हौ। "अयमात्मा ब्रह्म"– यो आत्मा ब्रह्म हो। कुनै श्रुतिमा ब्रह्मलाई दाश (नीच जाति) र कितव (धूर्त) इत्यादि पनि भनेको छ। यथा वेदको आथर्वण शाखामा छ– "ब्रह्मदाशा ब्रह्म-दासा ब्रह्मेमे कितवाः"– 'ब्रह्म नै दाश (जातिविशेष), ब्रह्म नै दास (कैवर्त), ब्रह्म नै यी धूर्तहरू हुनुहुन्छ।' यस उक्तिमा ब्रह्म नै दास र धूर्त इत्यादि भावविशिष्ट पनि हुनुहुन्छ भनेर उक्त भएको छ। ब्रह्म सबै जीवहरूको अन्तरमा व्यापक हुनुहुन्छ, त्यस कारण जीवसँग ब्रह्म अभिन्न रूपले व्यवहार हुन्छ, यही हो

तात्पर्य । श्रुतिमा पूर्वोक्त दुवै प्रकार (भेद र अभेद) व्यवहार देखिन्छ । अतः दुवै प्रकार व्यवहारको प्राधान्य-रक्षाको निमित्त जीव ब्रह्मको अंश हो भन्ने स्वीकार गर्नु सङ्गत हो । जीव र ब्रह्मको भेद प्रत्यक्ष प्रमाणद्वारा नै जानिन्छ । त्यस कारण भेदप्रतिपादक श्रुतिको अधिक प्रतिपाद्य विषय नहुनाले ती श्रुतिहरूको वास्तविक प्रामाण्य छैन । उपक्रम, उपसंहार, अभ्यास, अपूर्वता, फल, अर्थवाद, उपपत्ति यी लक्षणहरूद्वारा शास्त्रको अर्थ-निर्णयको नियम छ । अपूर्वताबाट शास्त्रको विषय-निर्णयको प्रणाली यस्तो छ— शास्त्रको जुन विषय अपूर्व हो अर्थात् कुनै प्रमाणद्वारा अघि प्राप्त भएको छैन त्यै हो शास्त्रको प्रधान प्रतिपाद्य विषय ; जुन विषय अन्य प्रमाणद्वारा प्राप्त छ त्यो प्रधान प्रतिपाद्य विषय होइन । यहाँ पनि श्रुतिकथित जीव र ब्रह्मको भेद अपूर्व नहुनाले यो शास्त्रको प्रतिपाद्य होइन किन कि शास्त्रपाठको अगाडि प्रत्यक्षादि प्रमाणद्वारा पनि भेद जानिन्छ । किन्तु अभेदप्रतिपादक श्रुतिको प्रतिपाद्य अभेद नै यथार्थ हो किन कि अभेद अपूर्व हो, शास्त्रपाठको अगाडि अरू कुनै उपायले अभेद जानिंदैन ।

उत्तरपक्ष— यो कथन सङ्गत होइन । किन कि जीवहरू ब्रह्मद्वारा सृष्ट, परिचालित, ब्रह्मका शरीर, उहाँको नियोगाधीन, ब्रह्ममा अवस्थित, ब्रह्मद्वारा पालित, उहाँको उपासक, ब्रह्मद्वारा विनाशयोग्य, ब्रह्मको प्रसादलब्ध धर्मार्थकाममोक्ष भन्ने पुरुषार्थको उपभोक्ता हुन् । यी विषयहरू र यी विषयहरूद्वारा सम्पादित जीव र ब्रह्मको भेद श्रुतिप्रमाण बाहेक अरू प्रत्यक्षादि

कुनै प्रमाणद्वारा जानिंदैनन् । अतः भेद-प्रतिपादक श्रुति-वाक्यको प्रामाण्यको हानि हुँदैन । भेद अपूर्व हुनाले भेद शास्त्रको प्रतिपाद्य विषय हो भन्ने निर्णीत भयो ।

अतः जुन जुन श्रुतिहरूमा जगत्को सृष्टि इत्यादि विषयहरू वर्णित भएका छन् ती विषयहरू प्रत्यक्षादि प्रमाणान्तरद्वारा सिद्ध हुन् । तिनीहरूको अनुवाद (पश्चात् कीर्तन)द्वारा ती विषयहरू मिथ्याभूत जगत्कै बारे जनाउँछन्—अद्वैतहरूको यो कथन पनि खण्डित भयो । स्मृतिमा पनि उक्त भएको छ यथा "अपिस्मर्यते" (ब्र. सू. २।३।४४), "ममैवांशो जीवलोके जीवभूतः सनातनः" (गीता १५।१)– 'मेरै विभिन्न अंशहरू संसारमा जीवरूपले नित्य विद्यमान छन् ।' यसको तात्पर्य यस्तो छ— मेरो विभूतिरूप-अंश नै स्वभावतः सत्यसङ्कल्पादि गुणयुक्त भएर पनि अनादि कालदेखि आचरण गरिएका कर्मनामक अविद्याको आवरणले स्वरूपको तिरोधानले गर्दा सङ्कुचित ज्ञान र ऐश्वर्य-विशिष्ट भई जीवलोकमा अर्थात् संसारदशामा जीवरूपले विद्यमान छ ।' श्रुतिमा पनि यस्तै छ यथा "त इमे सत्याः कामा अनृतापिधानाः" (छा. ८।३।१)– 'अघिका ती सत्य कामहरू अविद्याले आवृत्त थिए' जीवको कर्मप्रवाह अनादि हो, सृष्टिको अगाडि जीवरूपले कुनै विभाग थिएन त्यस कारण त्यस बखत जीवको कर्म पनि थिएन— त्यसो भन्नु हुँदैन, किन कि यसबारेमा यस्तो ब्रह्मसूत्र छ— "न कर्मविभागादितिचेन्नानादित्वात्" । (ब्र. सू. २।१।३५), "उपपद्यते चाप्युपलभ्यते च" (ब्र. सू. २।१।३६)– 'जीव र त्यसको कर्म अनादि हो किन कि

यो उपपन्न हो र शास्त्रमा यो विषय उपलब्ध छ।' यस विषयमा स्मृतिप्रमाण पनि छ, यथा "अनादिकालसंसुप्तः संसारपदवीं गतः"– 'अनादि कालदेखि सुप्त जीवले संसारपद पाएको छ।'

पूर्वपक्ष– वस्तुको एकदेशलाई अंश भन्दछन् अतः जीव ब्रह्मको अंश हो भन्दा जीव ब्रह्मको एकदेश हो भन्ने निर्णय हुन्छ। अतः जीवमा रहेका दोषहरू ब्रह्मलाई पनि स्पर्श गर्दछन्। ब्रह्म भन्ने वस्तु खण्डनको अयोग्य हुनाले जीवलाई ब्रह्मको अंश भन्न सकिंदैन।

उत्तरपक्ष– यसको उत्तरमा यस्तो ब्रह्मसूत्र छ— "प्रकाशादिवत्तु नैवं परः", यसको विशेष अर्थ यस्तो छ– यहाँ विपक्षको शंकालाई व्यासजीले 'तु' शब्दले खण्डन गर्नुभयो। प्रकाश वा प्रभा इत्यादि जस्तै जीवात्मा पनि परमात्माको अंश नै हो। प्रभा भन्ने प्रकाशधर्म जस्तो ज्योतिर्मय अग्नि र सूर्य आदिको अंश हो तथा गोत्व, अश्वत्व, शुक्लत्व, कृष्णत्व इत्यादि विशेषणीभूत धर्महरू तत् तत् धर्मविशिष्ट गो, अश्व, शुक्ल, कृष्ण इत्यादि विशेष्य वस्तुहरूका जस्तो अंश हुन् अथवा देह जस्तो देही आत्माको अंश हो, यहाँ पनि जीवलाई ब्रह्मको अंश भन्दा त्यस्तै सम्झनुपर्दछ। किन कि कुनै वस्तुको एकदेशमा जो अवस्थित छ, अतः कुनै एक विशेष्य वस्तुको जो विशेषण हो त्यो त्यसको अंश नै हो। विवेचकहरू शिष्ट वाक्यमध्ये विशेष्य-विशेषण भाव निर्धारण गर्दा यति अंश विशेषण हो र यति अंश विशेष्य हो भनेर निर्देश गर्दछन्। विशेषण र विशेष्यको

अंशांशिभाव भए तापनि दुवैको स्वाभाविक वैलक्षण्य देखिन्छ त्यस्तै जीव र ब्रह्मको विशेषण-विशेष्यभाव भएर पनि दुवैका अंशाशिभाव र स्वभावमा पार्थक्य उपपन्न छन्। यस कारण व्यासजीले लेख्नुभयो "नैवं परः" –अर्थात् जीव जस्तो हो परमात्मा ठीक त्यस्तो हुनुहुन्न। प्रभायुक्त वस्तुदेखि प्रभा जस्तो अर्को वा पृथक् हो त्यस्तै आफ्नो अंशभूत प्रभास्थानीय जीवदेखि अंशी परमात्मा पृथक् नै हुनुहुन्छ। जीव र परमात्माको उक्त विशेषण-विशेष्यभावजनित स्वभाववैलक्षण्यलाई अवलम्बन गरेर नै श्रुतिमा भेदको निर्देश गरिएको छ। श्रुतिमा जो अभेदनिर्देश छ यो अभेदनिर्देश ब्रह्मको विशेषणरूपी जीवात्मा स्वतन्त्र रूपले अवस्थानको अयोग्य हुनाले जीव र जड वस्तुहरूको विशेष्यपर्यन्तत्व अर्थात् विशेष्य परमात्मापर्यन्त अर्थ लिएर सम्भव भएको छ। "तत्त्वमसि" (छा. ६।८।१)– 'तिमी उनै ब्रह्म हौ' "अयमात्मा ब्रह्म" (बृहदा. ६।४।५)– 'यो आत्मा ब्रह्म हो' इत्यादि स्थानहरूमा तत् र ब्रह्म शब्द जस्तै त्वम् (तिमी), अयम् (यो) र आत्मा शब्द पनि जीवरूपी शरीर-विशिष्ट ब्रह्मको वाचक हुनाले शास्त्रमा अभेदनिर्देश भएको छ। यसको विस्तृत वर्णन अघि नै भइसकेको छ।

पूर्वपक्ष— "सता सौम्य तदा सम्पन्नो भवति स्वमपीतो भवति" (छा.६।८।१) — 'हे वत्स, त्यस बखत (सुषुप्तिकालमा) जीव परमात्मामा विलीन भई आफ्नो भाव प्राप्त गर्दछ। यस श्रुतिले जीव र ब्रह्मको स्वरूपगत ऐक्य (अभेद) जानिन्छ।

उत्तरपक्ष- यो कथन पनि सङ्गत होइन । किन कि "प्राज्ञेनात्मना सम्परिष्वक्तो न बाह्यं किञ्चन वेद नान्तरम्"- (बृहदा. ६।३।२१)- 'प्राज्ञ (सर्वज्ञ) आत्मा कर्तृक आलिङ्गित भएर जीव बाह्य र आभ्यन्तरिक कुनै विषय थाहा पाउँदैन ।' यस श्रुतिले यो जानिन्छ कि सुषुप्तिदशामा जीव परमात्माद्वारा आलिङ्गनले गर्दा जीवको सबै श्रम नाश हुन्छ र बाह्याभ्यन्तर केही ज्ञान रहँदैन । अतः जीव र परमात्माको अभेदनिर्देश नै पूर्वश्रुतिको अर्थ हो भने परवर्ती श्रुतिमा उक्त सर्वज्ञ परमात्माद्वारा सुषुप्तिमा अज्ञ जीवलाई आलिङ्गन गर्नु सम्भव हुँदैन । सुषुप्तिकालमा जीव परमात्मामा लीन भएर एक भइहाल्दछ । पूर्वश्रुतिको यही अर्थ हो भने परश्रुतिमा उक्त एक जनाको सर्वज्ञभाव र अर्काको अज्ञभाव तथा परमात्माले जीवलाई आलिङ्गन गर्नु सम्भव हुँदैनन् । "सता..." यस श्रुतिद्वारा जीव र परमात्माको स्वरूपगत एकता (अभेद) कथित भएको छैन । किन्तु सुषुप्तिकालमा नाम र रूपको अनुसन्धान (चिन्तन) रहँदैन । त्यस कारण प्रलयकालमा जस्तै सुषुप्तिकालमा जीव ब्रह्ममा लीन हुन्छ यही "स्वमपीतो भवति" यस श्रुतिवाक्यद्वारा ज्ञापन गरिएको छ । यहाँ "स्वमपीतो भवति" यस वाक्यमध्ये 'स्व' शब्दले आफ्नो आत्मा अन्तर्यामी ब्रह्मलाई जनाउँछ । स्वम्- आफ्नो आत्मभूत अन्तर्यामी ब्रह्मलाई, अपीतः-अपि गतः अर्थात् प्राप्त गर्दछ । किन्तु यहाँ 'स्व' शब्दले आफू अर्थात् जीवलाई जनाउँदैन किन कि आफूमा आफू लीन हुनु सम्भव होइन । यहाँ पनि- 'हे सौम्य त्यस बखत जीव सत् भन्ने परमात्मासँग सम्पन्न

हुन्छ। यस वाक्यमा सता-सत्सँग यस तृतीया विभक्तिको स्वाभाविक अर्थानुसार सम्पन्न शब्दको आलिङ्गन शब्दको ऐक्य हुनाले जीव र ब्रह्मको स्वरूपगत ऐक्य असम्भव छ। व्यासजीले "सुषुप्त्युत्क्रान्त्योर्भेदेन" (ब्र. सू. १।३।४३)–यस सूत्रमा सुषुप्ति र उत्क्रमण अवस्थामा जीव र ब्रह्मको भेद स्वीकार गर्नुभएको छ।

अब प्रतिविम्बवादको बारेमा लेखिन्छ–

पूर्वपक्ष– "ऋतं पिवन्तौ सुकृतस्य लोके गुहां प्रविष्टौ परमे परार्धे छायातपौ ब्रह्मविदोवदन्ति ॥" (कठ. १।३।१९) 'देहस्थ सर्वश्रेष्ठ हृदयगुहामा प्रविष्ट भएर छाया र आतप (सूर्यतेज) जस्तै विद्यमान जीव र परमात्मा जगत्मा सुकृत फल-भोग गर्नुहुन्छ भनेर ब्रह्मवादीहरू यस्तो भन्नुहुन्छ।' यस श्रुति-ले जीव ब्रह्मको प्रतिविम्ब हो भन्ने प्रतिपादन गरेको छ।

उत्तरपक्ष– यो पनि सङ्गत होइन। किन कि यहाँ तेजो-मय परमात्मा र मलिन जीव एउटा देहमा अवस्थान गरेर पनि एक जना (जीव) छाया जस्तो अप्रकाश स्वभाव हो र अन्य (परमात्मा) आतप (सूर्यकिरण) जस्तै प्रकाशवान् हुनुहुन्छ–यस व्यवस्थाको मात्र प्रतिपादन गर्नु श्रुतिको तात्पर्य हो। किन्तु जीव-लाई ब्रह्मको प्रतिविम्ब-प्रतिपादन गर्नु श्रुतिको तात्पर्य होइन। किन कि माथिको उक्तिबमोजिम जीव र ब्रह्मको स्वभावगत पार्थक्य वर्णन गरियो भने तब मात्र "द्वा सुपर्णा सयुजा सखाया समानं वृक्षं परिषयजाते तयोरन्यः पिप्पलं स्वाद्वत्त्यनश्नन्नन्योऽभि-

चाक्शीति" (श्वेताश्व. ४।६), (मुण्डक ५।१)— सुन्दर पखेटा र सख्य भाव प्राप्त गरेका दुइटा चराहरू देहरूप एउटै वृक्ष-लाई आश्रय गर्दछन् । यिनीहरूमध्ये एक जना (जीव) कर्मफल-लाई मधुर सम्झी उपभोग गर्दछ र अर्को (ईश्वर) केही उपभोग नगरेर पनि प्रकाशवान् रहनुहुन्छ ।' यी श्रुतिहरूसँग उक्त अर्थको समता रक्षित हुनेछ । यहाँ पनि ब्रह्म आतप नभएर पनि आतप जस्तै प्रकाश-स्वभाव हुनुहुन्छ र जीव छाया नभएर पनि छाया जस्तै मलिन स्वभाव हो भन्ने अर्थ नै सङ्गत हो । "अस्थूलमनण्वह्रस्वमदीर्घमलोहितमच्छायम्" (बृहदा. ३।८।८)— 'स्थूल, सूक्ष्म, ह्रस्व, दीर्घ, रातो, छायायुक्त होइन' इत्यादि श्रुतिले ब्रह्मको छायाको स्पष्ट निषेध गरेको हुनाले यहाँ छाया शब्दको अर्थ ब्रह्मको प्रतिविम्ब होइन भन्ने जानिन्छ ।

पूर्वपक्ष— एउटै चन्द्रमा विभिन्न जलाशयहरूमा प्रति-विम्बित भएर एक र बहु रूपले दृष्ट हुन्छ, "आकाशमेकं हि यथा घटादिषु पृथग्भवेत् । तथात्मैको ह्यनेकस्थो जलाधारेष्विवां-शुमान" (याज्ञवल्क्यः प्राय. १४४)— 'एउटै आकाश घटादि विभिन्न पात्रहरूमा जस्तो बहु रूपले लक्षित हुन्छ त्यस्तै एउटै आत्मा (परमात्मा) देहादिको भेदले गर्दा अनेक रूपले प्रकाशित हुनुहुन्छ' इत्यादि शास्त्र-वचनानुसार तडाग (बृहत् जलाशय), कूल्या (क्षुद्र जलाशय) केदार (क्षेत्रस्थ बद्धजल), इत्यादि जलाधारहरूमा प्रतिविम्बित चन्द्रमा जस्तै अहङ्कार र त्यसको विकार इन्द्रिय इत्यादिमा प्रतिविम्बित ब्रह्मको छाया नै ईशचै-

तन्य, जीवचैतन्य इत्यादि औपाधिक भेदयुक्त रूपले दृष्ट हुनुहुन्छ। यही औपाधिक भेदलाई अवलम्बन गरेर दुवै (ईश्वर र जीव) नित्य हुन् तापनि एक जना सर्वज्ञ, अर्को अल्पज्ञ, एक जना ईश्वर अर्को अनीश्वर इत्यादि प्रकारले भेदव्यवहार भइरहन्छ।

उत्तरपक्ष– त्यसो भन्न सकिँदैन। किन कि आकाशादि परिच्छिन्न (ससीम, सीमा भएको) वस्तुकै छायापात सम्भव हो। किन्तु अपरिच्छिन्न त्यस्तो ब्रह्मको छायापात सम्भव होइन। 'लोहित' (रातो) होइन, छायाविशिष्ट होइन' (बृहदा. ३।८।८)। यस श्रुतिमा पनि ब्रह्मको छायाको स्पष्ट निषेध गरिएको छ।

पूर्वपक्ष– छाया त काल्पनिक हो।

उत्तरपक्ष– तब ईश्वर र जीव पनि काल्पनिक हुन् भन्नुपर्‍यो। ईश्वर र जीवलाई काल्पनिक स्वीकार गर्दा "आत्मा वा अरे द्रष्टव्यः श्रोतव्यः" (बृहदा. २।४।५)– 'आत्मा दर्शन गरिन योग्य, श्रवण गरिन योग्य', "य एतद् विदुरमृतास्ते भवन्ति"— 'उहाँलाई जसले जान्दछन् तिनीहरू अमृतपद प्राप्त गर्दछन्', (श्वेताश्व.) यी विधान-वाक्यहरू अनर्थक भइहाल्दछन्।

पूर्वपक्ष– यी शास्त्रवाक्यहरू अनर्थक अर्थात् मिथ्या नै हुन्।

उत्तरपक्ष– त्यसो हुनाले ब्रह्मको बारेमा केही ज्ञान आर्जन गर्न कुनै उपाय रहँदैन। किन कि ब्रह्म प्रत्यक्ष, अनुमान इत्यादि अन्य प्रमाणको अगोचर वस्तु हुनुहुन्छ। आत्मानुभव

(आफ्नो आत्माको अनुभव) पनि तादृश ब्रह्मको प्रतिपादन गर्न सक्तैन किन कि अद्‌वैतमतमा जीव मिथ्या हुनाले मिथ्याविषयक अनुभवले तदतिरिक्त विषयलाई प्रकाश गर्न समर्थ हुन सक्तैन । अत: जसले समस्त प्रमाण र प्रमेय वस्तुहरू मिथ्या हुन् भन्दछन् तिनीहरूको ब्रह्मवादको अधिकारी हुन कुनै उपाय छैन । अन्यान्य शास्त्र-वाक्यहरूद्वारा पनि जीव र ईश्वरको स्वरूप, स्वभाव इत्यादि विषयहरू दृढ रूपले प्रतिपादित भएका छन् । अत: जलचन्द्र इत्यादि दृष्टान्तको तात्पर्य यस्तो छ कि— जीव र जड वस्तुहरू ब्रह्मको शरीर भए तापनि ब्रह्म तिनीहरूको दोषले कदापि लिप्त हुनुहुन्न । अन्तर्यामी ब्रह्मको निर्दोषत्वको वर्णन श्रुतिमा पनि छ, यथा "एको देव: सर्वभूतेषुगूढ:" (श्वेताश्व.)- 'उनै देव अद्वितीय र सर्वभूतहरूमा प्रच्छन्न रूपले अवस्थान गर्नुहुन्छ ।' जस्तो एउटै अचेतन अग्नि नाना स्थानहरूमा प्रविष्ट भएर भिन्न भिन्न भूताग्निरूपले प्रतिफलित वा प्रतिविम्बित हुन्छ त्यस्तै सर्वभूतहरूको एक जना अन्तरात्मा विभिन्न स्थानहरूमा प्रविष्ट भएर विभिन्न जीवात्मारूपले प्रतिफलित वा प्रतिविम्बित हुनुहुन्छ । जो विम्बको सदृश र तदधीन हो त्यसैलाई प्रतिविम्ब भन्दछन् । अत: जीवात्मा विम्ब-स्वरूप परमात्माको प्रतिविम्ब हुनाले परमात्माको सदृश भएर पनि जीवात्मा विम्बस्वरूप होइन र ब्रह्मदेखि पृथक् तत्त्वको रूपले अवस्थान गर्दछ । जीवात्मा-मण्डल स्थानीय बहिश्चर परमाणु सदृश हो । यथा सूर्य सर्व लोकमा चक्षुको नियन्ता हुनाले चक्षु भन्ने नामले अभिहित हुन्छ किन्तु चाक्षुष बाह्यदोषले लिप्त

हुँदैन, त्यस्तै जो सर्वभूतहरूको अन्तरात्मा अद्वितीय पुरुष हुनुहुन्छ उहाँ जीवात्म-सम्बन्धी दुःखले लिप्त हुनुहुन्न किन कि उहाँ बाह्य हुनुहुन्छ अर्थात् जीवात्मा हुनुहुन्न किन्तु जीवात्माको नियन्ता हुनुहुन्छ (कठ. २। ९। ११), अन्यथा आकाश एउटा भएर पनि घटादिमा जस्तो पृथक् रूपले प्रकाशित हुन्छ इत्यादि अर्को एउटा दृष्टान्त ग्रहण व्यर्थ हुनेछ।

पूर्वपक्ष– 'एउटै आकाश दृष्टिदोषले जस्तो श्वेत, नील इत्यादि विभिन्न रूपले दृष्ट हुन्छ त्यस्तै एउटै आत्मा भ्रान्तिले पृथक् पृथक् रूपले लक्षित हुनुहुन्छ' इत्यादि अभेद-शास्त्रहरूको तात्पर्य के छ ?

उत्तरपक्ष– यी स्थानहरूमा परस्परको अवैलक्षण्य नै तात्पर्य हो। भेद शब्दले विलक्षण (विसदृश) अर्थ नै बुझिन्छ। यो लोक-व्यवहारमा पनि देखिन्छ। यथा सुसदृश पदार्थहरू देखेर भन्दछन्– यी पदार्थहरूमा कुनै भेद छैन। त्यस्तै यहाँ पनि पराग, परमाणु इत्यादि वस्तुहरूमा कुनै वैलक्षण्य (पार्थक्य) देखिंदैन त्यस्तै मनुष्य, पशु र कीटादिभेदले विभिन्न शरीरहरूमा रहने जीवहरूको शरीरसम्बन्ध त्याग भएपछि आत्मस्वरूपको विचार गर्दा कुनै पार्थक्य दृष्ट हुँदैन। त्यस कारण शास्त्रमा एकत्व (अभेदवाद) उक्त भएर नानात्व (भेद)को निषेध भएको छ। जस्तो गाईहरूका शरीरमा नाना पार्थक्य छ तापनि सबैको दूध एकै प्रकारको हुन्छ त्यस्तै यहाँ सम्झनुपर्दछ। भगवान्‌को एतदभिप्रायमूलक वचन पनि छ, यथा विद्याविनयसम्पन्ने ब्राह्मणे गवि हस्तिनि। शुनिचैवश्वपाके च

पण्डिताः समदर्शिनः।।" (गीता ५।१८)– पण्डितहरू विद्याविनयसम्पन्न ब्राह्मण, गौ, हात्ती, कुकुर र चण्डाल यिनीहरूमा समदर्शी हुनुहुन्छ। "निर्दोषं हिसमं ब्रह्म" (गीता)–प्रकृतिसंसर्गमुक्त भएपछि प्रकृतिको दोषरहित र सम अर्थात् तुल्य जातीय आत्मा ब्रह्म हो । यहाँ ब्रह्मसदृश हुनाले जीवलाई भगवान्ले ब्रह्म भन्नुभयो । "सर्वभूतेशः सोऽसौ ब्रह्मचारिणो योऽयं विष्णुः"– 'ब्रह्मचारीहरू हो, जो विष्णु हुनुहुन्छ उहाँ नै सर्वभूतको ईश्वर हुनुहुन्छ।' वराहपुराणमा यस्तो उक्त भएको छ–"यत् सत्त्वं स हरिर्देवो यो हरिस्तत् परंपदम् । सत्त्वेनः मुच्यते जन्तुः सत्त्वं नारायणात्मकम्"– 'सत्त्वगुण नै हरि हो, हरि नै परमपद हुनुहुन्छ, सत्त्वगुणद्वारा जीव मुक्तिलाभ गर्दछ । सत्त्वगुण नारायणस्वरूप हो।' लिङ्गपुराणमा छ —"सत्त्वस्वरूपश्च स्वयं स विष्णुःपुरुषोत्तमः।। न हि पालनसामर्थ्यमृते सर्वेश्वरं हरिम्"–'उनै विष्णु स्वयं सत्त्वस्वरूप र पुरुषोत्तम हुनुहुन्छ। सर्वेश्वर हरिविना कसैको पालन गर्ने सामर्थ्य छैन ।' यी प्रमाणहरू केवल नारायणकै बारे उक्त भएका छन् भन्ने प्रमाणज्ञहरू मान्नुहुन्छ । "ब्रह्माणमिन्द्रंरुद्रं च यमं वरुणमेव च। प्रसह्य हरते यस्मात् तस्माद्धरिरिहोच्यते"–'ब्रह्मा, इन्द्र, रुद्र, यम र वरुणलाई बलपूर्वक हरण अर्थात् महाप्रलयमा संहार गर्नुहुन्छ। त्यस कारण विष्णु हरि भन्ने नामले कथित हुनुहुन्छ। ' नारायणको बारेमा प्रतिपादक यस्ता शास्त्रवचनहरू छन्– "एकोहवैनारायण आसीत्" —'प्रलयकालमा एकमात्र नारायण नै हुनुहुन्थ्यो ।' "एष सर्वभूतान्तरात्मा अपहतपाप्मा दिव्यो देव एको नारयणः"–

'उहाँ सर्वभूतको अन्तरात्मा, निष्पाप (कर्मरहित), द्योतनादि गुणविशिष्ट, वैकुण्ठवासी, अद्वितीय नारायण हुनुहुन्छ', "नारायणः परंब्रह्म आत्मानारायणः परः"–'नारायण नै परब्रह्म, नारायण नै परमात्मा हुनुहुन्छ', सुबालोपनिषद्मा यस्तो छ– "तदासीन्नैवेह किञ्चनाग्र आसीन्मूलमनाधारमिमाः प्रजाः प्रजायन्ते दिव्यो देव एको नारायणः"–त्यस बखत को विद्यमान थियो ? सृष्टिको अगाडि कोही थिएन, जो जगत्‌को मूल र आधाररहित हुनुहुन्छ उहाँ नै त्यस बखत हुनुहुन्थ्यो, उहाँबाट यी प्रजाहरूको सृष्टि हुन्छ, उहाँ एकमात्र दिव्य देव नारायण हुनुहुन्छ,' श्वेताश्वतर-उपनिषद्मा छ–"सविश्वकृद्विश्वविदात्मयोनिर्ज्ञः कालकालोगुणी सर्वविद्यः । प्रधानक्षेत्रज्ञपतिर्गुणेशः संसारमोक्षस्थितिबन्धहेतुः॥" उहाँ सर्वकर्ता, सर्वसाक्षी, आत्मयोनि (अर्को कारणरहित), चैतन्यमय, कालको पनि नियन्ता, गुणवान्, सर्वज्ञ, प्रकृति र जीवात्माको अधिपति, गुणत्रयको ईश्वर, तथा संसारको स्थिति, बन्धन र मोक्षको कारण हुनुहुन्छ ।' स्कन्दपुराणमा छ "बन्धकोभवपाशेन भवपाशाच्च मोचकः । कैवल्यदः परंब्रह्म विष्णुरेवसनातनः"–'भवपाशले बद्ध गर्ने र भवपाशबाट मुक्त गर्ने कैवल्यप्रद सनातन विष्णु नै हुनुहुन्छ ।' इत्यादि प्रमाणहरूद्वारा नारायण अखिल हेयवर्जित र अनन्त कल्याण-गुणहरूको आकर हुनुहुन्छ भन्ने जानिन्छ । यी शास्त्रवाक्यहरूमा उक्त भएका सत्, ब्रह्म, आत्मा र शिव इत्यादि शब्दहरू पनि एउटै प्रसङ्गमा उत्थापित नारायण शब्दसँग युक्त हुनाले नारायणकै वाचक हुन् भनी सम्झनुपर्दछ ।

पूर्वपक्ष— "आत्मा वा इदमग्र आसीत्"– सृष्टिको अगाडि केवल आत्मा मात्र हुनुहुन्थ्यो भन्ने निश्चित हुनाले कारणावस्थामा सूक्ष्म चिदचिद्विशिष्ट ब्रह्मजगत्कारण हुनुहुन्थ्यो भन्ने कथन कसरी सङ्गत हो ?

उत्तरपक्ष– "यतो वा इमानि भूतानि जायन्ते येन जातानि जीवन्ति यत् प्रयन्त्यभिसंविशन्ति" (तै. ३।१)– (सृष्टिकालमा) यी भूतप्राणीहरू जसबाट जन्मछन्, जन्मेर जसमा स्थित रहन्छन् र विनाशकालमा जसमा प्रविष्ट हुन्छन्— यस श्रुतिवाक्यअनुसार सृष्टिको अगाडि जीवात्माहरू र जड जगत् स्थूल आकार त्याग गरेर सूक्ष्म आकारले ब्रह्ममा अवस्थान गर्दछन् भन्ने जानिन्छ। किन्तु त्यस बखत तिनीहरूको स्वरूपको आत्यन्तिक नाश हुन्छ भन्ने उक्त श्रुतिवाक्यको यो अर्थ होइन। "अक्षरं तमसिलीयते तमःपरे देव एकीभवति"– 'अक्षर (जीवात्मा) तमःमा अर्थात् तमः शब्दवाच्य सूक्ष्म मूल-प्रकृतिमा लीन हुन्छ, तमः परदेवता अर्थात् परब्रह्म नारायण-सँग एक हुन्छ।' यहाँ 'एक हुन्छ' यसको परमात्मादेखि छुट्ट्याएर पृथक् निर्धारणको अयोग्य भएर रहन्छ भन्ने अर्थ हो, यथा रात्रिमा पक्षीहरू वृक्षमा लीन हुन्छन्, हरिणहरू वनमा लीन भए इत्यादि। यस्तो अरू वचन पनि छ यथा "तमसा गूढमग्रेऽप्रकेतमासीत्"– सृष्टिको अगाडि मूलप्रकृतिद्वारा आच्छन्न भएर अनिर्देश्य अर्थात् पृथक् निर्देशको अयोग्य थियो।' "अस्मान्मायी सृजते विश्वमेतत् तस्मिंश्चान्योमायया सन्निरुद्धः"– (श्वेताश्व. ४।९)। 'यसबाट मायी (ईश्वर) यो विश्वको सृष्टि

गर्नुहुन्छ र अर्को (जीव) मायाद्वारा त्यसमा बद्ध हुन्छ।' ईश्वरको सूक्ष्म रूपले अवस्थानको बारेमा पनि श्रुतिवाक्य छ, यथा "अन्तःप्रविष्टः शास्ता जनानां सर्वात्मा"– 'सर्वात्मा (परमात्मा) सबै जीवहरूको अन्तरमा प्रविष्ट भएर शासन गर्नुहुन्छ।' जीव र ईश्वर एक हुनुहुन्छ भने आफूले आफूलाई शासन गर्दछ भन्नुपर्‍यो र त्यसो भन्दा अग्नि आफूलाई जलाउँछ भन्ने वाक्य जस्तै अत्यन्त असङ्गत हुन जान्छ। किंच "एष एवासाधुकर्म कारयतितं यमधोनिनीषति"– (छान्दोग्य)— 'ईश्वरले जसलाई अधोगति दिन इच्छा गर्नुहुन्छ त्यसद्वारा असाधु कर्म गराउनुहुन्छ।' यी वाक्यहरूद्वारा ईश्वर नै जीवको कार्यको परिचालक हुनुहुन्छ भन्ने जानियो। ब्रह्म र जीव अभिन्न हुन् भने सर्वज्ञ र सर्वशक्तिमान् भएर पनि ब्रह्म आफ्नो नरकभोगको उपयोगी कर्मको परिचालक हुनुहुन्छ तथा पापकर्मलाई निवारण गर्न समर्थ भएर पनि पापकर्मको प्रवर्तक हुनुहुन्छ भन्नुपर्‍यो। यी विषयहरू युक्ति र अनुभवको नितान्त विरुद्ध हुन्।

पूर्वपक्ष– जीव र ब्रह्मको भेद अज्ञानकृत हो र भेद-प्रतिपादक श्रुतिहरू पनि अज्ञानकृत भेदको प्रतिपादक हुन्।

उत्तरपक्ष– तैपनि अज्ञान जीवको हो भने पूर्वोक्त दोष र यसको फल त्यस्तै रहिरहन्छन्। अज्ञान ब्रह्मको हो भने अज्ञानको साक्षी हुनु र जगत्सृष्टि गर्नु ब्रह्मलाई असम्भव भइ-हाल्दछन्।

पूर्वपक्ष– अज्ञानद्वारा प्रकाशको (ब्रह्मको प्रकाशको)

तिरोधान (आच्छादन) मात्र हुन्छ ।

उत्तरपक्ष– तापनि अज्ञानद्वारा प्रकाशको निवृत्ति हुन्छ भने ब्रह्मस्वरूपकै नाश हुन्छ किन कि अद्वैतमतमा प्रकाश नै ब्रह्मको स्वरूप हो । व्यासजीले ब्रह्मसूत्रमा लेख्नुभयो– "अधिकन्तु भेदनिर्देशात्" (२।१।२२) । यस सूत्रको अर्थ यस्तो छ–सूत्रमध्ये तु शब्दद्वारा विपक्षको शंकाको (अभेदको) निषेध गरिएको छ । ब्रह्म आध्यात्मिकादि दुःखभोगको योग्य जीवात्मादेखि अधिक अर्थात् भिन्न पदार्थ हुनुहुन्छ । किन कि श्रुतिवाक्यहरूमा भेदको निर्देश छ । यथा "य आत्मनि तिष्ठ-न्नात्मनोऽन्तरो यमात्मा न वेद यस्यात्मा शरीरं य आत्मनोऽन्तरो यमयति स आत्मान्तर्याम्यमृतः"– 'जो आत्मामा रहनुहुन्छ, जो आत्माभित्र रहनुहुन्छ, आत्मा जसलाई जान्दैन, आत्मा जसको शरीर हो, आत्माभित्र रहेर जसले आत्माको परिचालना गर्नुहुन्छ उहाँ नै अन्तर्यामी अमृतस्वरूप आत्मा (परमात्मा) हुनुहुन्छ ।' "पृथगात्मानं प्रेरितारं च मत्वा जुष्टस्ततस्तेनामृतत्वमेति" (श्वेताश्व. १।६)– 'आत्मा (जीवात्मा) र त्यसको प्रेरकलाई (परमात्मालाई)— पृथक् जानेर जो परमात्माप्रति प्रीतिमान हुनुहुन्छ उहाँ नै परमात्माद्वारा अमृतत्व (मोक्ष) प्राप्त गर्नुहुन्छ ।' "स कारणं करणाधिपाधिपः" (श्वेताश्व. ६।९) — 'उहाँ (ब्रह्म) सबैको कारण र इन्द्रिय-हरूको अधिपतिहरूको पनि (जीवात्माहरूको पनि) अधिपति हुनुहुन्छ ।' "तयोरन्यः पिप्पलं स्वाद्वत्त्यनश्नन्नन्योऽभिचाकशीति" (श्वेताश्व. ४।६)— 'जीवात्मा र परमात्मा नामक दुई

पक्षीहरूमध्ये एक जना कर्मफललाई मधुर सम्झी उपभोग गर्दछ किन्तु अर्को (परमात्मा) केही उपभोग नगरेर अधिकतर प्रकाशमान हुनुहुन्छ', "ज्ञाज्ञौद्वावजावीशानीशौ" (श्वेताश्व. १।९) -परमात्मा र जीवात्मा दुवै जना जन्मरहित हुनुहुन्छ, परमात्मा सर्वज्ञ र जीवात्मा अज्ञ तथा परमात्मा ईश्वर हुनुहुन्छ र जीवात्मा अनीश्वर हो।' "अस्मान्मायीसृजते विश्वमेतत् तस्मिंश्चान्योमायया सन्निरुद्धः" (श्वेताश्व. ४।९)- मायी (मायाको अधिपति ब्रह्म) मायाबाट (प्रकृतिबाट) यो विश्वलाई सृष्टि गर्नुहुन्छ, अर्को (जीवात्मा) मायाद्वारा संसारमा बद्ध हुन्छ।' "नित्यो नित्यानाम्" (श्वेताश्व. ६।१६)- नित्य परमात्मा नित्य जीवात्माहरूका (सबै कामना पूरा गर्नुहुन्छ)" "योऽक्षरमन्तरे संचरन् यस्याक्षरः शरीरं यमक्षरोनवेद एष सर्वभूतान्तरात्मा अपहतपाप्मा दिव्यो देव एको नारायणः"- 'जो अक्षर (जीवात्मा) भित्र रहनुहुन्छ, अक्षर जसको शरीर हो, अक्षरले जसलाई जान्दैन उनै सर्व जीवहरूको अन्तरात्मा, निष्पाप (कर्मबन्धनरहित) वैकुण्ठवासी प्रकाशमय अद्वितीय नारायण हुनुहुन्छ' इत्यादि यी श्रुतिहरू सब जीव र परमात्माको भेद नै जनाउँछन्। यस्तै सुषुप्तिकालमा पनि जीव र परमात्माको भेद नै कथित भएको छ। "प्राज्ञेनात्मना सम्परिष्वक्तो न बाह्यं किञ्चनवेद नान्तरम्' (सुवालोपनि०)- "परमात्माद्वारा आलिङ्गित जीवात्मा बाह्य र आन्तरिक कुनै विषय जान्दैन।' सुषुप्तिकालमा परमात्माको कृपाले जीवको समस्त श्रमनाश भएर बाह्य र आन्तरिक ज्ञानलोप हुन्छ

यति मात्र हो। किन्तु त्यस बखत अज्ञ जीवात्माको सर्वज्ञ परमात्मासँग एकत्व सम्भव हुँदैन। "सता सौम्य तदा सम्पन्नो भवति स्वमपीतो भवति"—हे सौम्य, त्यस बखत सत् शब्दवाच्य परमात्मासँग जीव मिलित हुन्छ, स्वम् अपिइतः भवति 'परमात्मालाई पनि प्राप्त गर्दछ।' यस श्रुतिवाक्यमा पनि जीव र परमात्माको स्वरूपको ऐक्य कथित भएको छैन किन्तु सुषुप्तिकालमा नाम र रूपको अनुसन्धान (चिन्तन) नहुनाले प्रलयकालमा जस्तै ब्रह्ममा जीवको लय कथित भएको छ। यहाँ स्व शब्द परमात्माको वाचक हो, जीवको बाचक होइन। किन कि आफूमा आफ्नो लय असम्भव हो। "सता सौम्य तदा सम्पन्नो भवति"— 'हे सौम्य त्यस बखत सत् भन्ने परमात्मासँग जीवात्मा सम्पन्न हुन्छ।' यहाँ सम्पन्न शब्दको परिष्वङ्ग शब्दको एकार्थ हुनाले जीव र परमात्माको स्वरूपको ऐक्य भन्ने अर्थ हुन सक्तैन। "विवक्षित गुणोपपत्तेश्च" (ब्र. सू. १।२।२), "अनुपपत्तेस्तु न शरीरः" (ब्र. सू. १।२।३) यी सूत्रहरूमा व्यासजीले लेख्नुभयो कि वक्ष्यमाण गुणहरू परमात्मामै सङ्गत हुन्छन् अर्थात् यी गुणहरू परमात्माकै हुन्, जीवात्माका गुणहरू होइनन्। ती गुणहरू निम्नोक्त प्रकार छन् यथा "मनोमयः, प्राणशरीरोभारूपः सत्यसङ्कल्प आकाशात्मा सर्वकर्मा सर्वकामः सर्वगन्धः सर्वरसः सर्वभिदमभ्यात्तोऽवाक्यनादरः"— 'मनोमय (विशुद्ध मनद्वारा प्राप्त गरिन योग्य), प्राण-शरीर (प्राण शब्दवाच्य जीव उहाँको शरीर हो), भारूप (ज्योतिर्मय) सत्य सङ्कल्प, आकाशात्मा (आकाश जस्तै निर्मल), सर्वकर्मा, सर्वकाम, सर्वगन्ध (सबै गन्धहरूको समष्टि),

सर्वरस (सबै रसहरूको समष्टि स्वरूप), सर्वव्यापी, अवाकी (वैकुण्ठमा कसैसँग नबोल्ने) अनादर (कुनै पदार्थलाई आदर नगर्ने)। "सक्रतुं कुर्वीत"— 'जीवले क्रतु गरोस्' यस श्रुतिद्वारा जीवले उपासना गर्नुपर्दछ भन्ने विधान दिइएको छ। मनोमयः प्राणशरीरः इत्यादि श्रुति उक्त उपासनाविधिकै अन्तर्गत गौण विधि हो। ब्रह्ममा गुण नभए तापनि उपासनाको निमित्त मनोमयत्वादि गुणहरूको कल्पना गरेर उहाँको उपासना गर्नुपर्दछ। जस्तो "मनो ब्रह्मेत्युपासीत"— 'मनलाई ब्रह्म सम्झेर उपासना गर्नुपर्दछ।' इत्यादि स्थलमा मन इत्यादि वस्तुहरूमा ब्रह्मको कल्पना गरेर उपासनाको विधि छ। अन्यथा उक्त गुणहरू ब्रह्ममा वस्तुतः छ भन्ने स्वीकार गर्दा 'उहाँ (ब्रह्म) शब्दहीन स्पर्शहीन हुनुहुन्छ' इत्यादि निर्गुणत्वप्रतिपादक श्रुतिसँग विरोध उपस्थित हुन्छ। त्यस कारण मनोमयत्वादि गुणहरू पारमार्थिक होइनन्। यो कथन ठीक होइन। किन कि त्यसो हुनाले मनोमयत्वादि गुणयुक्त वस्तु अवश्यै परमात्मा हुनुहुन्छ किन कि 'मनोमयत्वादि जुन गुणहरू ब्रह्मकै गुण हुन् भन्ने वेदान्त-शास्त्रमा सर्वत्र प्रसिद्ध छन् यहाँ पनि त्यै धर्महरूकै उपदेश छ।' यस प्रकारले "सर्वत्र प्रसिद्धोपदेशात्" (ब्र.सू.१।२।१) यस सूत्रसँग विरोध उपस्थित हुनेछ। वेदान्तशास्त्रहरूमा ब्रह्म सर्वत्र प्रसिद्ध हुनुहुन्छ। यहाँ पनि वाक्यको आरम्भमा 'सर्वं खल्विदं ब्रह्म तज्जलान् इति शान्त उपासीत"— देखिएको यो सबै विश्व ब्रह्म हो, ब्रह्मबाट विश्वको सृष्टि भएको छ, ब्रह्ममा लीन हुनेछ र ब्रह्मद्वारा रक्षित छ, यो सम्झेर शान्त भई ब्रह्मको

उपासना गर ।' यस श्रुतिमा ब्रह्म नै जानिछ । तथा मनोमयत्वादि धर्मविशिष्ट रूपले ब्रह्मकै उपासनाको उपदेश दिइएको छ । अन्यथा "सर्वत्र प्रसिद्धोपदेशात्"– 'समस्त वेदान्तग्रन्थहरूमा कल्पित गुणको उपदेश हुनाले' यस सूत्रको यस्तो अर्थ गर्दा ब्रह्मको सिद्धि नै हुँदैन । 'यो सम्पूर्ण विश्व ब्रह्म हो' यस श्रुतिले ब्रह्मको अभाव जनाउँछ, यसो पनि भन्न सकिंदैन । किन कि ब्रह्मको अभाव नै उक्त श्रुतिले जनाउँछ भन्दा 'उहाँबाट जात, उहाँमा स्थित र उहाँमा लीन हुनेछ', उपासनाको हेतु जनाउने परवर्ती श्रुतिसँग विरोध उपस्थित हुनेछ । 'यी सबै ब्रह्म हुन्' यस श्रुतिद्वारा जगत् ब्रह्मको आभास हो भन्ने जानियो । त्यस कारण यो श्रुति जगत्को मिथ्यात्वप्रतिपादक विधि हो भन्दा 'त्यसले क्रतु गर्नू' यो सगुण उपासनाको विधि निरर्थक भइहाल्दछ । किन कि अद्वैतमतानुसार ब्रह्म निर्विशेष ज्ञान मात्र हुनाले उहाँको प्राप्तिको निमित्त सगुण उपासनाको विधि सङ्गत हुँदैन । 'शब्दहीन, स्पर्शहीन' इत्यादि श्रुतिवाक्यहरू ब्रह्मको निर्गुणता-ज्ञापक होइन । किन्तु भूत र भौतिक पदार्थदेखि विलक्षण रूपले ब्रह्मको प्रतिपादन गर्नु नै यी श्रुतिहरूको उद्देश्य हो । त्यस कारण यी श्रुतिवाक्यहरूको सगुण उपासनाको विधिसँग विरोध छैन । 'जुन ईश्वरमा सत्त्वादि प्राकृत गुणहरू छैनन्' (विष्णुपुराण) इत्यादि स्मृतिवाक्यद्वारा पनि ब्रह्ममा भूत र भौतिक गुणकै निषेध गरिएको छ ।

पूर्वपक्ष– 'ब्रह्म शब्दहीन स्पर्शहीन हुनुहुन्छ' इत्यादि वाक्यद्वारा गन्ध-रसादिको निषेध गरिएको छ त्यस्तै "सर्वगन्धः

सर्वंरस:" इत्यादि श्रुतिद्वारा सबै गन्ध-रसको विधान पनि दिइएको छ। एउटै वस्तुमा गुणको सत्ता र त्यसको अभाव हुन सक्तैनन्, त्यस कारण विषयभेदद्वारा विरोधको परिहार गर्नुपर्दछ। अतः कार्यब्रह्म (अद्वैतमतानुसार ईश्वर प्रभृति)को बारेमा मनोमयत्वादि गुणहरू र शुद्ध ब्रह्मको बारेमा शब्दहीनता प्रभृति धर्महरू जान्नुपर्दछ।

उत्तरपक्ष– यो पनि असङ्गत हो। किन कि "पतिं विश्वस्यात्मेश्वरम् तद्विश्वमुपजीवति"– 'यो सम्पूर्ण विश्व पुरुष (ब्रह्म) हो, उहाँलाई आश्रय गरेर विश्व जीवित छ।' "पतिं विश्वस्यात्मेश्वरं शाश्वतं शिवमच्युतम्"– ब्रह्म विश्वको पालक, आत्मेश्वर (जीवात्माको ईश्वर) शाश्वत, मङ्गलमय र च्युतिरहित हुनुहुन्छ।' "यमन्तः समुद्रे कवयोवयन्ति"— जसलाई समुद्रको बीचमा (क्षीरसागरमा) ज्ञानीहरू जान्दछन्', "न तस्येशे कश्चन"– 'उहाँको ईश्वर कोही छैन', "तस्य नाम महद्यशः"— 'उहाँ अत्यन्त यशस्वी हुनुहुन्छ', "परात्परं महतो महान्तम्"– उहाँ श्रेष्ठभन्दा श्रेष्ठ र महत्भन्दा महत् हुनुहुन्छ', "परं हि पुण्डरीकाक्षान्न भूतो न भविष्यति"– पुण्डरीकाक्षभन्दा श्रेष्ठ अघि पनि भएको थिएन, पछि पनि हुनेछैन, वाराहे "नारायणात् परोदेवो न भूतो न भविष्यति"– नारायणभन्दा श्रेष्ठ देवता भएको छैन, पछि पनि हुनेछैन', ब्राह्मे "न हि विष्णुसमा काचिद्गतिरन्याभिधीयते"– 'विष्णुको समान अन्य गति उक्त भएको छैन।' श्वेताश्वतर उपनिषद्मा यस्तो छ– "स विश्वकृद्विश्वविदात्मयोनिर्ज्ञः कालकालो गुणी सर्वविद्यः।

पधानक्षेत्रज्ञपतिर्गुणेशः । संसारबन्धस्थितिमोक्षहेतुः एको देवः सर्वभूतेषु गूढः सर्वव्यापी सर्वभूतान्तरात्मा । कर्माध्यक्षः सर्वभूताधिवासः साक्षी चेता केवलो निर्गुणश्च ॥"– 'उहाँ विश्वकर्मा, विश्वविद् आत्मयोनि (आफैं आफ्नो कारण), कालको पनि काल, गुणवान्, सर्ववित्, प्रकृति जीवात्मा र त्रिगुणको ईश्वर तथा संसारको बन्धन, स्थिति र मोक्षको हेतु हुनुहुन्छ ।' 'उनै देवता एक जना हुनुहुन्छ, उहाँ सर्वभूतहरूमा गूढ रूपले अवस्थित, सर्वव्यापी, सर्वभूतको अन्तर्यामी, सर्वकर्माधिष्ठाता, सर्वभूतको आश्रय, साक्षी, चैतन्यमय, केवल र निर्गुण हुनुहुन्छ ।' "सगुणो निर्गुणो विष्णुर्ज्ञानगम्यो ह्यसौ स्मृतः", "नहि तस्यगुणाः सर्वे सर्वैर्मुनिगणैरपि । वक्तुं शक्या वियुक्तस्य सत्वाद्यैरखिलैर्गुणैः", "एष आत्मापहतपाप्मा" (छा. ८।१।५), "परास्य शक्तिर्विविधैव श्रूयते ।" (श्वेताश्व. ६।८) "तत्त्वं नारायणः पर ।"— 'सगुण र निर्गुण विष्णु ज्ञानगम्य (ज्ञानले जानिन) हुनुहुन्छ', 'समस्त मुनिहरू मिलेर पनि सत्त्वादि समस्त गुणरहित विष्णुका गुणहरूको वर्णन गर्न सक्तैनन्', 'उनै परमात्मा पापरहित (कर्मबन्धनरहित)', 'उहाँका ज्ञान, बल, क्रिया इत्यादि नाना पराशक्तिहरू सुनिन्छन्', 'नारायण नै परतत्त्व हुनुहुन्छ' इत्यादि श्रुति-स्मृतिद्वारा एक मात्र नारायण नै परमतत्त्व, समस्त कल्याण गुणहरूको आधार हुनाले सगुण र प्राकृत हेयगुणरहित हुनाले निर्गुण हुनुहुन्छ । यस प्रकारले विषयभेदको वर्णन हुनाले एक जना ब्रह्मको बारेमा सबै सङ्गत हुन् । अतः ब्रह्मको विविधत्व कुनै प्रकारले भन्न सकिंदैन यही हो निश्चित

सिद्धान्त । अर्थात् माया उपाधियुक्त ब्रह्म ईश्वर हुनुहुन्छ तथा सर्व उपाधिरहित ब्रह्म शुद्ध ब्रह्म हुनुहुन्छ र ब्रह्म नै अविद्याग्रस्त भएर जीव हुनुभएको छ, जीव पनि ब्रह्म नै हो, यस प्रकारले धेरै थरीको ब्रह्मको वर्णन बिलकुल शास्त्रविरुद्ध हो ।

वेदान्ततत्त्वसारः सानुवादः सम्पूर्णः ।

गर्नुहुन्छ र अर्को (जीव) मायाद्वारा त्यसमा बद्ध हुन्छ।' ईश्वरको सूक्ष्म रूपले अवस्थानको बारेमा पनि श्रुतिवाक्य छ, यथा "अन्तःप्रविष्टः शास्ता जनानां सर्वात्मा"— 'सर्वात्मा (परमात्मा) सबै जीवहरूको अन्तरमा प्रविष्ट भएर शासन गर्नुहुन्छ।' जीव र ईश्वर एक हुनुहुन्छ भने आफूले आफूलाई शासन गर्दछ भन्नुपर्‍यो र त्यसो भन्दा अग्नि आफूलाई जलाउँछ भन्ने वाक्य जस्तै अत्यन्त असङ्गत हुन जान्छ। किंच "एष एवासाधुकर्म कारयतितं यमधोनिनीषति"— (छान्दोग्य)— 'ईश्वरले जसलाई अधोगति दिन इच्छा गर्नुहुन्छ त्यसद्वारा असाधु कर्म गराउनुहुन्छ।' यी वाक्यहरूद्वारा ईश्वर नै जीवको कार्यको परिचालक हुनुहुन्छ भन्ने जानियो। ब्रह्म र जीव अभिन्न हुन् भने सर्वज्ञ र सर्वशक्तिमान् भएर पनि ब्रह्म आफ्नो नरकभोगको उपयोगी कर्मको परिचालक हुनुहुन्छ तथा पापकर्मलाई निवारण गर्न समर्थ भएर पनि पापकर्मको प्रवर्तक हुनुहुन्छ भन्नुपर्‍यो। यी विषयहरू युक्ति र अनुभवको नितान्त विरुद्ध हुन्।

पूर्वपक्ष— जीव र ब्रह्मको भेद अज्ञानकृत हो र भेद-प्रतिपादक श्रुतिहरू पनि अज्ञानकृत भेदको प्रतिपादक हुन्।

उत्तरपक्ष— तैपनि अज्ञान जीवको हो भने पूर्वोक्त दोष र यसको फल त्यस्तै रहिरहन्छन्। अज्ञान ब्रह्मको हो भने अज्ञानको साक्षी हुनु र जगत्सृष्टि गर्नु ब्रह्मलाई असम्भव भइहाल्दछन्।

पूर्वपक्ष— अज्ञानद्वारा प्रकाशको (ब्रह्मको प्रकाशको)

तिरोधान (आच्छादन) मात्र हुन्छ ।

उत्तरपक्ष– तापनि अज्ञानद्वारा प्रकाशको निवृत्ति हुन्छ भने ब्रह्मस्वरूपकै नाश हुन्छ किन कि अद्वैतमतमा प्रकाश नै ब्रह्मको स्वरूप हो । व्यासजीले ब्रह्मसूत्रमा लेख्नुभयो– "अधिकन्तु भेदनिर्देशात्" (२।१।२२) । यस सूत्रको अर्थ यस्तो छ–सूत्रमध्ये तु शब्दद्वारा विपक्षको शंकाको (अभेदको) निषेध गरिएको छ । ब्रह्म आध्यात्मिकादि दुःखभोगको योग्य जीवात्मादेखि अधिक अर्थात् भिन्न पदार्थ हुनुहुन्छ । किन कि श्रुतिवाक्यहरूमा भेदको निर्देश छ । यथा "य आत्मनि तिष्ठन्नात्मनोऽन्तरो यमात्मा न वेद यस्यात्मा शरीरं य आत्मनोऽन्तरो यमयति स आत्मान्तर्याम्यमृतः"– 'जो आत्मामा रहनुहुन्छ, जो आत्माभित्र रहनुहुन्छ, आत्मा जसलाई जान्दैन, आत्मा जसको शरीर हो, आत्माभित्र रहेर जसले आत्माको परिचालना गर्नुहुन्छ उहाँ नै अन्तर्यामी अमृतस्वरूप आत्मा (परमात्मा) हुनुहुन्छ।' "पृथगात्मानं प्रेरितारं च मत्वा जुष्टस्ततस्तेनामृतत्वमेति" (श्वेताश्व. १।६)– 'आत्मा (जीवात्मा) र त्यसको प्रेरकलाई (परमात्मालाई)— पृथक् जानेर जो परमात्माप्रति प्रीतिमान हुनुहुन्छ उहाँ नै परमात्माद्वारा अमृतत्व (मोक्ष) प्राप्त गर्नुहुन्छ।' "स कारणं करणाधिपाधिपः" (श्वेताश्व. ६।९) — 'उहाँ (ब्रह्म) सबैको कारण र इन्द्रियहरूको अधिपतिहरूको पनि (जीवात्माहरूको पनि) अधिपति हुनुहुन्छ।' "तयोरन्यः पिप्पलं स्वाद्वत्त्यनश्नन्नन्योऽभिचाकशीति" (श्वेताश्व. ४।६) — 'जीवात्मा र परमात्मा नामक दुई

पक्षीहरूमध्ये एक जना कर्मफललाई मधुर सम्झी उपभोग गर्दछ किन्तु अर्को (परमात्मा) केही उपभोग नगरेर अधिकतर प्रकाशमान हुनुहुन्छ', "ज्ञाज्ञौद्वावजावीशानीशौ" (श्वेताश्व. १।९)-परमात्मा र जीवात्मा दुवै जना जन्मरहित हुनुहुन्छ, परमात्मा सर्वज्ञ र जीवात्मा अज्ञ तथा परमात्मा ईश्वर हुनुहुन्छ र जीवात्मा अनीश्वर हो।' "अस्मान्मायीसृजते विश्वमेतत् तस्मिंश्चान्योमायया सन्निरुद्धः" (श्वेताश्व. ४।९)- मायी (मायाको अधिपति ब्रह्म) मायाबाट (प्रकृतिबाट) यो विश्वलाई सृष्टि गर्नुहुन्छ, अर्को (जीवात्मा) मायाद्वारा संसारमा बद्ध हुन्छ।' "नित्यो नित्यानाम्" (श्वेताश्व. ६।१६)- नित्य परमात्मा नित्य जीवात्माहरूका (सबै कामना पूरा गर्नुहुन्छ)" "योऽक्षरमन्तरे संचरन् यस्याक्षरः शरीरं यमक्षरोनवेद एष सर्वभूतान्तरात्मा अपहृतपाप्मा दिव्यो देव एको नारायणः"- 'जो अक्षर (जीवात्मा) भित्र रहनुहुन्छ, अक्षर जसको शरीर हो, अक्षरले जसलाई जान्दैन उनै सर्व जीवहरूको अन्तरात्मा, निष्पाप (कर्मबन्धनरहित) वैकुण्ठवासी प्रकाशमय अद्वितीय नारायण हुनुहुन्छ' इत्यादि यी श्रुतिहरू सब जीव र परमात्माको भेद नै जनाउँछन्। यस्तै सुषुप्तिकालमा पनि जीव र परमात्माको भेद नै कथित भएको छ। "प्राज्ञेनात्मना सम्परिष्वक्तो न बाह्यं किञ्चनवेद नान्तरम्' (सुबालोपनि०)- "परमात्माद्वारा आलिङ्गित जीवात्मा बाह्य र आन्तरिक कुनै विषय जान्दैन।' सुषुप्तिकालमा परमात्माको कृपाले जीवको समस्त श्रमनाश भएर बाह्य र आन्तरिक ज्ञानलोप हुन्छ

यति मात्र हो। किन्तु त्यस बखत अज्ञ जीवात्माको सर्वज्ञ परमात्मासँग एकत्व सम्भव हुँदैन। "सता सौम्य तदा सम्पन्नो भवति स्वमपीतो भवति"—हे सौम्य, त्यस बखत सत् शब्दवाच्य परमात्मासँग जीव मिलित हुन्छ, स्वम् अपिइतः भवति 'परमात्मालाई पनि प्राप्त गर्दछ।' यस श्रुतिवाक्यमा पनि जीव र परमात्माको स्वरूपको ऐक्य कथित भएको छैन किन्तु सुषुप्तिकालमा नाम र रूपको अनुसन्धान (चिन्तन) नहुनाले प्रलयकालमा जस्तै ब्रह्ममा जीवको लय कथित भएको छ। यहाँ स्व शब्द परमात्माको वाचक हो, जीवको वाचक होइन। किन कि आफूमा आफ्नो लय असम्भव हो। "सता सौम्य तदा सम्पन्नो भवति"— 'हे सौम्य त्यस बखत सत् भन्ने परमात्मासँग जीवात्मा सम्पन्न हुन्छ।' यहाँ सम्पन्न शब्दको परिष्वङ्ग शब्दको एकार्थ हुनाले जीव र परमात्माको स्वरूपको ऐक्य भन्ने अर्थ हुन सक्तैन। "विवक्षित गुणोपपत्तेश्च" (ब्र. सू. १।२।२), "अनुपपत्तेस्तु न शरीरः" (ब्र. सू. १।२।३) यी सूत्रहरूमा व्यासजीले लेख्नुभयो कि वक्ष्यमाण गुणहरू परमात्मामै सङ्गत हुन्छन् अर्थात् यी गुणहरू परमात्माकै हुन्, जीवात्माका गुणहरू होइनन्। ती गुणहरू निम्नोक्त प्रकार छन् यथा "मनोमयः, प्राणशरीरोभारूपः सत्यसङ्कल्प आकाशात्मा सर्वकर्मा सर्वकामः सर्वगन्धः सर्वरसः सर्वभिदमभ्यात्तोऽवाक्यनादरः"— 'मनोमय (विशुद्ध मनद्वारा प्राप्त गरिन योग्य), प्राण-शरीर (प्राण शब्दवाच्य जीव उहाँको शरीर हो), भारूप (ज्योतिर्मय) सत्य सङ्कल्प, आकाशात्मा (आकाश जस्तै निर्मल), सर्वकर्मा, सर्वकाम, सर्वगन्ध (सबै गन्धहरूको समष्टि),

सर्वरस (सबै रसहरूको समष्टि स्वरूप), सर्वव्यापी, अवाकी (वैकुण्ठमा कसैसँग नबोल्ने) अनादर (कुनै पदार्थलाई आदर नगर्ने)। "सक्रतुं कुर्वीत"— 'जीवले क्रतु गरोस्' यस श्रुतिद्वारा जीवले उपासना गर्नुपर्दछ भन्ने विधान दिइएको छ। मनोमयः प्राणशरीरः इत्यादि श्रुति उक्त उपासनाविधिकै अन्तर्गत गौण विधि हो। ब्रह्ममा गुण नभए तापनि उपासनाको निमित्त मनोमयत्वादि गुणहरूको कल्पना गरेर उहाँको उपासना गर्नुपर्दछ। जस्तो "मनो ब्रह्मेत्युपासीत"— 'मनलाई ब्रह्म सम्झेर उपासना गर्नुपर्दछ।' इत्यादि स्थलमा मन इत्यादि वस्तुहरूमा ब्रह्मको कल्पना गरेर उपासनाको विधि छ। अन्यथा उक्त गुणहरू ब्रह्ममा वस्तुतः छ भन्ने स्वीकार गर्दा 'उहाँ (ब्रह्म) शब्दहीन स्पर्शहीन हुनुहुन्छ' इत्यादि निर्गुणत्वप्रतिपादक श्रुतिसँग विरोध उपस्थित हुन्छ। त्यस कारण मनोमयत्वादि गुणहरू पारमार्थिक होइनन्। यो कथन ठीक होइन। किन कि त्यसो हुनाले मनोमयत्वादि गुणयुक्त वस्तु अवश्यै परमात्मा हुनुहुन्छ किन कि 'मनोमयत्वादि जुन गुणहरू ब्रह्मकै गुण हुन् भन्ने वेदान्त-शास्त्रमा सर्वत्र प्रसिद्ध छन् यहाँ पनि त्यै धर्महरूकै उपदेश छ।' यस प्रकारले "सर्वत्र प्रसिद्धोपदेशात्" (ब्र.सू.१।२।१) यस सूत्रसँग विरोध उपस्थित हुनेछ। वेदान्तशास्त्रहरूमा ब्रह्म सर्वत्र प्रसिद्ध हुनुहुन्छ। यहाँ पनि वाक्यको आरम्भमा 'सर्वं खल्विदं ब्रह्म तज्जलान् इति शान्त उपासीत"— देखिएको यो सबै विश्व ब्रह्म हो, ब्रह्मबाट विश्वको सृष्टि भएको छ, ब्रह्ममा लीन हुनेछ र ब्रह्मद्वारा रक्षित छ, यो सम्झेर शान्त भई ब्रह्मको

उपासना गर ।' यस श्रुतिमा ब्रह्म नै जानिछ । तथा मनोमयत्वादि धर्मविशिष्ट रूपले ब्रह्मकै उपासनाको उपदेश दिइएको छ । अन्यथा "सर्वत्र प्रसिद्धोपदेशात्"– 'समस्त वेदान्तग्रन्थहरूमा कल्पित गुणको उपदेश हुनाले' यस सूत्रको यस्तो अर्थ गर्दा ब्रह्मको सिद्धि नै हुँदैन । 'यो सम्पूर्ण विश्व ब्रह्म हो' यस श्रुतिले ब्रह्मको अभाव जनाउँछ, यसो पनि भन्न सकिँदैन । किन कि ब्रह्मको अभाव नै उक्त श्रुतिले जनाउँछ भन्दा 'उहाँबाट जात, उहाँमा स्थित र उहाँमा लीन हुनेछ', उपासनाको हेतु जनाउने परवर्ती श्रुतिसँग विरोध उपस्थित हुनेछ । 'यी सबै ब्रह्म हुन्' यस श्रुतिद्वारा जगत् ब्रह्मको आभास हो भन्ने जानियो । त्यस कारण यो श्रुति जगत्को मिथ्यात्वप्रतिपादक विधि हो भन्दा 'त्यसले क्रतु गर्नू' यो सगुण उपासनाको विधि निरर्थक भइहाल्दछ । किन कि अद्वैतमतानुसार ब्रह्म निर्विशेष ज्ञान मात्र हुनाले उहाँको प्राप्तिको निमित्त सगुण उपासनाको विधि सङ्गत हुँदैन । 'शब्दहीन, स्पर्शहीन' इत्यादि श्रुतिवाक्यहरू ब्रह्मको निर्गुणता-ज्ञापक होइन । किन्तु भूत र भौतिक पदार्थदेखि विलक्षण रूपले ब्रह्मको प्रतिपादन गर्नु नै यी श्रुतिहरूको उद्देश्य हो । त्यस कारण यी श्रुतिवाक्यहरूको सगुण उपासनाको विधिसँग विरोध छैन । 'जुन ईश्वरमा सत्त्वादि प्राकृत गुणहरू छैनन्' (विष्णुपुराण) इत्यादि स्मृतिवाक्यद्वारा पनि ब्रह्ममा भूत र भौतिक गुणकै निषेध गरिएको छ ।

पूर्वपक्ष– 'ब्रह्म शब्दहीन स्पर्शहीन हुनुहुन्छ' इत्यादि वाक्यद्वारा गन्ध-रसादिको निषेध गरिएको छ त्यस्तै "सर्वगन्धः

सर्वरसः" इत्यादि श्रुतिद्वारा सबै गन्ध-रसको विधान पनि दिइएको छ। एउटै वस्तुमा गुणको सत्ता र त्यसको अभाव हुन सक्तैनन्, त्यस कारण विषयभेदद्वारा विरोधको परिहार गर्नुपर्दछ। अतः कार्यब्रह्म (अद्‌वैतमतानुसार ईश्वर प्रभृति)को बारेमा मनोमयत्वादि गुणहरू र शुद्ध ब्रह्मको बारेमा शब्दहीनता प्रभृति धर्महरू जान्नुपर्दछ।

उत्तरपक्ष– यो पनि असङ्गत हो। किन कि "पतिं विश्वस्यात्मेश्वरम् तद्‌विश्वमुपजीवति"– 'यो सम्पूर्ण विश्व पुरुष (ब्रह्म) हो, उहाँलाई आश्रय गरेर विश्व जीवित छ।' "पतिं विश्वस्यात्मेश्वरं शाश्वतं शिवमच्युतम्"– ब्रह्म विश्वको पालक, आत्मेश्वर (जीवात्माको ईश्वर) शाश्वत, मङ्गलमय र च्युतिरहित हुनुहुन्छ।' "यमन्तः समुद्रे कवयोवयन्ति"— जसलाई समुद्रको वीचमा (क्षीरसागरमा) ज्ञानीहरू जान्दछन्', "न तस्येशे कश्चन"– 'उहाँको ईश्वर कोही छैन', "तस्य नाम महद्यशः"— 'उहाँ अत्यन्त यशस्वी हुनुहुन्छ', "परात्परं महतो महान्तम्"– उहाँ श्रेष्ठभन्दा श्रेष्ठ र महत्‌भन्दा महत् हुनुहुन्छ', "परं हि पुण्डरीकाक्षान्न भूतो न भविष्यति"– पुण्डरीकाक्षभन्दा श्रेष्ठ अघि पनि भएको थिएन, पछि पनि हुनेछैन, वाराहे "नारायणात् परोदेवो न भूतो न भविष्यति"– नारायणभन्दा श्रेष्ठ देवता भएको छैन, पछि पनि हुनेछैन', ब्राह्मे "न हि विष्णुसमा काचिद्‌गतिरन्याभिधीयते"– 'विष्णुको समान अन्य गति उक्त भएको छैन।' श्वेताश्वतर उपनिषद्‌मा यस्तो छ– "स विश्वकृद्‌विश्वविदात्मयोनिर्ज्ञः कालकालो गुणी सर्वविद्यः।

पधानक्षेत्रज्ञपतिर्गुणेशः । संसारबन्धस्थितिमोक्षहेतुः एको देवः सर्वभूतेषु गूढः सर्वव्यापी सर्वभूतान्तरात्मा । कर्माध्यक्षः सर्वभूताधिवासः साक्षी चेता केवलो निर्गुणश्च ॥"– 'उहाँ विश्वकर्मा, विश्ववित् आत्मयोनि (आफै आफ्नो कारण), कालको पनि काल, गुणवान्, सर्ववित्, प्रकृति जीवात्मा र त्रिगुणको ईश्वर तथा संसारको बन्धन, स्थिति र मोक्षको हेतु हुनुहुन्छ।' 'उनै देवता एक जना हुनुहुन्छ, उहाँ सर्वभूतहरूमा गूढ रूपले अवस्थित, सर्वव्यापी, सर्वभूतको अन्तर्यामी, सर्वकर्माधिष्ठाता, सर्वभूतको आश्रय, साक्षी, चैतन्यमय, केवल र निर्गुण हुनुहुन्छ।' "सगुणो निर्गुणो विष्णुर्ज्ञानगम्यो ह्यसौ स्मृतः", "नहि तस्यगुणाः सर्वे सर्वैर्मुनिगणैरपि । वक्तुं शक्या वियुक्तस्य सत्वाद्यैरखिलैर्गुणैः", "एष आत्मापहतपाप्मा" (छा. ८।१।५), "परास्य शक्तिर्विविधैव श्रूयते ।" (श्वेताश्व. ६।८) "तत्त्वं नारायणः पर ।"— 'सगुण र निर्गुण विष्णु ज्ञानगम्य (ज्ञानले जानिन) हुनुहुन्छ', 'समस्त मुनिहरू मिलेर पनि सत्त्वादि समस्त गुणरहित विष्णुका गुणहरूको वर्णन गर्न सक्तैनन्', 'उनै परमात्मा पापरहित (कर्मबन्धनरहित)', 'उहाँका ज्ञान, बल, क्रिया इत्यादि नाना पराशक्तिहरू सुनिन्छन्', 'नारायण नै परतत्त्व हुनुहुन्छ' इत्यादि श्रुति-स्मृतिद्वारा एक मात्र नारायण नै परमतत्त्व, समस्त कल्याण गुणहरूको आधार हुनाले सगुण र प्राकृत हेयगुणरहित हुनाले निर्गुण हुनुहुन्छ । यस प्रकारले विषयभेदको वर्णन हुनाले एक जना ब्रह्मको बारेमा सबै सङ्गत हुन् । अतः ब्रह्मको विविधत्व कुनै प्रकारले भन्न सकिंदैन यही हो निश्चित

सिद्धान्त । अर्थात् माया उपाधियुक्त ब्रह्म ईश्वर हुनुहुन्छ तथा सर्व उपाधिरहित ब्रह्म शुद्ध ब्रह्म हुनुहुन्छ र ब्रह्म नै अविद्याग्रस्त भएर जीव हुनुभएको छ, जीव पनि ब्रह्म नै हो, यस प्रकारले धेरै थरीको ब्रह्मको वर्णन बिलकुल शास्त्रविरुद्ध हो ।

वेदान्ततत्त्वसारः सानुवादः सम्पूर्णः ।

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित
नयाँ पुस्तकहरूको मूल्य

१	एउटा आकारको बारेमा	—	रू. ६।२०
२	ईसपका कथाहरू	—	रू. ७।३०
३	नेपाली लोक-कथा	—	रू. ३९।४०
४	हिउँमा परेका डोबहरू	—	रू. ९।८०
५	Seven Poets	—	Rs. 10.25
६	नेपाली मूर्तिकलाको विकासक्रम	—	रू. ११।६०
७	फाउष्ट	—	रू. ८।६०
८	रामाङ्क नाटिका	—	रू. १५।१८
९	नेपाली लोक-कथा : केही अध्ययन	—	रू. ८।३५
१०	दर्शन समुच्चय	—	रू. ५।३५
११	वेदान्त-तत्त्वसार:	—	रू. ३।०५
१२	विश्व-रचनाबारे विभिन्न सिद्धान्त	—	रू. २।९०

मुद्रक— 'प्रज्ञा-मुद्रण', ने. रा. प्र. प्र. कमलादी, काठमाडौं ।